परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक **भागीरथी श्रेष्ठको उपन्यासकारिता** रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधकार्यको प्रयोजन त्रिभवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअर्न्तगत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको पाठ्यभार पूरा गर्ने रहेको छ ।

## १.३ विषय परिचय

लुम्बिनी अञ्चलअन्तर्गत गुल्मी जिल्लाको रिडी बजारमा वि.सं. २००५ भदौ १७ गते जन्मेकी भागीरथी श्रेष्ठ नेपाली साहित्यका क्षेत्रमा विशेष गरी आख्यान विधाका कथा र उपन्यासमा कलम चलाउने साहित्यकार हुन् । श्रेष्ठले वि.सं. २०३३ मा रिडी हाईस्कुलको वार्षिक मुखपत्र **रुरु** मा प्रकाशित 'प्रबल इच्छा' शीर्षक कथाबाट नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेकी छन् । साहित्यको आख्यान विधामा कलम चलाउने श्रेष्ठले मुख्य गरी कथा र उपन्यासमा सामाजिक विषयवस्तुलाई यथार्थरूपमा चित्रण गरेकी हुन् । उनले हालसम्म **क्रमशः** (२०४२), **विभ्रम** (२०५०), **मोहदंश** (२०४०), **रंगीन पोखरी** (२०५०), **भूमिगत** (२०६२) जस्ता पाँच वटा कथासङ्ग्रह प्रकाशित गरेकी छन् । त्यसैगरी उनका **मालती** (२०३४) र **यस्तो एउटा आकाश** (२०४६) गरी जम्मा दुईवटा उपन्यास प्रकाशित छन् ।

सामाजिक विषयवस्तुलाई आधार बनाएर कथा र उपन्यास लेख्ने श्रेष्ठका बारेमा फुटकर रूपमा समीक्षा टिप्पणी भएको पाइन्छ । उनको जीवनी व्यक्तित्व र कृतित्त्व पनि भइसकेको छ तर उनका उपन्यासहरूको अध्ययन अनुसन्धान हुन सकेको देखिँदैन । अतः श्रेष्ठको उपन्यासकारिताको अध्ययन गर्नु प्रस्तुत शोधकार्यको मुख्य विषय रहेको छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यका कथा र उपन्यासमा सामाजिक यथार्थवादी जीवनदृष्टि फिजाएर कलम चलाउने साहित्यकारका रूपमा भागीरथी श्रेष्ठलाई लिन सकिन्छ । सामाजिक क्षेत्रमा

सक्रिय रहँदा-रहँदै पनि साहित्यको क्षेत्रमा अझ बढी विशिष्टता हासिल गर्न सफल उनी सामाजिक यथार्थवादी साहित्यकारका रूपमा ख्याति कमाउन सफल भएकी छन् । वि.सं.२०२३ देखि साहित्यको क्षेत्रमा निरन्तर आफ्नो कलम चलाउने श्रेष्ठले हालसम्म पाँचवटा कथासङ्ग्रहरू, दुईवटा उपन्यासका साथै पत्र-पत्रिकामा थुप्रै फुटकर लेखरचनाहरू पाठकसामु टक्र्याउन सफल भएकी छन् । यही परिप्रेक्ष्यमा उनको उपन्यासकारिताको अध्ययन गर्ने प्रस्तुत शोधकार्यको लक्ष्यअनुसार **भागीरथी श्रेष्ठको उपन्यासकारिता** शीर्षकभित्र निम्नलिखित समस्याहरू रहेका छन् :

(क) भागीरथी श्रेष्ठको जीवनी व्यक्तित्वको सङ्क्षिप्त रूप के-कस्तो रहेको छ ?

(ख) उपन्यास सिद्धान्त र नेपाली उपन्यासको विकासक्रम के-कस्तो रहेको छ ?साथै त्यसमा भागीरथी श्रेष्ठको आगमन र स्थान के-कस्तो रहेको छ ?

(ग) भागीरथी श्रेष्ठका उपन्यासहरू औपन्यासिक तत्त्व र प्रवृत्तिका आधारमा के-कस्ता रहेका छन् ?

(घ) श्रेष्ठका औपन्यासिक प्रवृत्तिहरू के-कस्ता रहेका छन् ?

## १.५ शोधकार्यको उद्देश्य

साहित्यको विशेष गरी आख्यान विधामा कलम चलाउने श्रेष्ठ सामाजिक यथार्थवादी साहित्यकारका रूपमा स्थापित भइसकेकी छन् । साहित्यिक, व्यक्तित्वका साथै सामाजिक शिक्षक प्रशासक, सम्पादकजस्ता विभिन्न व्यक्तित्वकी धनी श्रेष्ठको उपन्यासकारिताको अध्ययन गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । यसै सन्दर्भमा यस शोधकार्यका निम्नलिखित उद्देश्यहरू छन् :

(क) भागीरथी श्रेष्ठको जीवनी व्यक्तित्वको सङ्क्षिप्त रूप के-कस्तो रहेको छ भन्ने कुराको निरूपण गर्नु,

(ख) उपन्यास सिद्धान्त र नेपाली उपन्यासको विकासक्रम के-कस्तो छ ? साथै त्यसमा भागीरथी श्रेष्ठको आगमन र स्थान के-कस्तो रहेको छ भन्ने कुराको निरूपण गर्नु,

(ग) श्रेष्ठका उपन्यासहरूको औपन्यासिक तत्त्व र प्रवृत्तिका आधारमा विश्लेषण गर्नु,

(घ) श्रेष्ठका औपन्यासिक प्रवृत्तिको निरूपण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

भागीरथी श्रेष्ठले नेपाली साहित्यमा वि.सं. २०३४ बाट उपन्यास लेखेकी छन् । उनले हालसम्म पनि उपन्यास लेखनलाई निरन्तरता दिएको पाइन्छ । उनका उपन्यासका

बारेमा केही विद्वान् तथा समालोचकहरूले परिचयात्मक रूपमा सामान्य जानकारीमूलक टिप्पणी गरे पनि उपन्यासका बारेमा विस्तृत र सुव्यवस्थित रूपमा अनुसन्धान भने भएको पाँइदैन । यिनका उपन्यासका बारेमा जे-जति अध्ययन विश्लेषण भएको छ, त्यो केवल परिचयात्मक रूपमा मात्र भएको देखिन्छ । यसै क्रममा उनका उपन्याससम्बन्धी भएका पूर्वकार्यको विवरण कालक्रमिक रूपमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

दुर्गाप्रसाद श्रेष्ठले **गोरखापत्र** (वर्ष १०, अङ्क १८, २०३४, पृ. १५) मा “नयाँकृति” शीर्षकको लेखमा **मालती** उपन्यासलाई पठनीय र सुधारवादी कृतिका रूपमा चिनाएका छन् ।

दुर्गाप्रसाद श्रेष्ठले **सुरमा सरोवर साप्ताहिक** (वर्ष १, अङ्क २७, २०३४, पृ. १५) मा “पुस्तक परिचय” शीर्षकमा भागीरथी श्रेष्ठ प्रथम सामाजिक महिला उपन्यासकारका रुपमा लिँदै त्यसमा पनि नारी चरित्रलाई विशेष जोड दिई लेख्ने उपन्यासकारका रूपमा चिनाउने प्रयास गरेका छन् ।

रामचन्द्र भट्टराईले **समीक्षा** पत्रिका (वर्ष १८, अङ्क १०, सन् १९७७, पृष्ठ १०) मा “मालती समाजिक उपन्यास” शीर्षकमा मालती उपन्यासको मूल्याङ्कन र उपन्यास बौद्धिक चारित्रिक पृष्ठभूमिलाई हृदयंगम् गरेर मात्र मनासिव ठहर्ला भनी चर्चा गरेका छन् ।

सान्दाइले **हाम्रो पुरुषार्थ** (वर्ष ९, अङ्क १२, २०३९, पृ. ११७) “मालती उपन्यास सर्सर्ती हेर्दा” शीर्षकमा भागीरथी श्रेष्ठ लुम्बिनी अञ्चलकै महिला साहित्यकारमध्ये उनको नाम अगाडि आउँछ भनी चर्चा गरेका छन् ।

विजयबहादुर मल्लले **यस्तो एउटा आकाश**को प्रकाशकीय भूमिकामा भागीरथी श्रेष्ठ नारी मनोविश्लेषण गर्ने उपन्यासकारका रूपमा सन्तुलित नारी लेखिकाको रूपमा चिनाउने प्रयास गरेका छन् ।

सीता पाण्डेले **अभिव्यक्ति** (वर्ष २२, पूर्णाङ्क ६२, शरद अङ्क २०४७, पृ. ३१) मा “यस्तो एउटा आकाश भित्र भागीरथी श्रेष्ठ” शीर्षकको लेखमा यस्ता एउटा आकाश उपन्यास विशुद्ध सामाजिक पारिवारिक उपन्यास हो, भनी टिप्पणी गरेकी छन् ।

घटराज भट्टराईले **साप्ताहिक विमर्श** (वर्ष १९, अङ्क ५०,२०४७, पृ. ५) मा “यस्तो एउटा आकाश नारी मानसिकताको सुन्दर नमुना” शीर्षकमा नेपाली उपन्यास लेखनमा भागीरथी श्रेष्ठलाई भागीरथी गंगासँग तुलना गरेका छन् ।

डा. तारानाथ शर्माले **मधुपर्क** (वर्ष २३, पूर्णाङ्क १७५, अङ्क ६, २०४७, पृ. ४१) मा "नारी हृदयको आकाश" शीर्षकको लेखमा **यस्तो एउटा आकाश** उपन्यास मनोविश्लेषणात्मक अध्ययन भएको व्यख्या गरेका छन् ।

सानुराज श्रेष्ठ अञ्जानले **महिमा साप्ताहिक** (वर्ष ९, अङ्क ४७, २०४८, पृ. २) मा "यस्तो एउटा आकाशलाई नियाल्दा" शीर्षकमा भागीरथी श्रेष्ठलाई उपन्यास क्षेत्रमा नारी आदर्शका पक्षमा विषय बनाएर उपन्यास लेख्ने उपन्यासकारका रूपमा चिनाउने कोशिस गरेका छन् ।

सीता पाण्डेले **नवरस साप्ताहिक** (वर्ष ८, अङ्क ३८, भाद्र २०४७, पृ. १०) मा "भागीरथी श्रेष्ठ र यस्तो एउटा आकाश" शीर्षकमा भागीरथी श्रेष्ठलाई सफल सामाजिक उपन्यासकारका रूपमा चर्चा गरेकी छन् ।

परशु प्रधानले **अभिव्यक्ति** (वर्ष २२, पूर्णङ्क ६५, अङ्क ७, २०४८, पृ. ३३) "केही क्षण केही अनुहार" शीर्षकमा भागीरथी श्रेष्ठ एक दशकमै परिचित स्थानिक नारी साहित्यकारका रूपमा देखिएकी र यिनका उपन्यासमा नेपाली घरपरिवारको चित्रण पाइन्छ भन्ने विचार व्यक्त गरेका छन् ।

हीरामणि शर्मा पौड्यालले **समालोचनाको बाटो**मा (२०४९) पुस्तकमा **मालती** उपन्यास नारी समस्यामूलक सामाजिक उपन्यास भएको बताउँदै यसमा प्रगतिवादी चिन्तनमा उपन्यास लेखिकाको सामान्य आस्था प्रकट भए पनि उपन्यास प्रगतिवादी वैचारिक धरातल चाहिं खास मजबुत बन्न सकेको छैन भन्ने विचार व्यक्त गरेका छन् ।

हेमकुमार गौतमले **भागीरथी श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्त्व** (अप्रकाशित शोधपत्र २०५१ कीर्तिपुर) मा स्नातकोत्तर शोधपत्रमा उनका **मालती** (२०३४) र **यस्तो एउटा आकाश** (२०४६) उपन्यासका विश्लेषण गर्ने क्रममा यी दुबै उपन्यास सामाजिक हुँदा-हुँदै पनि **मालती** उपन्यासमा केही मात्र प्रगतिवादी चेतना र **यस्तो एउटा आकाश**मा मनोविश्लेषणात्मक दृष्टिले केही सबल छ भन्ने विचार व्यक्त गरेका छन् । गौतमले भागीरथी श्रेष्ठद्वारा रचित **मालती** (२०३४) उपन्यासमा घटित घटनाहरू नियाल्दा उपन्यासकार भागीरथी श्रेष्ठमा एकातिर स्वदेश र स्वजातप्रतिको मोह रहेको देखिन्छ भने अर्कातिर जात-भातको अन्धविश्वासप्रति उनको तीव्र विरोध रहेको पनि स्पष्ट देखिन्छ भनेका छन् ।

यसरी विभिन्न विद्वान् तथा समालोचकहरूले श्रेष्ठका उपन्यासका बारेमा परिचयात्मक रूपमा सामान्य जानकारी गराए पनि उनका उपन्यासका बारेमा विस्तृत

व्याख्या, विश्लेषण र मूल्याङ्कन भएको देखिँदैन । त्यसैले उनका उपन्यासका बारेमा यस शोधकार्यमा विस्तृत विश्लेषण एवम् मूल्याङ्कन गरिएको छ ।

## १.७ अध्ययनको औचित्य र महत्त्व

यो शोधकार्यमा भागीरथी श्रेष्ठका उपन्यासहरूको अध्ययनमा केन्द्रित भई उनका उपन्यासहरूको विस्तृत, वैज्ञानिक एवम् सुव्यवस्थित रूपमा विश्लेषण र मूल्याङ्कन गरिएको छ । भावी पिढीलाई उनका उपन्यासका बारेमा र उनका प्रवृत्तिसम्बन्धी वस्तुगत एवम् प्रामाणिक जानकारी उपलब्ध हुने छ । श्रेष्ठको उपन्यासकारिता सम्बन्धी जान्न चाहने व्यक्ति तथा संघ-संस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यावहारिक रूपमा तथ्य प्रस्तुत गरिने भएकाले अनुसन्धान क्षेत्रमा यसको महत्त्व रहेको छ । यसले नेपाली साहित्यको उपन्यास विधामा श्रेष्ठको स्थान निर्धारण गर्न सहयोग पुऱ्याउँछ । उपर्युक्त विविध दृष्टिकोण प्रस्तुत गर्नु शोधको औचित्य र महत्त्व रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

भागीरथी श्रेष्ठले नेपाली साहित्यका कथा, उपन्यास, निबन्ध, कविता विधामा कलम चलाएकी छन् । उनले यी विभिन्न विधामा कलम चलाए पनि प्रस्तुत शोधकार्यमा उनका उपन्यास विधालाई यस अध्ययनमा समेटिएको छ । उनका औपन्यासिक कृतिहरू **मालती** ( २०३४), **यस्तो एउटा आकाश** (२०४६) लाई औपन्यासिक तत्त्व र प्रवृत्तिका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रमा विशेष गरी सामग्री सङ्कनका लागि पुस्तकालयीय पद्धतिको प्रयोग भएको छ । यसका साथै शोधनायक एवम् उनका आफन्तसँग पनि आवश्यकताअनुसार अन्तर्वार्ताको प्रयोग भएको छ । उनलाई चिन्ने प्राध्यापक गुरुहरूसँग छलफल गरिएको छ । साथै विभिन्न विद्वान्का लेख-रचना, पुस्तक तथा पत्र-पत्रिकाहरूबाट सामग्री सङ्कलन गरिएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधकार्यमा सङ्कलित सामग्रीलाई विशेषगरी परम्परित पद्धतिको प्रयोग गरिएको छ । यसका साथै सङ्कलित सामग्रीको अवस्था हेरेर ऐतिहासिक, वर्णनात्मक, तुलनात्मक आदि विधिहरूको प्रयोग गरिएको छ ।

## १.११ शोधकार्यको रूपरेखा

प्रस्तुत शोधकार्यको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा तयार पार्न निम्नलिखित परिच्छेदहरूमा वर्गीकरण गरी अध्ययन गरिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय ।

दोस्रो परिच्छेद : उपन्यास सिद्धान्त र नेपाली उपन्यासको विकासक्रम

तेस्रो परिच्छेद : उपन्यासकार भागीरथी श्रेष्ठ

चौथो परिच्छेद : भागीरथी श्रेष्ठको उपन्यासको विश्लेषण

पाँचौं परिच्छेद : भागीरथी श्रेष्ठका औपन्यासिक प्रवृत्तिहरू

छैँठो परिच्छेद : उपसंहार ।

परिच्छेद दुई

# उपन्यास सिद्धान्त र नेपाली उपन्यासको विकासक्रम

## २.१ उपन्यासको व्युत्पत्ति

उपन्यासको व्युत्पत्ति पूर्वीय र पाश्चात्य साहित्यमा आ-आफ्नै किसिमले गरिएको पाइन्छ । उपन्यास शब्द 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग तथा 'धञ्' प्रत्यय अर्थात उप+नि+अस्+घञ् को संयोगबाट बनेको हो । उप भनेको नजिक र न्यास भनेको राख्नु हो । यसरी कुनै वस्तुलाई कसैको नजिक राख्नु नै उपन्यासको अर्थ हुन्छ । यसले जीवनको अनभूतिलाई यथार्थ रूपमा प्रस्तुत गर्दछ । यसमा जीवनका सामाजिक अनुभूतिलाई यथार्थ रूपमा प्रस्तुत गरिएको हुन्छ (बराल र एटम, २०४८: ३) ।

पूर्वीय साहित्यको इतिहासलाई अध्ययन गर्दै जाने हो भने उपन्यासको आधुनिक स्वरूप आधुनिक आर्यभाषामा साहित्य सृजना हुन थालेपछि मात्र विकास हुन थालेको देखिन्छ (सुवेदी, २०६४ : ४) ।

यसबाट संस्कृत साहित्यमा उपन्यास शब्दको प्रयोग विभिन्न अर्थमा गरिएको थाहा हुन्छ । सर्वप्रथम भरतमुनिले उपन्यासलाई नाटकको प्रतिमुख सन्धिको एक उपभेदका रूपमा लिएका छन् । (भट्टराई २०३९, ३३९) । पूर्वीय (संस्कृत) साहित्यमा उपन्यास शब्दको प्रयोग यी विभिन्न अर्थमा गरिए पनि यस शब्दले साहित्यिक विधालाई बुझाउन सकेको छैन ।

अङ्ग्रेजी साहित्यमा आज प्रचलित नोबेल Novel शब्द Latin भाषाको नोबोसबाट विकसित भएको मानिन्छ । सोही भाषाबाट विकसित नोबोस् शब्द फ्रान्समा नोबेल्ला (Novella) हुन पुग्यो र त्यसपछि यसलाई उपन्यासका अर्थमा प्रयोग गरेको पाइन्छ । नोबेला (Novella) शब्दलाई अचेल प्राविधिक अर्थमा उपन्यास भन्ने गरिन्छ । यसको सामान्य अर्थ केवल घटनालाई समाचारका रूपमा सम्प्रेषित गर्नु भन्ने हुन्छ । (प्रधान, २०६१: १७) । तर यसको अर्थगत प्रयोजन आज अर्को भएको छ - अथवा घटना, वस्तु, पात्र, परिवेश, कुतूहलता, द्वन्द्व प्रस्तुति विशेष समेतको आख्यानात्मक प्रतिपादनले उपन्यास भन्ने अर्थ दिन थालेको छ (सुवेदी, २०६४: ५) । उपन्यासमा जीवन र जगत्को आन्तरिक एवम् बाह्य संरचनाको कलात्मक ढङ्गले चित्रण गरिएको हुन्छ ।

उपन्यासको व्युत्पत्तिगत शाब्दिक अर्थ, पूर्वीय र पाश्चात्यमा संयुक्त रूपमा जसरी अर्थाए पनि यो एक आधुनिक सभ्यताको लोकप्रिय कलारूप हो । हामीले आफूमा शब्दको अर्थअनुसार र कथा-साहित्यको गौरवपूर्ण परम्पराभित्र यसलाई परिभाषित गर्न खोजे पनि

वास्तवमा उपन्यासको उद्‌भव र विकासको श्रेय युरोपलाई नै छ । (प्रधान २०६१, १६) । यो नेपाली साहित्यमा आख्यान विधाको उप विधाका रूपमा रहेको छ । उपन्यासले विश्व साहित्य तथा नेपाली साहित्यमा समेत आफ्नो छुट्टै पहिचान बोकेको छ ।

## २.२ उपन्यासको परिभाषा

प्राचीन साहित्यमा उपन्यासले कथा, कहानी, खिस्सा, टिप्पणीमूलक समाचार जे अर्थ बुझिए पनि आधुनिक साहित्यमा उपन्यास नयाँ विधा हो र त्यसको आफ्नो छुट्टै अर्थ हुन्छ । यसले जीवन र जगत्‌का यथार्थ वा काल्पनिक पक्षलाई समेटेको हुन्छ । त्यसमा जीवन र जगत्‌को आदि, मध्य र अन्त्यको क्रम मिलाउने कोशिस गरिएको हुन्छ । घटना, पात्र र परिवेश काल्पनिक वा यथार्थ जे भए पनि तिनका बारेमा व्याख्या, विश्लेषण गरिएको आख्यानात्मक कृति उपन्यास हो । यसमा घटना तथा उपघटनाहरू जोडिएका हुन्छन् । उपन्यासमा धेरै जसो मानवजीवनसँग सम्बद्ध भएर आउने पक्षलाई समावेश गरिएको हुन्छ । यसमा पुस्तौं पुस्ताका जीवनको व्याख्या समेत भएको हुन्छ । उपन्यासका बारेमा विद्वान्‌हरूले परिभाषा दिने क्रममा सबैको परिभाषा एकनासको छैन । विभिन्न विद्वान्‌हरूले भिन्न भिन्न ग्रन्थमा आ-आफ्नै किसिमले उपन्यासलाई परिभाषित गरेका छन् । पूर्वीय, पाश्चात्य र नेपाली विद्वान्‌हरूले उपन्यासको समीक्षा गर्दा उपन्यास आत्मानुभूतिको यथार्थ हो भनी परिभाषा दिएका छन् ।

आजसम्म प्रकाशित उपन्यासका आधारमा पाश्चात्य जगत्‌मा उपन्यासको परिभाषा दिने कोशिस गरेको पाइन्छ । त्यसैले पाश्चात्य समीक्षा साहित्यमा गरिएका उपन्यासको केही परिभाषाहरू यसप्रकार छन् ।

पाश्चात्य मुलकुमा उपन्यासलाई परिभाषित गर्ने क्रममा शब्दकोशको योगदान गहन देखिन्छ । यस्ता परिभाषालाई उद्धरण गरेर राख्न सकिन्छ । (सुवेदी २०६४: १०) । न्यू इङ्लिस डिक्सनेरीका अनुसार उपन्यास “बृहत् आकार भएको गद्याख्यान अथवा वृतान्त हो । जसअन्तर्गत वास्तविक जीवनको प्रतिनिधित्व गर्ने पात्र, चरित्र र कार्यको कथानकका आधारमा चित्रण गरिएको हुन्छ ।” (सुवेदी २०६४, ११) ।

क्याम्ब्रिज इन्साइक्लोपेडियाका अनुसार “उपन्यास (Novel) साहित्यको अठारौं शताब्दीपछिको गद्यात्मक आख्यानलाई बुझाउने अभिधात्मक शब्द हो । यसमा मानवजीवनको व्यापक पक्ष समेटिएको हुन्छ । उदाहरणका लागि रबिन्सन क्रुसो, टायजोन्सजस्ता बृहत उपन्यास र चार्ल्स डिकेन्स, बाल्जाक, जोला र दोस्तोएभस्की जस्ता स्रष्टाहरूका आख्यान रचना सफल उपन्यासहरू हुन्” (सुवेदी २०६४: ११) ।

द माइकल जेराफ सिवसज दि नोभव एण्ड सोसल रियलिटी “उपन्यास साहित्यको मानवीया घटनाहरूको समानान्तरमा ऐतिहासिक सूत्रलाई समेत ग्रहण गर्दै साधारण बोलचालको भाषाका माध्यमबाट सिर्जना हुने कला हो” (प्रधान, २०४०: २७) ।

राल्फ फक्स, दि नोभल एण्ड दि पिपलका अनुसार “उपन्यासमा आख्यान तत्त्वले नै प्रमुख भूमिका खेलेको हुँदा यसलाई वर्तमान अभिजात्य बुर्जुवा समाजको एक प्रतिनिधि आधुनिक गद्य महाकाव्य हो” भन्ने धारणा व्यक्त भएको पाइन्छ (प्रधान, २०४० : ३८) ।

यस्तै गरी उपन्यासको परिभाषा दिने क्रममा पूर्वीय शब्दकोशद्वारा पनि यथेष्ट प्रयास भएका छन् । यसैक्रममा हिन्दी साहित्य कोशमा प्रेमचन्द्रका अनुसार “म उपन्यासलाई मानवजीवनको चित्र मान्छु । मानव चरित्रमाथि प्रकाश पार्नु र जीवनका रहस्यलाई उद्घाटन गरिदिनु उपन्यासको मूल काम हो” (सुवेदी, २०६४ : ११) ।

डा. गोपाल रायका अनुसार उपन्यासको परिभाषा यस्तो पाइन्छ : “उपन्यासले कल्पनाका आधारमा एउटा संसार खडा गरिदिन्छ । कहिलेकाहीँ त उपन्यासमा यति सबल भ्रम प्राप्त हुन्छ हामी त्यसभित्रै हराएर सन्तोष प्राप्त गर्न पुग्छौँ” (सुवेदी, २०६४ : ११)।

वासुदेव त्रिपाठीका अनुसार “प्रथमतः उपन्यासले सामाजिक चरित्र वा मनोवैज्ञानिक रेखाङ्कनबाट तृप्तिको अनुभव गर्दैन कुनै शास्वत मानवीय मर्मको अविस्मरणीय कलात्मकता नै महान् पार्दछ” (प्रधान, २०४० : ४२) ।

इन्द्रबहादुर राईले **उपन्यासका आधारहरू** भन्ने समालोचनात्मक कृतिमा उपन्यासको परिभाषा यसरी दिएका छन् : “उपन्यास यथार्थमा मानवको भाषा, जीवनको उद्धार हो । साँचो उपन्यास जीवनको छाया नै हुन्छ । औ साँचो उपन्यास नै जीवनको मार्गदर्शक बन्दछ” (राई, २०५२ : ३९) ।

कृष्णचन्द्र सिंह प्रधानका अनुसार “उपन्यास जीवन र जगत्प्रति नै एक विहङ्गम दृष्टि हो जसलाई बुझ्ने केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त याथार्थिक हुन्छ । यथातथ्यको उद्घाटन मात्र नभएर यो एक सम्पूर्ण मनुष्य जीवित मनुष्यको संसार हो” (प्रधान, २०६१ : १) ।

राजेन्द्र सुवेदीका अनुसार “पूर्वापर तारम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ” (सुवेदी, २०६४ : १०) ।

यसरी पाश्चात्य, पूर्वीय तथा नेपाली विद्वान् वा समीक्षकहरूले उपन्यासलाई विभिन्न रूपमा परिभाषित गरेको पाइन्छ । उपन्यासका विभिन्न प्रविधि र प्रणालीद्वारा लेखिने एउटा

साहित्यिक विधा हो । यस उपर विभिन्न विद्वान्हरूद्वारा व्यक्त गरिएका धारणा तथा परिभाषामा पनि ऐक्य नभई अनैक्य देखा पर्दछन् (प्रधान २०४० : ३७) । उपन्यास निश्चित आकार भएको जीवन र जगत्प्रतिको विस्तृत अभिव्यक्ति हो । एउटा सिङ्गो संसार यसमा अटाएको हुन्छ । उपन्यासलाई जीवनको नवीन रस उत्पन्न गर्ने विधाका रूपमा लिने गरिन्छ । यसमा जीवनका काल्पनिक तथा यथार्थको चित्रण प्रस्तुत गरी जीवनका हरेक क्रियाकलापलाई प्रतिपादन गरिएको हुन्छ । यसमा वस्तु वा घटना तथा पात्र र परिवेशलाई प्रयोग गरिएको हुन्छ । यसमा घटनाहरू मानवीय जीवनसँग सम्बन्धित हुन्छन् ।

उपन्यासमा पात्रहरूको जीवनलाई यथार्थ रूपमा चित्रण गर्ने प्रयास भएको हुन्छ । घटना र पात्रअनुसारको परिवेशको प्रयोग गरिएको हुन्छ । यसमा समाजका जीवनमा आएका परम्परागत सांस्कृतिक पक्षहरू, चिन्तनपरम्परा र मान्यताका मापदण्डहरू उपन्यासमा समीकरण गरिएका हुन्छन् ।

## २.३ उपन्यासका तत्त्वहरू/उपकरणहरू

उपन्यास जीवन र जगत्को विस्तृत पक्ष र सम्बद्ध परिवेशको प्रस्तुति गर्ने आख्यानात्मक साहित्यिक विधा हो । यो आकारका हिसाबले महाकाव्यबाहेक अन्य विधाभन्दा बृहत् हुन्छ । यसैले यसको संरचना पनि केही भिन्न हुन्छ । हरेक साहित्यिक विधा निर्माण हुनको लागि केही आवश्यक अङ्ग हुन्छन् तिनलाई तत्त्व भनिन्छ । उपन्यास निर्माण हुनका लागि केही आवश्यक अङ्ग हुन्छन् । ती अङ्गहरूलाई तत्त्व भनिन्छ । कुनै-कुनै विद्वान्ले तत्त्वलाई उपकरण भन्ने गरेको पनि पाइन्छ । उपन्यासका तत्त्वका सम्बन्धमा समीक्षक वा विद्वान्हबीच एकमत पाँइदैन । तिनीहरूले उपन्यासका तत्त्व यति नै हुन भनेर किटान गर्न नसकेको अवस्था छ । तैपनि उपन्यास साहित्यको बृहत् विधा भएकाले र एउटा लामो जीवन, परिवेश र जीवनका अनन्त पक्षको उद्घाटन गर्ने अधिकांश समालोचकहरूबीच सहमति कायम हुन सक्ने आधारहरू पनि खडा भएको पाइन्छ । परम्परागत रूपमा उपन्यासका तत्त्व वा उपकरणहरू (१) कथानक/कथावस्तु (२) पात्र वा चरित्र (३) कथोपकथन वा संवाद (४) द्वन्द्व (५) पर्यावरण वा देशकाल वातावरण/परिवेश (६) उद्देश्य वा विचार (७) भाषाशैली हुन् तर आधुनिक उपन्यासका समालोचकहरूले अन्य तत्त्वहरू पनि हुने कुरा माथि जोड दिएको पाइन्छ । ती हुन्, दृष्टिबिन्दु, कौतूहल, विम्बप्रतीक, गति र लय आदि । यिनीहरूको सङ्क्षिप्त चर्चा यस प्रकार गर्न सकिन्छ :

### २.३.१ कथानक

विषयवस्तु, पात्र र क्रियाकलापको एकता नै कथानक हो । यसलाई कथावस्तु पनि भनिन्छ । स्रोतका दृष्टिले कथावस्तु विभिन्न किसिमका हुन सक्दछन् । उपन्यासको

कथावस्तुका रूपमा आउने विषय नै कथानक हो । यसको निर्माण जीवनले आत्मसात गरिरहेका वस्तु  र घटनाहरूलाई जोरजाम गर्ने प्रक्रियाबाट हुन्छ । पूरा इतिहास, इतिहास र समाजका संस्कृति, कला र विज्ञानका मान्छेका अन्त संरचना र बाह्य प्रवृत्तिका पक्षहरूलाई आवश्यकताअनुसार अथवा उपन्यासको उद्देश्यअनुसार प्रस्तुत गर्ने क्रियाबाट उपन्यासको कथानक निर्माण हुन्छ (सुवेदी, २०६० : १७, १८) । कथाले जस्तै उपन्यासले कथानकको अपेक्षा राखेको हुन्छ । कथावस्तु उपन्यासको कच्चा सामग्री हो । यसलाई सङ्गठित र परिष्कृत गरेर उपन्यासको रचना गरिन्छ । कथानकको प्रस्तुति र विस्तार उपन्यासको उद्देश्य वा विचार तथा पात्रसित घनिष्ट रूपमा गरिएको हुन्छ ।

उपन्यास कथावस्तु प्रस्तुतिका क्रममा देखा पर्ने घटनाहरूको व्यवस्थित कार्यकारण सम्बन्धद्वारा बाँधिएको हुन्छ । कथानकले उपन्यासलाई सबल र मूर्त बनाउँछ । कथानकविना उपन्यासको कल्पना पनि गर्न सकिँदैन । त्यसैले कथानक उपन्यासको आधारवस्तु हो । कथानकका माध्यमबाट उपन्यासकारले आफूले व्यक्त गर्न खोजेको जीवनदर्शन प्रस्तुत गरेको हुन्छ । यथार्थमा कथानक कथानकका सन्दर्भमा आउने आकस्मिक घटनाहरूको अनुक्रमात्मक व्यवस्थापन हो । घटना प्रधान उपन्यासमा त खासगरी यसकै प्रमुखता हुन्छ, आत्मास्वरूप अवस्थित हुन्छ (प्रधान, २०६१ : ७) । त्यसैले कथानक उपन्यासको आवश्यक तत्त्वमध्ये एक महत्त्वपूर्ण तत्त्व हो ।

### अ) कथानकको विकास

एरिस्टोलको कथावस्तुसम्बन्धी धारणालाई हेर्ने हो भने कथावस्तुको गठन प्रक्रियाका आधारमा कथानकलाई आदि, मध्य र अन्त्य गरी तीन भागमा वर्गीकरण गरेको पाइन्छ । कथावस्तुको आदि भागमा एउटा जटिल समस्याका साथ मूल घटनाक्रमको प्रारम्भिक प्रक्रिया आरम्भ हुन्छ । मध्य भागमा घटनाहरू अझ व्यापक र गतिशीलताका साथ फुल्दै-फैलँदै चरमोत्कर्षतिर उन्मुख भएका हुन्छन् । अन्त्य भागमा कथावस्तु साँघुरो हुँदै गएर अन्तिम परिणति प्राप्त हुन्छ (प्रधान, २०४० : ४७) ।

कथानकको विकासको क्रममा जर्मनेली समालोचक गुस्ताभ फुलुवर्ट फेट्रागले **टेक्निक अफ द ड्रामा** भन्ने पुस्तकमा यसको विकासको रूप निर्धारण गरेका छन् । उनले निम्नलिखित अवस्था हुने कुरा बताएका छन्  :

(क) आरम्भ : उपन्यासमा आरम्भको अवस्था भन्नाले पात्रहरूको परिचय र तिनले सामना गर्नुपर्ने परिस्थिति वा समस्याका बारेमा जानकारी गराउनु हो भन्ने बुझिन्छ ।

(ख) सङ्घर्षविकासः उपन्यासमा समस्या र परिस्थितिका कारण द्वन्द्व स्थिति सङ्घर्षविकास हो । सङ्कटावस्थाहरूको शृङ्खलाले गर्दा कथानक माथितिर बढ्न थाल्छ । जसले गर्दा कौतूहलताको जटिल स्थितिको सिर्जना पनि हुन थाल्छ ।

(ग) चरम : उपन्यासमा चरम भन्नाले सङ्कटावस्थाको शृङ्खलाले गर्दा कथानकको एउटा यस्तो मोड वा माथिल्लो बिन्दु आउँछ, जसले पात्रहरूलाई गम्भीर, महत्त्वपूर्ण र निर्णायक रूप प्रदान गर्छ । कथानकका घटनामा परिवर्तनका स्थिति ल्याएर पाठकको मानसिकतामा आन्दोलन मच्चाइदिन्छ । यही स्थिति नै चरम बिन्दु हो ।

(घ) सङ्घर्षह्रास : उपन्यासमा घटनाहरूको परिवर्तनले सङ्घर्ष कम हुँदै जान्छ र अनेकौं घटना तथा उपघटनाहरूलाई समेटेर थन्को लगाउन थालिन्छ । द्वन्द्व क्रियाको शृङ्खला पनि कमजोर हुँदै शिथिलताको स्थितिमा पुग्दछ । यसै अवस्थालाई उपन्यासमा सङ्घर्षह्रास भनिन्छ ।

(ङ) उपसंहार : यसमा पात्रहरूको सङ्घर्ष समापनको अवस्थामा पुगेपछि फलप्राप्ति हुन्छ । आरम्भको समस्याले समाधान पाई उपन्यासको कथानक टुङ्गिन्छ । यसलाई नै उपसंहार भनिन्छ ।

पूर्वीय सिद्धान्तअनुसार पनि कथानकलाई पाँच अवस्थामा विभाजन गरेको पाइन्छ जस्तै आरम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागम ।

यसरी कथानकलाई विकासका आधारमा पाँच किसिमबाट विभाजन गरेर हेर्ने कुरा पूर्वीय र पाश्चात्य दुवै क्षेत्रमा समानता पाइन्छ ।

कथानकको ढाँचालाई रैखिक र वृत्ताकारीय गरी दुई आधारमा वर्गीकरण गर्न सकिन्छ । त्यसैगरी कथानकलाई मुख्य र सहायक, सुसङ्गठित र अव्यवस्थित, सरल र संयुक्त जस्ता विभिन्न आधारमा पनि वर्गीकरण गरेको पाइन्छ ।

### आ) कथानकको वर्गीकरण

माथि जे जसरी भनिए पनि उपन्यासमा निहित कथानकका स्वरूपलाई आधार मानेर उपन्यासका कथानकलाई चार भागमा विभाजन गर्न सकिन्छ ।

(क) साहसिक उपन्यास

(ख) नाटकीय उपन्यास

(ग) घटनाप्रधान उपन्यास

(घ) चरित्रप्रधान उपन्यास

यी चारवटा संज्ञा दिएर उपन्यासलाई चार भागमा विभाजन गर्न सकिन्छ । तिनमा प्रस्तुतीकरणमा आ-आफ्नै किसिमका भिन्नताहरू रहेका हुन्छन् । तिनलाई क्रमशः प्रस्तुत गर्दै जानु उपयुक्त हुन्छ (सुवेदी : २०६४ : १९) ।

**(क) साहसिक उपन्यास**

साहसिक उपन्यासमा वस्तुलाई प्रस्तुतीकरण गर्न साहसिक ढाँचा अँगालिएको हुन्छ । उत्साह र वीरताका नाममा मान्छेले धान्नै नसक्ने खालका आवेग, तिलस्मीपूर्ण क्रियाकलापहरू अद्भूत तवरबाट प्रस्तुत गरिएका हुन्छन् । यस्ता उपन्यासहरूमा पात्रले मानचित्रका अतिमानवीय नियति सामना गर्नुपर्नेजस्ता अवस्था साहसिक अभियानमूलक घटनाहरू उपन्यासमा प्रस्तुत भएका हुन्छन् (सुवेदी २०६४ : २०) । यस प्रकारको उपन्यासमा स्पेनका आख्यान नायक सर्वान्तेसको **डन क्विजोट** र नेपालीका शिवदत्त शर्माको **वीरसिक्का**मा देखिने अस्वाभाविक साहसिकतालाई साहसिक अभियान फाँटका उपन्यासका स्रोतका रूपमा स्विकार्न र तिनले आजका जासुसी उपन्यासमा प्रभाव जमाइराखेको कुरा स्पष्ट गर्न सकिन्छ (सुवेदी २०६४ : २०) ।

**(ख) नाटकीय उपन्यास**

कथानक र चरित्रको सम्बन्ध उपन्यासमा घनिष्ट हुन्छ । यसरी घनिष्टता बनाएर लेखिएको उपन्यासलाई नाटकीय उपन्यास भनिन्छ । यसप्रकारका उपन्यासमा पात्रको कार्यव्यापकतालाई महत्त्व  दिइन्छ । उपन्यासमा पात्रले सामाजिक जीवनमा मागेका उतार चढावलाई प्रस्तुत गरिएको हुन्छ । यस्ता यी उपन्यासले कथावस्तुलाई जीवन्तता प्रदान गर्दछन् । यस्ता उपन्यासहरूमा अङ्ग्रेजी उपन्यासकार जोन अस्टिनको **प्राइड एण्ड विग्युडियस**  नेपाली इन्द्रबहादुर राईको **आज रमिता छ** जस्ता उपन्यासलाई लिन सकिन्छ (सुवेदी, २०६४ : २०)

**(ग) घटनाप्रधान उपन्यास**

उपन्यासमा घटनाको प्रबलता बढी भएका उपन्यासलाई घटना प्रधान उपन्यास भनिन्छ । यस्ता उपन्यासमा एकपछि अर्को घटना थपिँदै जान्छन् र कथावस्तु लम्मिदै जान्छ । यी उपन्यासमा वस्तुपक्षको प्रधानता रहन्छ र कथानकमा मूर्त शैलीको अभिव्यक्ति रहन्छ ।

यस्ता उपन्यासमा द्वन्द्व र कौतूहलताले उपन्यासलाई थप रोचक बनाएको हुन्छ । कथावस्तु सबल र चरित्र दुर्बल देखिन्छ । यी उपन्यासमा कथानकले चरित्रलाई आफ्नो बाटोमा हिँडाएको हुन्छ । यस प्रकारका उपन्यासमा जेम्स स्कट र स्टिमेन्सका उपन्यास र नेपालीमा लैनसिंह बाङ्देलको **मुलुकबाहिर,** तुलसीराम कुँवरको **रने** र **सङ्घर्ष** आदि उपन्यासहरू घटना बहुलताका आधारमा अडेका छन् (सुवेदी, २०६४ : २१) ।

**(घ) चरित्रप्रधान उपन्यास**

चरित्रका आधारमा कथानक चयन गरिएको उपन्यासलाई चरित्र प्रधान उपन्यास भनिन्छ । चरित्रको गतिशीलताका आधारमा कथानक अघि बढ्दै जान्छ । यस्ता उपन्यासमा पाइने पात्रको प्रस्तुति र कथ्यको प्रस्तुति गौण रहन्छ । यी उपन्यासमा चरित्र सबल र वस्तु दुर्बल हुन्छ । यस्ता उपन्यासहरूमा टोपस दाजीको **फार फ्रोन द क्रेडिट कोड** हो भने नेपालीमा हृदयचन्द्रसिंह प्रधानको **एक चिहान**, दौलतविक्रम बिष्टको **एक पालुवा अनेकौं याम** र रुद्रराज पाण्डेको **रूपमती** जस्ता उपन्यासलाई लिन सकिन्छ ।

समग्रमा हेर्दा उपन्यासमा कथानक भएन भने उपन्यासको रचना हुन सक्दैन । कथानकलाई प्रधानता नदिई उपन्यास लेखिए पनि त्यो त्यति राम्रो हुँदैन । केही समयका लागि क्षणिक हुन्छ । त्यसैले उपन्यासमा कथानकलाई आवश्यक र महत्त्वपूर्ण तत्त्व मानिन्छ ।

## २.३.२ पात्र/चरित्र र चरित्र चित्रण

चरित्र उपन्यासका उपकरणहरूमध्ये अर्को मुख्य तत्त्व हो । उपन्यासमा पात्र वा चरित्रहरूका क्रियाकलापहरूलाई समेटेर उपन्यास निर्माण भएको हुन्छ । मानव जीवनको व्यापक र भव्यता उतार्ने तत्त्व नै चरित्र हो । उपन्यासमा चरित्रहरू कथानक र उद्देश्यसित जोडिएका हुन्छन् । चरित्रहरू उपन्यासमा परिवेशअनुसार चयन गरिन्छ । कथावस्तुसित सम्बद्ध विविध कथानक तथा तन्तुहरूलाई गतिदिने माध्यम चरित्र हो ।

सामाजिक संरचनाको चित्रण चरित्रले नै गर्दछ । इतिहास र समाज, प्रान्त तथा देशान्तरलाई चरित्रका माध्यमबाटै अध्ययन गरिन्छ । उपन्यासमा पुस्ता, जाति, सभ्यता, परिस्थितिअनुसार चरित्रले नै चित्रण गर्दछ । उपन्यासमा चरित्रको माध्यमबाट नै उपन्यासकारले भन्न चाहेको कुरा र उसको विचार बुझ्न सकिन्छ । मानवको सभ्यता र समाजलाई बुझ्ने प्रमुख आधार पनि चरित्र नै हो । मान्छेका शाश्वत सत्यलाई उद्घाटन गर्ने पक्षहरू पनि मान्छेका चरित्रमै उद्घाटित भएका हुन्छन् (सुवेदी, २०६४ : २३) । उपन्यासमा मानवीय र मानवेतर दुवैलाई चरित्रका रूपमा समावेश गरेको पाइन्छ ।

उपन्यासमा चरित्रहरूलाई कथानकअनुसार भूमिका, प्रकृति स्वभाव, लिङ्ग आदिका आधारमा वर्गीकरण गर्न सकिन्छ, जुन निम्नानुसार छन् :

**(क) भूमिकाका आधारमा**

उपन्यासका कथानकअनुसार पात्रको भूमिका वर्गीकरण गरिन्छ । उपन्यासमा पात्रले खेल्ने भूमिकामध्ये मुख्य, सहायक र गौण हुन्छन् । मूलपात्र वा मुख्य पात्र भन्नाले उपन्यासमा उसकै वरिपरि कथानक घुमेको हुन्छ र कथानकको सुरुवात र अन्त्य पनि उसकै क्रियाकलापद्वारा हुन्छ । यस्ता पात्रलाई उपन्यासमा मुख्य पात्र मानिन्छ ।

उपन्यासमा मूलपात्रसँग जोडिएर आउने पात्रलाई सहायक पात्र भनिन्छ । यस्ता पात्रले उपन्यासलाई रोचकताका साथ अगाडि बढाउँछन् । त्यसैगरी उपन्यासलाई रोचक बनाउन आउने अर्का थरीका पात्रलाई गौण पात्र भनिन्छ । यी पात्रको अनुपस्थितिमा पनि उपन्यासको कथावस्तु अधुरो रहँदैन ।

**(ख) प्रवृत्तिका आधारमा**

उपन्यासमा प्रवृत्तिका आधारमा पात्र प्रतिकूल र अनुकूल गरी दुई प्रकारका हुन्छन् । सकारात्मक भूमिका निर्वाह गरी पाठकमा सहानुभूति बटुल्न सक्ने सत्पात्रलाई अनुकूल पात्र र नकारात्मक भूमिका निर्वाह गरी पाठकबाट घृणा प्राप्त गर्ने पात्रलाई प्रतिकूल प्रवृत्तिका पात्र भनिन्छ ।

**(ग) लिङ्गका आधारमा**

लिङ्गले पात्रको जात छुट्याउने हुँदा यसका आधारमा पात्रलाई उपन्यासमा पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई वर्गमा विभाजन गरेको पाइन्छ । पात्रको बाह्य वर्णन तथा शरीर, नामकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियाकलापबाट यो कुरा छुट्याउन सकिन्छ ।

**(घ) स्वभावका आधारमा**

उपन्यासमा स्वभावका आधारमा पात्र गतिशील र स्थिर गरी दुई वर्गमा बाँड्न सकिन्छ । उपन्यासमा परिस्थितिअनुसार बदलिरहने पात्र प्रगतिशील र समयअनुसार नबदलिई स्थिर रहने पात्र स्थिर वा गतिहीन पात्र हुन् ।

**(ङ) जीवनचेतनाका आधारमा**

उपन्यासमा यस आधारमा पात्रलाई वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ । आफ्नो निजी स्वभाव र विशेषताका तथा वैयक्तिकताको प्रतिनिधित्व गरी मौलिकपनको प्रदर्शन गर्ने वैयक्तिक तथा व्यक्तिगत पात्रअन्तर्गत पर्दछ ।

**(च) आसन्नताका आधारमा**

उपन्यासमा पात्रको उपस्थितिलाई आसन्नता भनिन्छ । आसन्नताका आधारमा पात्र मञ्चीय र नेपथ्यीय गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा स्वयं प्रस्तुत भई कार्यव्यापार सम्पन्न गर्ने पात्र मञ्चीय हो भने उपन्यासका वक्ताद्वारा नाममात्र प्रस्तुत गरिने आफू स्वयं प्रकट नहुने पात्र नेपथ्यीय हो ।

**(छ) आबद्धताका आधारमा**

उपन्यासको कथानकसँग पात्रको सम्बद्ध गँसाइलाई आबद्धता भनिन्छ । आबद्धताका आधारमा पात्र बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्र मुख्य कथासँग सम्बन्धित हुन्छ भने उपन्यासमा नभए पनि कथानकमा असर नपर्नेलाई मुक्त पात्र भनिन्छ ।

उपन्यासमा चरित्रलाई अन्य आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी, गोला र चेप्टा, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक आदि चरित्रका प्रकार जति भए पनि उपन्यासमा कथानकलाई जीवन्तता प्रदान गर्न चरित्रको आवश्यकता पर्दछ । त्यसैले चरित्र वा पात्र उपन्यासको आवश्यक महत्त्वपूर्ण तत्त्व हो ।

## २.३.३ परिवेश वा पर्यावरण

कुनै काम हुनका लागि उपयुक्त मानिएको स्थल उपन्यासको कार्यपीठिका हो । त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो (सुवेदी, २०६४: २५) । यसलाई पर्यावरण, वातावरण वा देशकाल परिस्थिति पनि भनिन्छ । उपन्यासमा पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू घट्ने समय र त्यसको मानसिक प्रभावलाई परिवेश भनिन्छ । देशकालको तात्पर्य वातावरणको कुनै सीमा हो । जसको परिवेशअन्तर्गत उपन्यासले आफ्नो संसार सृष्टि गर्छ । यसले देशको सामाजिक, धार्मिक र राजनीतिक परिस्थितिलाई सम्झाउँछ । आचार-विचार रीतिथिति, चालचलनहरूलाई बुझाउँछ । समाजका असल-खराब, व्यावहारिक र वैचारिक पक्षहरूलाई इङ्गित गर्छ (प्रधान : २०६१ : १०) । परिवेश उपन्यास संरचनाको क्रममा पात्र

र कथानकका लागि सिर्जना गरिने आधारभूमि वा वातावरण हो । यसरी परिवेश विना उपन्यास निर्माण हुँदैन । जस्तो कथानक छ त्यस्तै परिवेशको निर्माण गरिएको हुन्छ । जस्तै सामाजिक कथानक भए सामाजिक परिवेश र काल्पनिक कथानक भए काल्पनिक परिवेश सिर्जना गरिएको हुन्छ ।

### २.३.४ कथोपकथन वा संवाद

उपन्यासमा कथ्य र चरित्रको समुचित प्रस्तुति कथोपकथनका माध्यमबाट व्यक्त हुन्छ । संवाद वा कथोपकथन भनेको पात्रहरूबीचको कुराकानी हो । संवाद वा कथोपकथनको सम्बन्ध कथावस्तुसित हुन्छ, तर पात्रहरू नै यसका मुख्य आधार हुनाले चरित्र चित्रण नै सबैभन्दा निकटवर्ती तत्त्व मानिन्छ (प्रधान, २०६१ : ९) । यसरी कथानकमा रोचकता थप्नका लागि पनि उपन्यासकारले संवादको आयोजना गरेको हुन्छ । पात्रहरूका बीचमा स्थापित समस्या, अन्तर्द्वन्द्व र परिणति संवादले उपयुक्त ढङ्गले प्रस्तुत गर्न सक्छ । संवाद सहज र स्वाभाविक भएका उपन्यासहरूमा नाटकीय तत्त्व पर्याप्त मात्रामा पाइन्छ । संवादले कथानकमा आउने घटना र कार्यव्यापारलाई सु-सङ्गठित गर्दछ । यहाँनिर उपन्यासकारको भाषिक कुशलता, बौद्धिक गहिराइ र शैलीगत नवीनता पनि प्रदर्शित हुन सक्ने हुनाले कथोपकथनका सन्दर्भमा पात्रको स्वाभाविक स्तरलाई पक्कै पनि ध्यान दिनुपर्ने हुन्छ । त्यस कारण कथोपकथन पनि उपन्यासको महत्त्वपूर्ण उपकरण हो (सुवेदी, २०६४ : २४) ।

### २.३.५ द्वन्द्व

उपन्यासमा कथावस्तुअनुसारका पात्रका क्रियाकलापसँग आबद्ध गराउनु नै द्वन्द्व हो । द्वन्द्व दुई परस्पर विरोधी विचारहरूको जोडी पनि हो । द्विविधाबाट कथावस्तु र समय अगाडि बढ्छ । कथावस्तुको गति प्रदान गर्ने कार्यमा द्वन्द्वको महत्त्वपूर्ण भूमिका रहन्छ । द्वन्द्व भावनामा देखा पर्ने जटिलताको सूचक हो । द्वन्द्व तीन तहमा विभक्त हुन्छ । मान्छेका बाह्यजीवनमा आइपर्ने विसङ्गतिका कारण देखा पर्ने द्वन्द्व, मान्छे मान्छेसँगका विषमताका कारणले दुवैमा वैमनस्य जन्माउने द्वन्द्व र मान्छेको आफैभित्र देखापर्ने तत्त्वमूलक द्वन्द्व (सुवेदी, २०६४ : २४) । उपन्यासमा द्वन्द्वलाई विभिन्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ । व्यक्ति आफैभित्र पैदा हुने द्वन्द्व र व्यक्तिका बीचमा हुने द्वन्द्व, व्यक्ति र बाह्य समाजका बीच हुने द्वन्द्व,समाज र समाजका बीच हुने द्वन्द्व यी द्वन्द्वका प्रकारहरू हुन् । व्यक्ति आफैभित्र पैदा हुने द्वन्द्व मानसिक द्वन्द्व हो । यो मानसिक तनावका कारणले जन्मन्छ । यस्तो द्वन्द्व निकै जटिल पनि हुन्छ । अन्य द्वन्द्व बाहय् जगत्का कारणले जन्मन्छन् । जसलाई बाहय द्वन्द्व भनिन्छ ।

## २.३.६ भाषाशैली

भाषा विचार विनिमय तथा मानवीय संवादको साधन हो । जीवनका हरेक गतिविधि र क्रियाकलापमा भाषाको महत्त्व रहेकाले साहित्य तथा कलाको क्षेत्रमा पनि यसको ठूलो महत्त्व हुन्छ (बराल, २०६३ः ४९) । उपन्यासमा कथाको विस्तार तथा विचारको प्रस्तुति पनि भाषाकै माध्यमद्वारा गरिन्छ । उपन्यासमा भाषा अनिवार्य तत्त्व हो भन्ने कुरामा विवाद छैन । उपन्यास यथार्थलाई वरण गर्ने साहित्यिक विधा भएकाले यसमा गद्य भाषाको प्रयोग गरिन्छ । अन्य साहित्यिक विधाभन्दा जीवनको विस्तृत आयामलाई समेट्ने हुँदा यसमा भाषाको सम्पूर्ण शक्तिको प्रयोग गरिन्छ ।

भाषालाई साहित्यकारले आ-आफ्नो तरिकाले रङ्ग पोतेर र ढङ्ग मिलाएर प्रस्तुत गर्दछन् । यही प्रस्तुतिलाई रूपशैली भनिन्छ । उपन्यासको कथावस्तुअनुरूप शैली प्रयोग गरिन्छ । पात्रको रुचि र स्वभावलाई ध्यानमा राखी शैलीको प्रयोग गरिन्छ । उपन्यासकारको अलग-अलग व्यक्तित्व भएजस्तै उपन्यासका पनि पृथक-पृथक शैली हुन्छन् । जस्तै - वर्णनात्मक, विश्लेषणात्मक, आत्मकथात्मक, आलोचनात्मक डायरी पद्धतिका शैली, चेतनप्रवाहात्मक शैली आदि । शैलीको प्रकारमा विविधता देखिए पनि यसको काम कथावस्तुको आकर्षण, रोचकतापूर्ण सजीव प्रस्तुतीकरण नै हो । उपन्यासकारद्वारा रचित भावलोकको मानवीय विचित्रता वा विशिष्टताहरूसँग रागात्मक सम्बन्ध स्थापित गरेर सहजै परिचित हुन सकिन्छ । शैलीगत अनिर्मिततामा औपन्यासिक रूपात्मकताको कल्पना गर्न सकिंदैंन (प्रधान, २०६७ :९) ।

## २.३.७ उद्देश्य वा विचार

उपन्यासमा उद्देश्यलाई विचार वा सारतत्त्व पनि भनिन्छ । उपन्यासको उद्देश्य उपन्यास रचनाको प्रयोजन हो । प्रयोजनविनाको कल्पनाले औपन्यासिक स्वरूप लिन सक्दैन । उपन्यासकारले उपन्यासमा कथानक, चरित्र र भाषाका माध्यमबाट विचारको निष्कर्ष प्रस्तुत गरेको हुन्छ । उपन्यासमा उपन्यासकारद्वारा उपन्यासमा के भन्न खोजिएको तथा उपन्यासकारले समग्ररूपमा के भन्न चाहन्छ । त्यसैको निचोड नै उद्देश्य हो (बराल र एटम, २०५८ : ३७) । उपन्यासमा खासगरी सामाजिक समस्या र वैयक्तिक जीवनका विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवनका समस्याहरू यथार्थरूपमा वर्णन मात्र नभएर तिनीहरूको जीवनप्रति नै उपन्यासकारले कुनै खास दृष्टिकोणलाई प्रस्तुत गरिरहेको हुन्छ । विषयलाई गहनता र विस्तृतता दिएर कुनै सामाजिक समस्या वा सैद्धान्तिक सत्यको प्रतिपादन अर्थात् जीवन, दर्शनकै रूपमा मूल्याङ्कित गर्ने काम उद्देश्यले

पूरा गर्ने हुनाले यसको महत्त्वलाई उपन्यासमा स्विकार गरिन्छ (प्रधान, २०४० : ११) । त्यसैले उद्देश्यलाई उपन्यासको प्राप्ति मानिन्छ । स्रष्टाले आफ्ना विचार मानव समाजका निम्ति रचनात्मक मार्गदर्शन बनाउँछ । उपन्यासमा समष्टि निष्कर्षमा हात लागि हुने दिशानिर्देश नै विचार पक्ष हो । अतः यसको अभावमा उपन्यास नै अर्थहीन बन्दछ (सुवेदी, २०६४ : २६) । यही विचार नै उद्देश्यको रूपमा प्रतीत भएको हुन्छ । लेखकले उपन्यासमा पाठकवर्गले ग्रहण गर्ने विचार नै उद्देश्य हो । त्यसैले यसलाई उपन्यासको अनिवार्य तत्त्व मानिन्छ ।

## २.३.८ कौतूहल

उपन्यास बृहत् विधा भएकाले यसमा कथानकको लामो शृङ्खला हुन्छ । मुख्य कथानकका वरिपरि अन्य सहायक कथानकहरू रहेका हुन्छन् । कौतूहलले पाठकका मनका जिज्ञास र उत्सुकता गराउँछ । पाठककमा जिज्ञासु भावना जगाइराख्न मद्दत गर्ने तत्त्वको नाम नै कुतूहलता हो 'हत्तेरी' 'यस्तो', 'अनि के भयो होला' आम्मै नि, अनि के भयो होला! भन्ने जस्ता कुराहरूको तरङ्ग मनमा जगाइराख्न सक्ने तत्त्वको निरन्तरता सन्निवेशले नै उपन्यासलाई जीवन्त बनाउँछ (सुवेदी २०६४ : २७) । कौतूहलले पात्रको क्रियाकलाप र अन्तर्जगत्को सङ्घर्षलाई समेत देखाउँछ । कौतूहलले पाठकका मनमा एक किसिमको आनन्द अनुभूति गराउँछ । विशेष गरी घटनाप्रधान उपन्यासमा कौतूहलता ज्यादा हुन्छ । यसले पात्रको सङ्घर्षहरूलाई खुकुलो बनाउँछ । यसले उपन्यास पढ्नलाई सहज र सरल बनाउँछ । यसैले कौतूहल उपन्यासको अनिवार्य महत्त्वपूर्ण तत्त्व हो ।

## २.३.९ दृष्टिबिन्दु

उपन्यासमा कथावाचकको स्थानलाई दृष्टिबिन्दु भनिन्छ । उपन्यासकारले कुनै पात्रका माध्यमद्वारा वा स्वयं आफै आख्यान प्रस्तुत गर्दछ । त्यही कार्यलाई नै दृष्टिबिन्दु भनिन्छ । यसरी कथा भन्नलाई उपन्यासकारले रोजेको समाख्याताको स्थान नै दृष्टिबिन्दु हो (बराल र एटम, २०५८ : २९) । दृष्टिबिन्दु त्यो स्थान, स्थिति, वा सीमा हो, जसको माध्यमबाट उपन्यासकार र पाठक वर्गबीचको सम्बन्ध जोडिन्छ । यो उपन्यासको साध्य होइन साधन हो ।

दृष्टिबिन्दु पनि केन्द्रीय र परिधीय आधारमा दुई प्रकारको हुन्छ । केन्द्रीय दृष्टिबिन्दुमा पात्रका रूपमा लेखक स्वयं भोक्ताका रूपमा नियोजित हुन्छ । यदि प्रथम पुरुष पात्र भोक्ताका स्थानमा नियोजित छ भने प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दु हुन्छ र लेखकबाट नियुक्त पात्र पनि प्रथम भोक्ताका रूपमा उपस्थित बन्दछ भने त्यो पनि प्रथम पुरुष परिधीय दृष्टिबिन्दु नै हुन्छ । त्यसरी नै यदि लेखकद्वारा तृतीय पुरुष पात्र नियोजित गरिएको छ भने त्यो तृतीय पुरुष दृष्टिबिन्दु हो र लेखक म को सट्टामा तृतीय पात्र उपयोग भएको छ भने

तृतीय पुरुष दृष्टिबिन्दु हो (सुवेदी २०६४ : २७, २८) उपन्यासमा नाटकीय संवादात्मक शैलीको द्वितीय दृष्टिबिन्दु पनि हुन्छ । उपन्यासमा लेखकले भोक्ताका रूपमा पात्रलाई नियोजित गरेर दृष्टिबिन्दुको पहिचान गर्दछ । आधुनिक नेपाली उपन्यासमा दृष्टिबिन्दु सहायक तथा महत्त्वपूर्ण तत्त्व मानिन्छ ।

उपन्यासमा आधारभूत तत्त्वहरू यिनै भए पनि विद्वान्हरूले उपन्यासका तत्त्वहरूमा बिम्ब प्रतीक तथा गति र लयलाई पनि समेटेका छन् । बिम्ब तथा प्रतीकले अमूर्त वस्तुलाई बुझाउन मूर्त वस्तुको प्रयोग गरेर भावलाई व्यक्त गर्दछन् । बिम्ब तथा प्रतीकले धेरै शब्द चाहिने ठाउँमा एउटै शब्दको प्रयोग गरेर शैलीमा मिठास ल्याउँछन् । विम्ब भन्नाले कुनै पनि वस्तुले मस्तिष्कमा कस्तो छाप पार्छ भन्ने बुझिन्छ । यसले उपन्यासमा भाषाका माध्यमद्वारा अदृश्य वस्तुलाई दृश्यरूप दिने प्रयास गर्दछ । बिम्बको प्रयोगले गर्दा अदृश्य भाषाको प्रयोग गरिने हुनाले बिम्बले उपन्यासमा मिठास ल्याउँछ ।

उपन्यासमा गति भनेको कथानकको विकास रहेको वर्ग हो । उपन्यासकारले आफ्नो कलाको क्षमताअनुसार उपन्यासमा कथा, उपकथा, मिथक तथा चरित्रहरूको आयोजना गरेको हुन्छ । उपन्यासमा आयोजना गरेको तत्त्वहरूको विश्लेषण गरी गतिको अवस्था पहिल्याउन सकिन्छ । गतिको सहयोगबाट क्रियाको द्वन्द्व पहिचान गर्न सकिन्छ । उपन्यासको सारवस्तुमूलक गहिराइमा पुग्नका लागि पनि गतिको स्थिति बिगार्नुपर्ने हुन्छ । उपन्यासमा गतिकै उतार चढावबाट तरङ्ग र तरङ्गबाट लयको सिर्जना हुन्छ । उपन्यासको जीवनमा कल्पनाको प्रचुर हुने भएकाले पनि यसमा लयको सिर्जना भएको हुन्छ । उपन्यासको जीवनमा कल्पनाको प्रचुरता हुने भएकाले पनि यसमा मिठास पाइन्छ । भाषिक एकाइहरूले लयको सम्पूर्ण सौन्दर्यको स्थापना गर्दछ ।

## २.४ उपन्यासको वर्गीकरण

उपन्यास जीवनको समग्र अभिव्यक्ति हो । यसमा जीवन जगत्का विविध पक्षहरू समावेश भएका हुन्छन् । त्यसैले उपन्यासको एउटै वर्गीकरण असम्भव प्रायः देखिन्छ । विभिन्न विद्वान्हरूले उपन्यासको वर्गीकरण विविध आधारहरूमा गरेका छन् । त्यसैले उपन्यासको वर्गीकरण शैली, उद्देश्य र विषयका आधारमा कसैले कथानक प्रवृत्ति, कथाशैली र विषयका आधारमा र कसैले कथानक, विषयवस्तु, प्रस्तुति शैली र धारागत आधारमा गरेका छन् । यसरी उपन्यासमा आउने विषयवस्तु, विषयलाई प्रस्तुत गर्ने शैली उपन्यासमा व्यक्त गरिने विचार आदिले उपन्यासकाबीचमा विभिन्नता ल्याउँछ । यसर्थ विषय, प्रवृत्ति, शैली, रूपपक्ष उपन्यास वर्गीकरणका आधार हुन् ।

**(क) प्रवृत्तिका आधारमा उपन्यासको वर्गीकरण**

प्रवृत्ति भन्नाले मान्छेको मानसिक झुकाबलाई बुझिन्छ । उपन्यासको स्वरूप र परिणतिबाट प्रवृत्तिको निर्धारण हुन्छ । प्रवृत्तिको अभावमा उपन्यासमा व्यक्त गरिने विचारलाई वर्गीकरणको आधार मान्दा उपन्यासलाई यथार्थवादी, आदर्शवादी, स्वच्छन्दतावादी, प्रगतिवादी, अस्तित्ववादी, विसङ्गतिवादी आदि वर्गमा विभाजन गर्न सकिन्छ ।

**(ख) विषयका आधारमा उपन्यासको वर्गीकरण**

उपन्यासकारले उपन्यासमा चयन गरेको विषयवस्तुका आधारमा उपन्यासलाई वर्गीकरण गर्न सकिन्छ । विषय विभिन्न प्रकारका हुन्छन् । ती विषयहरूले आ-आफ्नै विशेषता बोकेका हुन्छन् । उपन्यासमा पनि उपन्यासकारहरूले विविध विषयवस्तुलाई आधार बनाएर उपन्यास लेखेका हुन्छन् । नेपाली उपन्यास परम्परामा सामाजिक, ऐतिहासिक, राजनैतिक, मनोवैज्ञानिक, आपराधिक, दार्शनिक, आञ्चलिक, वैचारिक, जीवनीमूलक, मिथकीय, जासुसी आदि आधारमा उपन्यासलाई वर्गीकरण गर्न सकिन्छ ।

**(ग) शैलीका आधारमा उपन्यासको वर्गीकरण**

उपन्यासमा भाषाका आधारमा विभिन्न भाव र विचार अभिव्यक्त गर्ने विभिन्न ढङ्ग र विविध शैली हो । उपन्यासकारले विषयलाई प्रस्तुत गर्ने शैलीका आधारमा कथानक, आत्मकथात्मक, पत्रात्मक, डायरी, वर्णनात्मक, चेतनाप्रवाह पद्धतिजस्ता प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

**(घ) मनोविज्ञानका आधारमा उपन्यासको वर्गीकरण**

उपन्यासको कथावस्तुको रूपमा पात्रको आन्तरिक मनोजगत्को चित्रण गरिएको उपन्यासलाई मनोवैज्ञानिक उपन्यास भनिन्छ । यस्ता उपन्यास फ्रायडीय, मनोविश्लेषण सिद्धान्त र युङ्ग तथा एड्लरका सिद्धान्तअनुसार विषयवस्तुको चित्रण गरिन्छ । यस्ता उपन्यास पात्रका दैनिक आवश्यकता र व्यवहारका बारेमा उसकै मनका माध्यमले लेखिन्छ ।

## २.५ नेपाली उपन्यासको पृष्ठभूमि र विकास

### २.५.१ नेपाली उपन्यासको पृष्ठभूमि

विश्वसाहित्यमा उपन्यास, कविता, नाटक र कथा पछि देखापरेको पाइन्छ नेपाली साहित्यमा यो विक्रमको बीसौं शताब्दीको दोस्रो पाउका अन्तिम चरणदेखि मात्र सुरु भएको

हो । उपन्यासको पूर्वाधार कथासाहित्य नै हो र हाम्रो कथा वेद, ब्राह्मण, उपनिषद, आदिमा पनि पाइएकाले यसलाई पूर्वाधारको रूपमा परम्परासित जोड्ने प्रयास गरिन्छ (प्रधान, २०६१ : १८) ।

विश्वमा उपन्यास साहित्यको विकास भइसक्दा पनि नेपालमा १६ औं शताब्दीसम्म नेपाली भाषाको रूप प्राचीन स्तरमै सीमित रहन्छ भने १७ औं शताब्दीदेखि चाहिँ अभिलेखहरूका साथ भाषामा विभिन्न थरीका ग्रन्थ देखा पर्न थालेको पाइन्छ (प्रधान, २०४० : १११) । हाम्रो उपन्यासको पृष्ठभूमिमा अमुद्रित वा मुद्रित अभिलेख, ग्रन्थ, आचारशास्त्र, नीति, उपदेश प्रशासनिक सूचना देखा पर्दछन् । यिनै ग्रन्थको आधारमा हाम्रो वर्तमान उपन्यासको परम्परा अडेको छ । हालसम्मको अनुसन्धानबाट नेपाली भाषाको जन्म भएको समयले हजार वर्ष बिताइसकेको प्रमाण सिद्ध भएको  छ । यस क्रममा नेपाली साहित्यले सर्वप्रथम भाषा निर्माण त्यसपछि भाषामा भाव र विचारको प्रस्तुतीकरण, शब्दहरूको समुचित विन्याससमेतको क्रम क्रमशः विकसित हुँदै गएको स्थिति पनि नेपाली भाषाले पनि आत्मसात् गर्न थालेको छ । साहित्यको क्षेत्रमा प्रयुक्त शब्दहरू र तिनको ललित विम्बीकरण क्षमता अत्यन्त सुदृढ र सु-सङ्गठित हुँदै जाने कुरामा नेपाली भाषाले जुन क्षमता आर्जन गर्न सक्यो र त्यसका पृष्टभूमिमा हजार वर्षको योगदान लुकेको छ । प्रारम्भमा प्रयुक्त यो भाषा १५ औँ शताब्दी पछि उच्चस्तरमा विकसित भयो । यस भाषाले देशका बासिन्दाहरूको मनोभावना व्यक्त गर्ने मान्छेका अन्तस्करणलाई उद्घाटन गर्ने विचारको आदान-प्रदान गर्ने तोकेको प्रमाणीकरण गर्ने जस्ता बौद्धिक गुण व्यवस्थापन र तिनको सञ्चालन गर्ने जिम्मा लिएको नेपाली भाषा क्रमशः साहित्यको विधा र क्षेत्रतिर सबल र प्रतीकग्रहण क्षमतातिर अग्रसर हुँदै गयो ।

ग्रन्थस्तरका रचनाहरूमा वि.सं. १४०० तिर **ज्योतिषग्रन्थ**को पुस्तक संस्कृतबाट नेपालीमा रूपान्तरण गर्ने काम भयो । त्यस ग्रन्थलाई आजसम्म उपलब्ध ग्रन्थहरूको प्राचीन रूप मानिन्छ । **राजा गगनीराजको यात्रा** (१५५०) अज्ञात लेखकको **बाजपरीक्षा** (१७००), बाणी विलास ज्योतिविर्द **ज्वरोत्पति चिकित्सा** (१७७३), प्रेमनिधि पन्तको **प्रायश्चित प्रदीप** (१७८०) र दावादल शाहको **औषध रसायन** (१८००) **अजीर्ण मञ्जरीहरूका** विविध रूपहरू देखा परे । नेपाली भाषाको उद्भव र त्यसमा दैनिक व्यवहार क्षमता एवम् बौद्धिक कुशलता थपिँदै आउने क्रममा प्रौढतातिर उन्मुख भएको स्थिति प्रकट हुँदै आएको छ (सुवेदी, २०६४ : ३४) । यसरी एक शताब्दी गुजारिसकेको नेपाली भाषालाई नेपालको विभिन्न क्षेत्र र खण्डमा विभक्त राज्यव्यवस्थाबाट प्रशासनिक र दैनिक कार्य सञ्चालनको भाषाको रूपमा प्रदान गरिंदै आयो । वि.सं. १८३०  पूर्वसम्मको समय भाषाको उठानका क्रममा खर्च भयो । लेखन र प्रवचनको आरम्भ भएको यो अवधि नेपाली उपन्यासको पनि महत्त्वपूर्ण अवधि हो ।

वि.सं. १७२८ मा शक्तिवल्लभ अर्ज्यालको **महाभारत विराटपर्व** पूर्वको समय अवधिमा जे-जति रचनाहरू रचिए ती नेपाली उपन्यासको पृष्ठभूमि मान्न सकिन्छ । यस पछि श्री पृथ्वीनारायण शाहको शासनदेखि भने नेपाली साहित्यको इतिहास थालिएको तथ्यको जानकारी साहित्यको ऐतिहासिक अनुशीलनबाट प्राप्त हुन्छ । अतः नेपाली गद्यको यस्तै परिवेश र पृष्ठभूमिमा प्राचीन नेपाली आख्यान परम्पराले हेर्दा नेपाली उपन्यासको प्रारूप पहिल्याउन सकिन्छ । यस सन्दर्भमा नेपाली उपन्यासको क्रमिक विकासको आधारमा यसको मोटामोटी काल विभाजन गरी नेपाली उपन्यासको विकास प्रक्रियालाई हेर्न सकिन्छ ।

## २.५.२ नेपाली उपन्यासको विकासक्रम

नेपालको एकीकरणसँगै नेपाली भाषामा पनि लामा आख्यान लिपिबद्ध हुन थालेको पाइन्छ । खासगरी नेपाली गद्य साहित्यको थालनी श्री ५ पृथ्वीनारायण शाहको **दिव्योपदेश** (वि.सं. १८३१) बाट भएको हो । (प्रधान, २०४० : ११२) । कुनै समालोचकले संस्कृतबाट नेपाली भाषामा अनुदित शक्तिवल्लभ अर्ज्यालको **महाभारत विराटपर्व** हो भनेको पनि पाइन्छ । उपन्यास विधा आख्यानको नवीन रूप भएकाले प्राचीन गद्याख्यान परम्परालाई मूल स्रोत स्विकार्दै नेपाली उपन्यासको प्रारूप पहिल्याउनुपर्ने हुन्छ । नेपाल एकीकरण अभियानसँगै सुरु भएको नेपाली उपन्यास विभिन्न मोडहरू पार गर्दै आजसम्म आइपुगेको छ । नेपाली उपन्यासको काल विभाजनका सम्बन्धमा समालोचकहरू बीच मतैक्य पाइँदैन तर पनि अधिकांश समालोचकहरूले  शक्तिबल्लभ अर्यालको वि.सं. १८२७ को **महाभारत विराटपर्व**लाई नै आरम्भ बिन्दु स्विकारेका छन् । तसर्थ यही गद्य कृतिबाट नेपाली उपन्यासको इतिहास सुरु हुन्छ । समग्र विद्वान्हरूका विचारलाई हेर्दा नेपाली उपन्यासको कालभिाजन निम्नअनुसार देखाउन सकिन्छ ।

- प्राथमिक काल (वि.सं. १८२७-१९४५)
- माध्यमिक काल (वि.सं.१९४६-१९९०)
- आधुनिक काल (वि.सं. १९९१- हालसम्म)

## २.५.२.१ प्राथमिक काल (वि.सं. १८२७-१९४५)

विभिन्न वाङ्मय तथा अभिलेख लेख्दै गर्दा आख्यानहरू पनि लेखिए यसै क्रममा मूलकथामा अन्य स-साना कथा जोडिँदै नेपाली भाषामा बृहत्कथा लेख्ने परम्पराको थालनी शक्तिवल्लभ अर्ज्यालको **महाभारत विराटपर्व** लेखियो । त्यसपछि लगत्तै देखापरेको अन्य नेपाली आख्यानहरूले पनि लामो अवधिसम्म संस्कृत तर्फको निर्भरता देखाउँछन् । यसरी मूलबाट आख्यानहरूको नेपाली भाषामा अनुवाद रूपान्तरण गर्ने प्रवृत्ति प्रबल रहेसम्मको समयावधिलाई नेपाली उपन्यासको प्राथमिक काल मान्न सकिन्छ ।

आख्यानको फराकिलो आयतन भएको कृति **महाभारत विराटपर्व** हाम्रो मौलिकता विहीन हुँदाहुँदै पनि यसको उपलब्धि नेपाली साहित्यको इतिहासमा सुवानन्ददासले कवितामा र पृथ्वीनारायण शाहले आत्मकथात्मक निबन्धमा वि.सं. १८३१मा जग राखेझैं यस **विराटपर्व** (१८२७) मा महाभारतको बृहत् संसारभित्रबाट आख्यानको स्रोत ग्रहण गरेर कृतित्त्व प्रदान गरेको छ । यसपछि वि.सं. १८३३ मा भानुदत्तको **हीतोपदेश मित्रलाभ,** शक्तिवल्लभ अर्ज्यालको **हास्यकदम्ब** (१८५५ तिर) र भवानीदत्त पाण्डेको **मुद्राराक्षस** (१८९०) पूर्णतया आख्यानात्मक कृति हुन् । त्यसैगरी रामचन्द्र पाध्याको **लक्ष्मीधर्म संवाद** (१८५१), अज्ञात लेखकको **पिनासको कथा** (१८७२), दण्डीको **दश कुमार चरित** १८७५), **स्वस्थानी ब्रतकथा** (१८७८), सुन्दरानन्द वाणको **त्रिरत्न सौन्दर्य गाथा** र **आध्यात्म रामायण** (१८९०), **मुन्सीका तीन आहान, बहत्र सुगाको कथा** (१८९३), **नेपाल पञ्चविंसातिका** (१८९३), जस्ता कृतिहरू पाठक सामु आए (सुवेदीः२०६४, ३७) । यी कृतिहरूले पनि यस चरणमा आख्यान शृङ्खलालाई अगाडि बढाउन सहयोग गरेका छन् ।

यस समयमा आख्यानहरूले संस्कृत प्रवृत्तिका कथा भण्डारहरूलाई मुख्य स्रोत बनाएका छन् । प्रायजसो आख्यानहरू धार्मिक नैतिक ध्येयले रामायण, महाभारतबाट अनुदित भएका छन् । यस समयका कतिपय रचना अङ्ग्रेजीबाट नेपालीमा अनुवाद भएका पनि छन् । यस समयका कृतिहरूमा कथात्मक, निबन्धात्मक, नाटकीय, औपान्यासिक तत्त्व पाइन्छ । संस्कृत स्रोततर्फ निर्माता, अनुवाद, रूपान्तरण, धार्मिकता र नैतिक ध्येय प्रबल कथानत्मक शैली र विषयगत विविधता प्राथमिक कालीन आख्यानका विशेषता देखिन्छ ।

### २.५.२.२ माध्यमिक काल (वि.सं. १९४६-१९९०)

नेपाली उपन्यासको मध्यकाल वि.सं. १९४६ देखि १९९० सम्मको समय अवधि हो । राणाकालको उदयले नेपाली इतिहासमा विलासपूर्ण वातावरणको सिर्जना भयो । जसद्वारा नेपाली आख्यानमा पनि नवीन परिवर्तनहरू देखा परे । यस चरणमा सिर्जित रचनाले मौलिकता ग्रहण गर्न भने त्यति सकेका छैनन् । पृष्ठभूमि चरण आरम्भ भएका अभिलेखीय प्रवृत्तिका मूल्यलाई प्राथमिक कालका आख्यानले केही बहिष्कार गर्दै र ग्रन्थस्तरीय आख्यान ग्रहण गर्दै आएका तथ्य देखा पर्न थालेका छन् (सुवेदी, २०६४ : ३८) । यस समयका रचनाहरू रोमाञ्चक, अतिरञ्जनात्मक प्रवृत्तिका देखिन्छन् । प्राथमिक कालीन संस्कृतबाट प्रभावित धार्मिक तथा पौराणिक आख्यान साहित्यको प्रतिक्रिया स्वरूप उर्दू, हिन्दी, फारसी तथा अरबी साहित्यबाट प्रेरित र प्रभावित भई नेपाली भाषामा रोमाञ्चकारी साहित्यको सिर्जना हुनु नै माध्यमिक कालको थालनीको लक्षण हो (प्रधान, २०४० : ११८) । हरिकृष्ण रचित शिवदत्त शर्माबाट अनुदित **वीरसिक्का** (वि.सं. १९४६) बाट नेपाली साहित्यका मनोरञ्जनात्मक धाराको प्रवेश भएको हो (बराल र एटम, २०५६, : ७६) । यसरी प्राथमिक

कालीन नीतिमूलक आख्यानभन्दा भिन्न मनोरञ्जनात्मक, जासुसी, तिलस्मी, औपदेशिक प्रवृत्तिका आख्यानहरू प्रकाशित भएका छन् ।

यसकालका मनोरञ्जनात्मक उपन्यासहरूमा सदाशिव शर्माको **वीरसिक्का** (१९४६), हरिदत्त शर्माको **शुकबहत्तरी** (१९५०), **मधुमालतीको कथा** विभिन्न संस्करण, नरदेव पाण्डेको **वीरबल चातुरी** (१९५६), शम्भुप्रसाद ढुङ्गेलको **हात्तिमताइ** (१९८१), **गुलाबकावली गुलावको कथा** (१९८१), **अवोला मैयाको कथा** (१९८१), सदाशिव शर्माको **वीरबल कौतुक** (१९८२), पद्मप्रसादको **अचम्मको बच्चाको कथा** (१९८०), आदि छन् । यसकालका धार्मिक तथा पौराणिक कथाहरूमा चिरञ्जीवी पौड्यालको **प्रेमसागर** (१९४७), हरिदत्त शर्माको **दुर्गा सप्तशती** (१९४८), कपिलदेव शर्माको चक्रपाणि चालिसेको **गोर्खा सङ्क्षिप्त रामायण** (१९७२), ऋद्धिबहादुर मल्लको **शर्मिष्ठ (२००६)**, आदि पर्दछन् । यसकालका नैतिक औपदेशिक उपन्यासहरूमा नरदेव पाण्डेको **मेरिना चरित्र** (१९७९), तीर्थप्रसाद आचार्यको **वेदान्तसार,** हरिहर आदीको **विप्रलापुत्र संवाद** (१९६५), भोजराज पाण्डेको **उपदेशमञ्जरी** (१९७३), सदाशिव शर्माको **कर्म दिपाक साहिंता,** आदि पर्दछन् (सुवेदीः २०६४, ४०) ।

यस कालका उपन्यासमा हिन्दी, उर्दू, फारसी र बङ्गाली साहित्यको प्रभाव पाइए पनि अधिकांश संस्कृतबाट अनुवाद गर्ने परम्परा कायमै रह्यो । यस समयमा केही मौलिक उपन्यास लेखिए पनि काल्पनिकता र रोमाञ्चपूर्ण वातावरणलाई वा टाढा रहन सकेनन् । त्यसैले यथार्थलाई अङ्गिकार गर्न सकेनन् । उपन्यासहरूमा जासुसी तिलस्मी उपन्यासको प्रवेशले अनुकरण रूपान्तरण विधिलाई महत्त्व दिएको पाइन्छ । फलस्वरुप **महेन्द्रप्रभा, वीरचरित्र** र **डा. सूर्यप्रसाद** जस्ता उपन्यास सृजना हुने वातावरण समेत तयार भएकोछ (सुवेदीः २०६४, ४६) । मौलिक परिवेश र तत्कालीन समाजको चित्रणले माध्यमिक कालीन उपन्यास पनि मौलिकतातर्फ उन्मुख रहेको पाइनछ । यी उपन्यासले मनोरञ्जन दिनु नै मुख्य उद्देश्य भएको हुनाले नारीलाई योगविलासको संसाधनको रूपमा प्रयोग पनि गरिन्थ्यो । यी यस्तै घटना माध्यमिक कालीन आख्यानमा देखा पर्दछन् ।

माध्यमिक काल भन्नु एक पक्षमा प्रकाशनको सुरुवात हो । माध्यमिक कालीन उपन्यासको विकासमा **गोरखापत्र, सुन्दरी माधवी**, **उपन्यास तरङ्गिणी**, **गोर्खाली**, जस्ता पत्रिकाहरूको महत्त्वपूर्ण भूमिका छ (सुवेदीः २०६४, ४७) । यसरी स्रोतगत विस्तारसँगै विषयगत विविधता अँगाल्दै प्रकाशनको माध्यमबाट जनसमक्ष पुग्ने अवसर प्राप्त गरेको माध्यमिक कालीन आख्यान कथामा जासुसी र तिलस्मी प्रवृत्ति नै प्रस्तुत भए पनि केही आधुनिकताका सङ्केत पनि पाउन सकिन्छ ।

### २.५.२.३ आधुनिक काल

नेपाली उपन्यासको आधुनिक कालको थालनीको बिन्दुबारे समालोचकहरूबीच एक मत पाइँदैन, कसैले रुद्रराज पाण्डेको **रूपमती** बाट भएको भन्दछन् भने कसैले रूपनारायणसिंह प्रधानको **भ्रमर**बाट भएको हो भन्ने पाइन्छ । धेरै समालोचकहरू नेपाली उपन्यासको आधुनिक कालको प्रवेश आदर्शवादी प्रवृत्तिमा आधारित भएर सरदार रुद्रराज पाण्डेद्वारा लिखित **रूपमती** (१९९१) बाटै भएको मानिन्छ । **रूपमती** उपन्यासलाई सुरूको बिन्दु मान्नुका पछाडि यसमा प्राथमिक कालीन, नीतिमूलक र माध्यमिक कालीन जासुसी, तिलस्मी आख्यानभन्दा भिन्न वस्तुजगत्का यथार्थ घटनामा आधारित हुनु हो । साथै यसमा बोलीचालीको भाषा पनि प्रयोग गरिएको छ । मौलिक विषयवस्तु रहेको रूपमतीबाट नेपाली उपन्यासको आधुनिक काल आरम्भ भएको हो । यसैले आधुनिक नेपाली उपन्यासको प्रतिष्ठानमा **रूपमती** उपन्यासका खास-खास भूमिकालाई औंल्याउँदै मोटामोटी रूपमा तिनको विश्लेषण गरेर नेपाली उपन्यासको सीमा रेखा मान्न सकिन्छ । कृष्णचन्द्रसिंह प्रधान पनि **रूपमती**बाट नै आधुनिकताको सुरुवात भएको मान्दछन् (प्रधान, २०६१ : ५६) । नेपाली आधुनिक उपन्यासले विभिन्न समयमा विभिन्न मोड तथा प्रवृत्तिलाई आत्मसात् गर्दै हालसम्म गतिशील छ । यसरी उपन्यासहरूमा देखिएको प्रवृत्तिगत भिन्नताका आधारमा वि.सं. १९९१ देखि हालसम्मको नेपाली उपन्यास परम्परालाई यसरी वर्गीकरण गर्न सकिन्छ ।

#### क) आदर्शोन्मुख यथार्थवादी धारा

जुन चिज जस्तो छ त्यसलाई वस्तुगत रूपमा चित्रण गर्ने काम यथार्थवादले गर्दछ । जे-जस्तो अपेक्षा राखिन्छ र जे-जस्तो हुनुपर्छ त्यसको दिग्दर्शन गर्ने काम आदर्शवादले गर्दछ । मानवसमाज र यथार्थ परिवेशलाई आधार बनाएर लेखिएको उपन्यास जब आदर्शको केन्द्रीय निष्कर्षमा टुङ्गिन्छ । त्यो आदर्शोन्मुख यथार्थवादी हुन्छ (बराल, र एटम, २०५८ : ९३) । यसरी मौलिक जगत् र अन्तर्वस्तुलाई रचनात्मक र गतिशील भन्दा यथास्थितिमा मूल्यलाई नियन्त्रण गर्ने काम यस समयका उपन्यासमा भएको छ (सुवेदी, २०६४ : ६७) ।

नेपाली उपन्यास परम्परामा रुद्रराज पाण्डेको **रूपमती** १९९१ बाट आदर्शोन्मुख यथार्थवादी लेखन सुरु हुन्छ । **रूपमती**बाट शुरु भएको यो लेखनले वर्तमानसम्म पनि निरन्तरता पाउँदै आएको छ । यस धारामा उपन्यास लेख्ने उपन्यासकारहरूमा विष्णुचरण श्रेष्ठको **सुमती** १९९१, **भीष्मप्रतिज्ञा** (१९९२), काशीबहादुर श्रेष्ठको **उषा** (१९९५), **वचन** (२००९), भवानीभक्त सिंह प्रधानको **योवनको आँधी** (१९९६), मेजर जनरल शान्तशमशेर जबराको **दुःखी जीवन** (१९९८), ऋद्धिबहादुर मल्लको **शर्मिष्ठा** (२००६), भुवनेश्वर

कोइरालाको **वैकुण्ठ महल** (२०१३), **सत्य सन्देश विधुवा जीवन**(२०१३) इन्द्र सुन्दासको **मङ्गली**..(२०१५), भारती खरेलको **एउटी आमाको कथा** (२०४८), आदि प्रमुख मानिन्छन् (सुवेदी, २०६४ :६८, ६९) ।

आदर्शवादी उपन्यासहरूमा व्यावहारिकता सम्भावित समेतको अपेक्षा राख्ने गरिएको छैन । रचनाको मौलिकता, वस्तुको साङ्गठनिकता,कलाको नवीनता आदिमा जोड दिँदा पनि विश्वसनीयतालाई भुल्ने गल्तीहरू प्रशस्त भएका छन् । त्यसरी नै चरित्रको समायोजनमा पनि अति मानवीय आधार र अति मानवीय अनाचारको प्रस्तुति भएको छ । यसरी हेर्दा सबैभन्दा मानवसम्मत चरित्र भएको पहिलो उपन्यास **रूपमती**लाई लिने गरिन्छ । त्यसकारण आदर्शवादी उपन्यास लेखनको आधारस्तम्भ **रूपमती** नै ठहर्छ (सुवेदी, २०६४: ६९) ।

**ख) स्वच्छन्दतावादी धारा**

वैयक्तिक अनुभवलाई सहज र स्वच्छन्द तरिकाले व्यक्त गर्ने काम स्वच्छन्दतावादले गर्दछ । तार्किकता र बौद्धिकताका विपरीत कल्पना र भाववेग माथि विशेष जोड दिने कलात्मक प्रवृत्ति नै स्वच्छन्दतावाद हो । स्वच्छन्दतावादको मूल मर्म यथार्थदेखि पलायन हो । आजको तनाव र अभावको युद्ध र रोगको दौडधुप एवम् तेरोमेरो सङ्कीर्णतामा जुटेको मूल्यलाई पनि लत्याएर पुरातन आर्य प्रकृतिको स्वच्छन्द जीवन भोगमा प्रवृत्त रहने धारणा स्वच्छन्दतावादको हो (सुवेदी, २०६४ : ८३) । आदर्शको सुधारवादी र यथार्थको पलायनवादी पक्षको सङगमबिन्दु बनेर उभिने विचारबिन्दु नै स्वच्छन्दतावाद हो । प्रणयप्रसङ्गका माया र स्नेहको सामाजिक मान्यतामा सीमाको अस्वीकृत र पारिस्थिति एवम् व्यवहार, स्वप्निल चाहनाको अवस्थाजस्ता प्रवृत्ति स्वच्छन्दतावादमा देखा पर्दछन् । नेपाली उपन्यास परम्परामा रूपनारायण सिंहको **भ्रमर** (१९९३), उपन्यासबाट स्वच्छन्दतावादी उपन्यासको अभ्युदय भएको हो (सुवेदी २०६४ : ८४) ।

यस धारामा उपन्यास लेख्ने उपन्यासकार र उपन्यासहरूमा रूपनारायण सिंहको **भ्रमर** (१९९३) र **बिजुली** (.२००६), आच्छा राई रसिकको **लगन** (२०१२), शिवकुमार राईको **बङगलाको डाक** (२०१३) लीलाध्वज थापाका **मन** (२०१७), **शान्ति** (२०१५) र **पूर्वस्मृति** (२०१६), प्रकाश कोविदको **सङ्गम** (२०२१), **दुई फूल एक भूल** (२०२८) र **देवता** (२०२९), युधिर थापाको **जिन्दगी** (२०२२) र **अधुरो माया (२०२४),** चेतन कार्कीको **हनिमुन** (२०२५) र **ढलेको गिलास** (२०३५), गोविन्दराज शर्माको **जाल** (२०२७),**पर्खाल** (२०३१), **सपना** (२०३१), समीरण प्रियदर्शी **बालिवेदी** (२०२७) र **पोखिएको जिन्दगी** (२०२८), रमाकान्त गुप्ताको **आहुती** (२०३१), बानीरा गिरीको **कारागार** (२०३४), चित्र सिकारुको **घुम्टो**

**उघ्रिएपछि** (२०३५), सानी माया (२०३९), चन्दप्रकाश न्यौपानेको **बुद्धको नाइके** (२०५०), आदि प्रमुख रहेका छन् (सुवेदी :२०६४,८८,८९) ।

यस प्रवृत्तिका उपन्यास हालसम्म लेखिंदै छन् । कुनै एउटा कालखण्डलाई यस धाराले ओगट्न सकेको छैन । यो धारा प्रवासबाट हुर्केर उच्चतामा पुगेको छ । यस धाराका उपन्यासले मुख्यतः प्रवासी नेपाली जीवनकथालाई आधार बनाएका छन् । **भ्रमर** यस धाराको प्रारम्भिक र उत्कृष्ट कृति हो । यस धाराका उपन्यासमा औपन्यासिक शिल्प र सङ्गठन कसिलो देखिन्छ ।

**ग) सामाजिक यथार्थवादी धारा**

समाजमा जे छ त्यसलाई तटस्थ रूपमा प्रस्तुत गर्ने मान्यता सामाजिक यथार्थ हो । सामाजिक यथार्थका साथै मान्छेको जीवन र समाजका बीचको सम्बन्धले मान्छेको जीवनमा देखा पर्ने वास्तविकतालाई जस्ताको तस्तै प्रस्तुत गर्ने साहित्यिक मूल्य मान्यता यथार्थवाद हो । समाजको आर्थिक संरचनाबाट पीडित बनेर सिकार भएका जीवन मागलाई कर्मको फल ठान्ने षड्यन्त्रबाट पीडित क्षणहरूलाई पनि प्रारब्धको आर्जन ठान्ने, जाति, धर्म, लिङ्ग, वर्ण, आदिका कृत्रिम आवरणलाई राखेर सिकारको कारण प्रस्तुत गर्ने कला सामाजिक यथार्थवादी चिन्तन कला हो (सुवेदी, २०६४ : १०७) ।

नेपाली उपन्यासमा लैनसिंह बाङ्देलको **मुलुकबाहिर** (२००४) पहिलो सामाजिक यथार्थवादी उपन्यास हो (प्रधान, २०६१ : ९८) । यसै उपन्यासबाट सामाजिक यथार्थवादी धाराको सुरुवात् भएको हो । बाङ्देलको **माइतघर** (२००५), **लङगडाको साथी** (२००८) र **रेम्ब्राण्ट** (२०२३) त्यसैगरी अन्य उपन्यासकार र उपन्यासहरूमा लीलबहादुर क्षेत्रीको **बसाइ** (२०१४), **अतृप्त** (२०२६) र **ब्रहमपुत्रको छेउछाउ** (२०४३), दौलत विक्रम बिष्टको **मञ्जरी** (२०१६), **एक पालुवा अनेकौं याम** (२०२६), **ज्योति ज्योति महाज्योति** (२०४५), **पहाड र मान्छे** (२०४५) र **फाँसीको फन्दा** (२०४८), तारानाथ शर्माको **ओभ्रेल पर्दा** (२०२३), **मेरो कथा** (२०३०), **सुली** (२०३०) र **नेपालदेखि अमेरिकासम्म** (२०४९), केशवराज पिँडालीको **एकादेशकी महारानी** (२०२६), **अन्तदेखि सुरु** (२०३४), जगदीश घिमिरेको **लिलाम** (२०२७) र **साबिति** (२०३२) धच गोतामेका **घामका पाइलाहरू** (२०३५) र **यहाँदेखि त्यहाँसम्म** २०४२), राजेश्वर देवकोटाको **आवर्तन** (२०४१), **द्वन्द्वको अवसान** (२०४२), र **उत्सर्ग प्रेम** (२०४४), बखतबहादुर थापाको **परदेश** (२०५८) र **कुहिरो र काग** (२०६०), भागीरथी श्रेष्ठको **मालती** (२०३४) र **यस्तो एउटा आकाश** (२०४६), आदि उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यास मान्न सकिन्छ (सुवेदी, २०६४ : १०९, १११, १८२) ।

सामाजिक यथार्थवादी धारागत प्रवृत्ति भएका उपन्यासमा समाजका मध्यमवर्ग र निम्नवर्ग जीवनका यथार्थलाई प्रस्तुत गरेका छन् । यस धाराका उपन्यासमा तीव्र गद्यात्मक स्वरूप भएको पाइन्छ । यसरी समाजको यथार्थपक्षलाई विभिन्न कोणबाट उद्घाटन गर्ने काम यस धाराका उपन्यासमा लेखकीय दृष्टि समाजको वस्तुगत द्रष्टाका रूपमा व्यक्त भएको छ । यस समयका अगुवा व्यक्तित्वका रूपमा उपन्यासकार लैनसिंह वाङ्देल हुन् ।

## घ) प्रगतिवादी धारा

प्रगतिवादी मार्क्सवादको साहित्यिक अवतरण हो । समाजमा रहेको आर्थिक विषमता हटाई समता ल्याउनुपर्छ भन्ने र देशको सम्पूर्ण साधन र स्रोत तथा सम्पत्ति सबैको एकलौटी अधिकार हुन नदिई सबैले मिलेर परिश्रम गर्दै र उत्पादन र उत्पादित उपभोग्य सामग्रीमा समाजको साझा अधिकार रहनुपर्दछ भन्ने राजनैतिक सिद्धान्त आत्मसात् गर्ने प्रगतिवाद हो । प्रगतिवादलाई समाजवादी यथार्थवादी पनि भनिन्छ । शोषण र दमनकारी पक्षका विरुद्ध जुट्ने मानव चेतना मुखर नभएको अवस्था सामन्तवादी अवस्था हो । यिनै द्वन्द्वका परिणतिबाट सर्वाहारा श्रमिकहरूका पक्षमा स्थापित हुने स्थानसम्म पुग्ने गरी समाजको रूपान्तरण तहमा ल्याउनुपर्ने भन्ने परिवर्तनका निम्ति माक्सवादी विश्वदृष्टिकोणको अपेक्षा यसले राख्दछ । द्वन्द्वात्मक भौतिकवादको वरिपरिबाट साहित्यको चिन्तन गर्न लागेपछि साहित्य र राजनीति परस्पर सम्बन्धित तत्त्व बन्दछन् । सङ्गठनात्मक कला र साहित्य निकटतम् तत्त्व बनेपछि साहित्यले श्रमजीवि वर्गको यथार्थलाई कथ्य बनाउनुपर्दछ भन्ने तथ्यलाई समाजवादी यथार्थवादले स्विकार्दछ (सुवेदी २०६४ : ४२३) ।

नेपाली उपन्यास परम्परामा हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** (२०११) बाट प्रगतिवादी धाराको आरम्भ भएको हो । मुक्तिनाथ तिम्सिनाको **को अछूत ?** (२०११), हृदयचन्द्रसिंह प्रधानको **एक चिहान** (२०१७), खगेन्द्र सङ्ग्रौलाको **चेतनाको पहिलो डाँक** (२०२७) र **जुनकिरीको सङ्गीत** (२०५५), पारिजातको **उसले रोजेको बाटो** (२०३५) र **अनिदो पहाडसँगै** (२०३९), मोदनाथ प्रश्रितको **चोर** (२०४४), ऋषिराज बरालको **कामरेड हुतराजको राजधानी प्रस्थान** (२०४८) र **सगरमाथा** (२०६५), घनश्याम ढकालको **गाउँ भित्र** (२०४७) र **रातो आकाश** (२०६०), नारायण ढकालको **दुर्भिक्षा** (२०६१), रमेश विकलको **अविरल बग्दछ इन्द्रावती** (२०४०), प्रदिप नेपालका **पूर्वीतिर** (२०४३), **बुङ्गलाका साँझहरू** (२०४६) आदि प्रगतिवादी उपन्यास हुन् (सुवेदी, २०६४: १९०, १९१) ।

प्रगतिवादी धारामा लेखकीय संलग्नता बढ्दै गएको पाइन्छ । समाजका जातीय संस्कृति, आर्थिक, जस्ता विविध पक्षका समस्यालाई उतार्दै त्यसबाट मुक्तिको चाहना व्यक्त गरिएको पाइन्छ । परम्परागत रुढि, कुरीतिहरूको विरोध गरी जनतालाई सङ्गठित गर्दै

उद्देश्यपूर्ण ढङ्गले क्रान्ति गरी समतामूलक समाजमा पुग्न प्रेरित गर्नु यस धाराका प्रमुख प्रवृत्ति हुन् । यी प्रगतिवादी उपन्यासहरूले नेपाली उपन्यासको विकास नवीन औपन्यासिक मोडको स्थापना गरे पनि उपन्यासकार बाङ्गदेलको **मुलुकबाहिर** र **लङ्गडाको साथी**ले झैं औपन्यासिक संरचनाको उपलीब्धचाहिं प्राप्त गर्न नसकेको र बाङ्गदेलको औपन्यासिक नेतृत्वलाई पनि चुनौती दिन नसकेको अनुभव हुन्छ (प्रधान, २०४० : १३७) । यस धाराका उपन्यासका कथावस्तुको उचित परिवेश तयार नभएको कलात्मकताको राम्रो निर्वाह हुन नसकेको देखिन्छ । बराल र एटम (२०५६ : १५५) । यो धारा वि.सं. २०११ सालमा देखा परी अहिलेसम्म पनि उत्तिकै निरन्तरता पाइन्छ ।

**ङ) मनोवैज्ञानिक धारा**

जब कुनै कृतिमा मानवको आन्तरिक पक्षलाई स्थान दिइन्छ तब त्यो कृति मनोवैज्ञानिक हुन्छ । अर्मूत तत्त्वहरूको अध्ययन र विश्लेषणका माध्यमबाट मूर्त वस्तु र कार्यात्मक रूप उद्घाटन गर्ने विज्ञान हो मनोविज्ञान (सुवेदी, २०६४ : २४५) । मान्छेका स्मृति र विस्मृतिमा मान्छेका स्वप्न, तन्द्रा र जागरणमा आवेग रहने विभिन्न मनस्थितिलाई प्रतिपादन गर्ने कला मनोवैज्ञानिक रचनामा हुन्छ । अचेतन मनका पात्रहरूमा निहित विषयहरू अर्द्धचेतन तहमा आउने र त्यसपछि चेतना तहमा आउने प्रक्रियासम्मको मनोपात्र साहित्यका माध्यमबाट प्रकट हुन्छ । यस्ता अनेकौं पक्षहरू रचनाकै माध्यमबाट तयार हुन्छन् र मान्छेका स्वतन्त्र चिन्तन उन्मुक्त मनोभाव र तृष्णा वितृष्णाका सारा पक्षहरू परिपूर्णको अभावमा पर्नु परेपछि दमित हुँदै जान्छन् । अचेतन मनको तहमा गएर गुम्सिएर बस्दछन् । यिनै पक्षहरूको उद्घाटन गरी लेखिएका उपन्यास मनोवैज्ञानिक वा मनोविश्लेषणात्मक हुन्छन् ।

नेपाली उपन्यास परम्परामा मनोवैज्ञनिक प्रवृत्तिको पहिलो कृति गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** (२०१६) हो । त्यसैले नेपाली उपन्यास क्षेत्रमा सर्वप्रथम मनोविश्लेषणतर्फ उन्मुख पल्लो घरको झ्याल नेपाली भाषाकै एउटा नौलो परिपाटीको प्रयोग हो र पछिबाट उपन्यासकार विजयमल्लको **अनुराधा** (२०१८) उपन्यासले यस परम्परालाई विकास गर्दै लगेको पाइन्छ (प्रधान, २०४० : १३८-१३९) । यस प्रवृत्तिमा आधारित भई उपन्यास लेख्ने उपन्यासकारहरूमा विश्वेश्वरप्रसाद कोइराला र उनको **तीन घुम्ती** (२०२५), **सुम्निमा** (२०२७), **नरेन्द्र दाइ** (२०२७) र **मोदी आइन्** (२०२६), त्यसैगरी तारणिप्रसाद कोइरालाको **सर्पदंश** (२०२६), पारिजातको **शिरिषको फूल** (२०२२) र **बैंसको मान्छे** (२०२९) नकुल सिलपालको **तेस्रो पाइला** (२०४७), आदि उपन्यास मात्र मनोवैज्ञानिक मान्न सकिन्छ (सुवेदी २०६४ : २७०)।

मनोवैज्ञानिक उपन्यासमा मानवमनका गहिराइसम्म उपन्यासकार पुगेर त्यसलाई खोतल्ने प्रयास गर्दछन् । मान्छेको मनका विविध उतार चढाव यस्ता उपन्यासको विषयवस्तुका रूपमा रहेको छ । आदर्श मूल्य मान्यतालाई अस्वीकृत गर्दै मानवीय कामनालाई यस धाराका उपन्यासले प्रमुखता दिएका छन् ।

### च) विसङ्गगतिवादी अस्तित्ववादी धारा

मनोविश्लेषणवादी धाराका उपन्यासमा जस्तै सामाजिक कथ्यलाई अस्वीकार गरी वैयक्तिक मनोजगत्का कुण्ठा र जिजीविषालाई आत्मसात गरेका उपन्यास विसङ्गतिवादी अस्तित्ववादी धाराभित्र पर्दछन् । विसङ्गतिवादी र अस्तित्ववादी धारा दुई फरक भए पनि ती एक अर्कामा पूरक छन् । विसङ्गतिका बीच अस्तित्वको खोजी गरिने हुनाले यी दुवै प्रवृत्तिलई एउटै धारामा समावेश गरी चर्चा गरिएको पाइन्छ । यस्ता उपन्यासमा सामाजिक संस्कार र नैतिक मूल्य मान्यतालाई अस्वीकार गर्दै व्यक्तिसत्तालाई स्वीकार गर्नु, जीवनजगत् मानवीय इच्छा, आकाङ्क्षा र जीवन-मरण केही कुराबीच सङ्गति नदेख्नु, मानिस जन्मदै मृत्यु लिएर आउँछ, त्यसैले आफ्नो अस्तित्वको खातिर प्राण त्याग गर्न पनि पछि पर्दैन भन्ने मान्यता राख्नु, अन्तर्मुखी व्यक्तिवादी र पलायनवादी चरित्र प्रस्तुत गर्नु जस्ता प्रवृत्ति यस धाराका प्रमुख प्रवृत्ति हुन् ।

आधुनिक नेपाली उपन्यासको परम्परामा यस धारामा उपन्यास लेख्ने उपन्यासकारमा इन्द्रबहादुर राई छन् । उनको **आज रमिता छ** (२०२१) बाट विसङ्गतिवादी धारा उदय भएको हो र पारिजातको **शिरिषको फूल** (२०२२) बाट अस्तित्वादी धाराको उदय भएको हो । विसङ्गतीवादी अस्तित्वादी धारामा उपन्यास लेख्ने अन्य उपन्यासकारहरूमा ध्रुवचन्द्र गौतम र उनको **डापी** (२०३३), **अलिखित** २०४०, ध्रुव सापकोटाको **विखण्डित** (२०५७), सरुभक्तको **पागल वस्ती** (२०४८) र **तरुनी खेती** (२०५२), आदि विसङ्गतिवादी अस्तित्ववादी परम्पराका उपन्यास हुन् (सुवेदी, २०६४: २९७) ।

यो धारा तीसको दशकसँगै सुरु भएर विकसित भएको हो । आधुनिक नेपाली उपन्यासमा अस्तित्वादी तथा विसङ्गतिवादी उपन्यासको प्रभाव हाम्रो समाजमा पनि देखेर उपन्यासकारले उपन्यास लेखेका छन् ।

### छ) प्रयोगवादी धारा

नेपाली उपन्यासको आधुनिक कालमा आएर विश्व साहित्यमा देखापरेका दार्शनिक चिन्तनहरूलाई भित्राउने काम उपन्यासकारबाट भएको छ । साहित्यका रचित औपन्याससिक कृति हुन् (बराल र एटम, २०५६ : १७७) । यी उपन्यासहरूको किराँती

पुराण, कृष्णको मिथक, वैदिक कालीन समाज दर्शन आदिलाई स्रोत बनाएका छन् । प्रयोगका क्रममा विधागत अन्तर्मिश्रण गरिएको मदनमणि दीक्षितको **त्रिदेवी** (२०५२) पनि नवीनरूप हो (बराल र एटम २०५६ : १७७) । यसरी विसङ्गतिवादी लेखन प्रवृत्तिबाट प्रयोगको थालनी भएको नेपाली उपन्यास परम्परा एउटा विचार र दर्शकमा केन्द्रित नभई अस्तित्ववादी हुँदै अगाडि बढेको छ । कथ्य शैली र भाषामा नवीन प्रयोग गरी प्रकृतिका साथै विधागत अन्तर्मिश्रण भएको पाइन्छ । यसर्थ यी विभिन्न प्रवृत्तिलाई अँगालेर यो धारामा विकसित भएको पाइन्छन् ।

**ज) समसामयिक धारा**

आधुनिक नेपाली उपन्यास परम्परामा वि.सं. २०३३ मा ध्रुवचन्द्र गौतमको **डापी** उपन्यास प्रकाशन भएपछि नवीन समसामयिक प्रवृत्तिको प्रर्वतन हुन पुगेको छ (पौडेल २०६४-०६५ : १९२) । यस धाराभित्र परम्परागत नियमलाई अस्वीकार गर्ने नयाँ शैलीयुक्त विम्बात्मक स्वैरैकल्पना र रहस्यमय प्रस्तुति चेतनाप्रवाह शैली, विम्बात्मक भाषाको प्रयोग उत्तर वैदिक कालीन विषयवस्तु तथा धर्म र पुराणमा नयाँ अर्थको खोजी आदिम सभ्यता र संस्कारहरूसँग वर्तमान जटिल परिस्थितिकाबीच सामञ्जस्य देखाउने प्रवृत्ति यस धारामा भएको छ । पौराणिक मिथकहरूको समकालीन प्रयोगका साथै सामाजिक यथार्थ र मिथकको अन्तरमिश्रणबाट नवीनताको सिर्जना गर्ने प्रयास जस्ता समसामयिक प्रयोग तथा मिथकीय प्रयोग भएका उपन्यासहरू लेखिएका र लेखिँदै आएका छन् । यस धारामा उपन्यास लेख्ने उपन्यासकारहरू पनि उल्लेख्य मात्रामा पाइन्छन् ।

यसरी रुद्रराज पाण्डे **रूपमती** उपन्यासबाट सुरु भएको नेपाली आधुनिक उपन्यास परम्परा विभिन्न प्रवृत्ति र धाराका रूपमा विकसित हुँदै आएको पाइन्छ । देशको सामाजिक सांस्कृतिक तथा राजनैतिक परिवर्तनसँग उपन्यास परम्परा धारा तथा प्रवृत्तिमा पनि परिवर्तन आई विभिन्न मोडहरू पार गरेको पाइन्छ । नेपाली साहित्यको क्षेत्रमा विभिन्न उपन्यासकारहरूले विभिन्न क्षेत्रमा विभिन्न उपन्यासकारहरूले विभिन्न समयमा भिन्न-भिन्न प्रवृत्ति देखाएर उपन्यासहरू लेखेका छन् । यो क्रम अहिले वर्तमानसम्म मात्र नभई भविष्यमा चल्दै जानेछ भन्ने विश्वास लिन सकिन्छ ।

परिच्छेद तीन

# उपन्यासकार भागीरथी श्रेष्ठ

## ३.१ भागीरथी श्रेष्ठको जीवनी

### ३.१.१ जन्मस्थान र पारिवारिक पृष्ठभूमि

नेपाली साहित्यका क्षेत्रमा सामाजिक यथार्थवादी स्रष्टाका रूपमा परिचित भागीरथी श्रेष्ठको जन्म वि.सं. २००५ असोज १० गते लुम्बिनी अञ्चलको गुल्मी जिल्ला रिडी बजारमा भएको हो । उनी बाबु राजकुमार बजिमय र माता जानकी बजिमय कोखबाट दोस्रो सन्तान तथा एकल छोरीका रूपमा जन्मेकी हुन् (शोधनायिकाबाट प्राप्त जानकारी) ।

भागीरथी श्रेष्ठको परिवारमा उनी हजुरआमा, बाबु राजकुमार बजिमय, आमा जानकी बजिमय, जेठा दाजु विश्वनाथ बजिमय, माहिला भाइ कल्याणकुमार बजिमय, साहिंला भाइ धर्मकुमार बजिमय र कान्छा भाइ कैलाश बजिमय र आफू गरी जम्मा आठ जनाको परिवारमा हुर्केकी हुन् । (शोधनायिकाबाट प्राप्त जानकारी) । उनका पिता सरकारी जागिरे थिए । उनका पिताले परिश्रम र इमान्दारलाई सधै सम्मान गर्थे र त्यसताका रिडी बजारका प्रसिद्ध समाजसेवी, परोपकारी र शिक्षाप्रेमीका रूपमा परिचित थिए । उनकी माता जानकी बजिमय पनि कुशल परोपकारी र सरल हृदय भएकी नारी थिइन् । उनकी माता धर्मकर्ममा आस्था एवम् विश्वास राख्ने हुनाले यिनका घरमा बिहान बेलुका सधै पूजा-पाठ हुन्थ्यो (गौतम, २०५१ : १) ।

यसरी श्रेष्ठको रिडी बजारको मध्यम वर्गीय नेवार परिवारकी सदस्यको रूपमा जन्म भयो । उनका पिता सरकारी जागिरे हुनाले पैतृक जग्गा-जमिन पनि प्रशस्त भएकाले घरको आर्थिक स्थिति राम्रो थियो (गौतम २०५१) ।

### ३.१.२ बाल्यकाल

बाबु-आमाकी एक्ली छोरीका रूपमा जन्मेकी भागीरथी श्रेष्ठले आफ्ना बाल्यकालमा आमा-बाबुबाट प्रशस्त माया पाएकी थिइन् । उनको सुन्दर ,आकर्षण र स्वास्थ्य बाल व्यक्तित्वका कारणले उनलाई छिमेका सबै मान्छेले माया गर्थे । सानै उमेरदेखि उनका मानसिकतामा अरु पनि दया मायाको भावाना छ । उनी बाल्यकालमै आफ्नी बृद्ध हजुर आमालाई ज्यादै माया र आफूसक्दो सेवा गर्दथिइन् । बेलुका सुत्ने बेलामा हजुरआमाका गोडामा तेल घसिदिनु र आवश्यक परेमा  रातिमा पानी तताएर खुवाउनुजस्ता कार्य उनका

नित्यकर्मै जस्तै थिए । श्रेष्ठको यस्तो स्वभाव देखेर उनलाई सबै छरछिमेकले बजैको सेवा गर्ने नातिनीका रूपमा चिन्दथे । वि.सं. २०२१ मा उनकी हजुरआमाको परलोक भयो । त्यसबेला भागीरथीको उमेर १६ वर्षको थियो । यस घटनाले उनको किशोर मानसिकतामा ज्यादै ठूलो चोट पुग्यो । हजुरआमाको निधनपछि उनले आफ्ना आमा-बाबु र दाजुभाइ हुँदाहुँदै पनि एक्लो अनुभव गर्न थालिन् (गौतम, २०५१: २) ।

यसरी भागीरथी श्रेष्ठको बाल्यकाल मध्यम वर्गीय परिवारमा बितेको पाइन्छ । उनले सानैदेखि स्नेह माया पाएकाले पनि अरुलाई दया करुणाको भाव व्यक्त गर्ने स्वभाव उनमा छ । उनले बाल्यकालमा खासै दुःखकष्ट भोग्नु परेन । उनी सानै उमेरदेखि धर्मकर्ममा रुचि गर्थिन् । त्यसैले उनी सधैंजसो साथीहरूसँग मिलेर मन्दिरमा पूजा गर्न जान्थिन् । उनी सानैदेखि आफ्ना काममा अत्यन्त लगनशील थिइन् । पढाइप्रति पनि उनी त्यतिकै ध्यान दिएको पाइन्छ । यिनै गुणले गर्दा आफ्नो परिवार र छरछिमेकमा समेत उनी सानैदेखि एउटा आदर्श बालिकाका रूपमा उनको बाल्यकाल बितेको पाइन्छ ।

### ३.१.३ शिक्षादीक्षा

भागीरथी श्रेष्ठका बाल्यकालमा घर नजिकै विद्यालय भएकाले उनले आधारभूत शिक्षाको लागि खासै कठिनाइ भोग्नुपरेन । उनका बाबु पनि शिक्षित भएकाले छोरीलाई पनि पढाउनुपर्छ भन्ने मानसिकता थियो । त्यसैले उनले सानै उमेरदेखि नियमित रूपमा विद्यालयमा शिक्षा प्राप्त गर्ने सुविधा प्राप्त भयो । गुल्मीको रिडी हाईस्कूलबाट माध्यमिक स्तरसम्मको पढाइ पूरा गरी २०२३ सालमा त्यही विद्यालयबाट एस्.एल्.सी. उत्तीर्ण गर्ने तीन जना विद्यार्थीमा श्रेष्ठ एकमात्र छात्रा थिइन् (शोधनायिकाबाट प्राप्त जानकारी) । त्यसपछि श्रेष्ठ उच्च शिक्षा हासिल गर्न तीव्र हुँदाहुँदै पनि एकवर्षसम्म उच्च शिक्षा हासिल गर्न पाइनन् । त्यस अवस्थामा रिडीमा उच्च शिक्षा हासिल गर्ने संस्था आजभोलिजस्तै प्रशस्त थिएनन् । उच्च शिक्षा हासिल गर्न घरदेखि धेरै टाढा जानुपर्ने भएकाले त्यति सहज थिएन । उनलाई बाहिर पढाउन उनको उमेर पुगेकाले आमाबाबुले अलि अप्ठ्यारो मानेका थिए । यसैकारणले उनी एक वर्षसम्म त्यतिकै घरमा बसिन् (गौतम, २०५१ : ३) । उनी उच्च शिक्षाको अभिलाषा पूरा गर्न वि.सं. २०२४ मा काठमाडौँ आइन् र पद्मकन्या कलेजमा इन्टरमिडियट तहको नियमित छात्राको रूपमा भर्ना भई पढ्न थालिन् । उनले पद्मकन्या कलेजबाट द्वितीय श्रेणीमा इन्टरमिडियट (आई.ए.) पनि उत्तीर्ण गरिन् । त्यसवर्ष नेपालका लागि अमेरिका आवसीय राजदूत सेलेसले पद्मकन्या कलजेबाट आइ.ए.मा उत्तीर्ण भएका सम्पूर्ण छात्रालाई अभिनन्दन गर्न एक समारोहको आयोजना गरेका थिए । त्यस समारोहमा सहभागी भएपछि उनमा उच्च शिक्षाप्रति झन तीव्र इच्छा प्रकट भयो

(शोधनायिकाको भनाइबाट) । वि.सं. २०२६ मा उनी वैवाहिक जीवनमा आबद्ध भइन् । विवाहपछि उनी श्रीमान्सँगै बस्न पर्ने भएकोले दुई वर्षसम्म उच्च शिक्षा हासिल गर्ने तीव्र चाहना त्यतिकै विमुख भयो । वि.सं. २०२८ मा श्रीमान्को काठमाडौँमा सरुवा भएपछि पुनः उनी पद्मकन्या कलेजमा स्नातक तहमा भर्ना भई पढ्न थालिन् । तर परिवारको असुविधाका कारणले गर्दा उनले त्यसबेला स्नातक तहको पढाइ पूरा गर्न पाइनन् । पछि वि.सं. २०३६ मा व्यक्तिगत (प्राइभेट) परीक्षार्थीका रूपमा सहभागी भई उनले त्रिभुवन विश्वविद्यालयबाट स्नातक तह तृतीय श्रेणीमा उत्तीर्ण गरिन् (गौतम, २०५१ : ४) ।

वि.सं. २०३८ देखि भागीरथी श्रेष्ठले स्थायी रूपमा जागिर गर्न थालिन् तर उनको स्नातकोत्तर तहको अध्ययन गर्ने इच्छा थियो । त्यसैले उनले वि.सं. २०३८ मा व्यक्तिगत (प्राइभेट) विद्यार्थीका रूपमा नेपाली विषयमा स्नातकोत्तर तहको तयारी गरी त्रि.वि.बाट एकपत्रको परीक्षा पनि दिइन् तर आफ्ना पारिवारिक समस्याका कारणले गर्दा उनले स्नातकोत्तर तहको पढाइ पूरा गर्न पाइनन् । उनले यस आकाङ्क्षालाई अधुरै छोड्नुपऱ्यो (शोधनायिकाबाट प्राप्त जानकारी) ।

यसरी भागीरथी  श्रेष्ठले माध्यमिक तहको शिक्षासम्मको पढाइमा सहज वातावरण भए पनि उच्च शिक्षाका निम्ति त्यति सहज भएन । उच्च शिक्षाको अध्ययनका सिलसिलामा विभिन्न किसिमका बाधा व्यवधानहरू बेहोर्नु परेको थियो । त्यसमा श्रीमान्को जागिर उपत्यका बाहिर हुनु, अर्कोतिर आफ्नो जागिर हुनु र दुई छोरा र एक छोरीकी आमाका रूपमा पारिवारिक जिम्मेवारी लिनुपर्ने परिस्थितिजस्ता कारणले गर्दा पनि उनले स्नातक तहसम्मको शिक्षा हासिल गरिन् । उनको स्नातकोत्तर तहको पढाइ पूरा गर्ने धोको चाहिँ त्यत्तिकै अधुरो रहिरहेको छ ।

### ३.१.४ विवाह तथा पारिवारिक स्थिति

भागीरथी श्रेष्ठको  बाबुआमा शिक्षित भए पनि त्यसबेलाको परम्परावादी समाजले गर्दा छोरीलाई स्वतन्त्र रूपमा छोड्दा उनीहरू बिग्रिन्छन् भन्ने धारणा थियो । त्यसैले गर्दा वि.सं. २०२६ मा २१ वर्षको उमेरमा पाल्पा भैरवस्थान निवासी दुर्गाप्रसाद श्रेष्ठसँग हिन्दु परम्पराअनुसार उनको विवाह भयो । उनी आफ्नो दुलाहा गरिब भएपनि शिक्षित र दयालु होस् भन्ने इच्छा राख्दथिन् (गौतम, २०५१ :५) । उनले भनेजस्तै वास्तविक जीवनसाथी पाएकी थिइन् । आफ्नो चाहनाअनुसार शिक्षित पतिका कारणले उनले परिवारिक जीवनमा कुनै किसिमको दुःख भोग्नुपरेन ।

वि.सं. २०२६ मा २१ वर्षको उमेरमा उनको विवाह भएपछि वि.सं. २०२८ मा उनका कोखबाट प्रथम सन्तानको जन्म भयो । श्रेष्ठ आफूले पनि स्नातक तह उत्तीर्ण गरेकी

र श्रीमान्ले पनि एम.ए. पास गरेको हुनाले उनीहरू बीच एक आपसमा सुख, दुःख बुझ्नसक्ने क्षमता थियो । दुवै शिक्षित भएकाले जीवनमा खासै यी दुवैमा  मनमुटाव भएन । श्रीमान् जागिरे भएकाले श्रीमान् जहाँ जान्छन्, उनी पनि सँगै गएकाले उनी एक्लै बस्नुपरेन । उनको घरमा आएका सदस्यसँग निकट सम्बन्ध पनि भएन । उनले घरमा सासूको कडा बुर्हातन पनि खेप्नुपरेन । घर परिवारबाट उनले सधैँ मायाममता पाउँदै आएकी छन् ।

उनका दुई छोरा एक छोरी छन् । हाल उनी कान्छा छोराबुहारीसँग काठमाडौँको चपली भन्ने ठाउँमा बस्दै आएकी छन् ।

### ३.१.५ रुचि र स्वभाव

भागीरथी श्रेष्ठमा विभिन्न संघ/संस्थाको स्थापना गरी ती संस्थाको माध्यमबाट सामाजिक सेवा गर्ने रुचि पाइन्छ । उनको ज्यादा रुचि चाहिँ साहित्य सिर्जना नै रहेको छ । त्यसैले उनी विभिन्न पत्र-पत्रिका अध्ययन गर्न मन पराउँछिन् । उनले सानैदेखि विभिन्न पत्र-पत्रिकामा लेख-रचना प्रकाशित गर्नुका साथै साहित्यिक पत्र-पत्रिकाको सम्पादन कार्य गरेकी छन् (शोधनायिकाबाट प्राप्त जानकारी) । बाल्यकालदेखि नै उनको नृत्य र संगीतप्रति रुचि रहेको थियो । विद्यालयमा पढ्दा त्यहाँ आयोजना गरिने कार्यक्रमहरूमा गीत गाउने, नाच्ने नाटक खेल्ने र खेलाउने आदि क्रियाकलापमा क्रियाशील रहन्थिन्  (गौतम, २०५१ :७) ।

भागीरथी श्रेष्ठले आफ्ना विगतका घटनाहरू सुनाउन ज्यादै मन पराउँछिन् त्यसैले उनी आफ्ना जीवनमा घटेका घटनाहरू रुचिपूर्वक अरुलाई सुनाउँछिन् र बेलाबखत तिनलाई आत्मसंस्मरणका रूपमा लिपिबद्ध गरेर नयाँ **अभियान, जनमत, विमोचन**, जस्ता पत्र-पत्रिका प्रकाशित गरेकी छन् (गौतम, २०५१ : ८) । उनलाई सिर्जनामा सबैभन्दा बढी रुचि छ । त्यसैले उनले कविता, नाटक, कथा तथा महिलासम्बन्धी विभिन्न लेख रचनाका माध्यमबाट आफ्नो सिर्जनात्मक सन्तुष्टि लिँदै आएकी छन् । साहित्यको अध्ययन पनि उनको अर्को महत्त्वपूर्ण रुचि क्षेत्र हो । प्रायः उनलाई चेखव, टल्सटाय, गोर्की, प्रेमचन्द्र, कृष्णचन्द्रजस्ता विदेशी साहित्यकार र गुरूप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, रमेश विकल, विजय मल्ल पारिजात जस्ता स्वदेशी साहित्यकारका साहित्यिक रचनाहरू पढ्न मन पर्दछ (गौतम, २०५१ :८) ।

भागीरथी श्रेष्ठ नेपाली परम्परा र साधारण पहिरन रुचाउँछिन् । उनलाई आफ्ना परम्परागत धार्मिक रीतिरिवाज पनि त्यत्तिकै मनपर्छ उनले जात भात र छूवाछूतलाई भने त्यति रुचाउँदिनन् । उनी सधैँ कुनै न कुनै काममा व्यस्त राख्न रुचाउँछिन् । उनी

बेलाबखत आफ्ना मनमा आएका कुरालाई वा महत्त्वपूर्ण भावहरूलाई नोटबुकमा टिपेर राख्दछिन् (शोधनायिकाबाट प्राप्त जानकारी) । त्यसैले उनी सोही समयमा पढ्न लेख्न बढी रुचाउँछिन् (शोधनायिकाबाट प्राप्त जानकारी) । यिनै आनीबानी र क्रियाकलापलाई उनका रुचि एवम् स्वभाव मान्न सकिन्छ ।

### ३.१.६ आर्थिक अवस्था

भागीरथी श्रेष्ठ मध्यम वर्गीय परिवारमा जन्मेर हुर्किएकी हुनाले बाल्यकाल देखि नै कुनै किसिमको आर्थिक कठिनै भोग्नु परेन । आफ्ना पिता सरकारी जागिरे हुनका साथै व्यवसाय र खेतीबाट पनि प्रशस्त आम्दानी हुने भएकाले उनी र उनको परिवारले आर्थिक समस्या भोग्नुपरेन । आफू मध्यम वर्गीय परिवारमा हुर्किएकी हुनाले उनले आफ्नो वैवाहिक सम्बन्ध जोड्न आर्थिक सम्पन्नतालाई भन्दा शिक्षालाई बढी महत्त्व  दिएको पाइछ । त्यसैले सम्पन्न तर, अशिक्षित युवासँग विवाहको प्रस्ताव आउँदा यसलाई अस्वीकार गरेर आर्थिक दृष्टिले सम्पन्न नभए पनि शिक्षित युवा दुर्गाप्रसाद श्रेष्ठसँग वैवाहिक सम्बन्ध गर्न पुगिन् । उनलाई विवाहपछि पनि उनको जीवनमा कुनै आर्थिक सङ्कट परेन । बरु उनको आर्थिक अवस्था झन उन्नत हुँदै गयो । श्रीमान्को जागिर र आफ्नो पनि जागिरले गर्दा उनको आर्थिक स्थिति झन् राम्रो हुँदै गयो ।

### ३.१.७ सिर्जनाका निम्ति प्रेरणा र प्रभाव

भागीरथी श्रेष्ठले सानैदेखि नै सिर्जनाप्रति रहर देखाउन थालेकी हुन् । विद्यालय जीवनदेखि नै उनले साहित्य सिर्जनामा कलम चलाउने गरेको पाइन्छ । उनको औपचारिक साहित्यिक यात्रा वि.सं. २०२३ मा रिडी हाईस्कूलको मुखपत्र **रुरु**मा प्रकाशित **प्रबल इच्छा** कथाबाट प्रारम्भ भएको हो (शोधनायिकाबाट प्राप्त जानकारी) । यस कथाको प्रकाशनपछि उनी सिर्जनाका कार्यमा थप प्रोत्साहित हुँदै गइन ।

सानै उमेरदेखि नै विभिन्न साहित्यकारको सम्पर्कमा आइन् । उनी साहित्यप्रति स्वतः झुकाव बढ्दै गएको हो । उनलाई साहित्यसम्बन्धी प्रेरणा दिने क्रममा साहित्यकार मोदनाथ प्रश्रितसँग उनको पारिवारिक सम्बन्ध राम्रो थियो । त्यसैकारणले प्रश्रितबाट साहित्य सृजनाका निम्ति महत्त्वपूर्ण प्रेरणा पाएकी थिइन् । साथै आमाबाबु र विवाह भएपछि आफ्नो श्रीमान्बाट पनि सिर्जनात्मक कार्यका निम्ति प्रशस्त उत्साह र प्रेरणा पाउँदै गइन् । ग्रामीण परिवेशमा जन्मेर हुर्किएकी श्रेष्ठलाई आन्तरिक रूपमा साहित्यतर्फ उत्प्रेरित गर्ने उनका आफ्नै बाबु र हजुरआमा हुन् । उनी जब एक वर्षसम्म एस्.एल्.सी उत्तीर्ण गरेर घरमै बसिन् त्यस अवस्थामा उनले मनमा आएका अनेकौं गन्थनमन्थनलाई कापीमा नोट गरिन् । यसरी लेख्दालेख्दै एउटा सृजनाको स्वरूप तयार भयो । (शोधनायिकाबाट प्राप्त जानकारी) ।

अर्कातर्फ उनले सानै उमेरदेखि आफ्ना घरमा पुस्तक पत्र पत्रिका पढ्ने वातावरण पाइन् । त्यसैले गर्दा उनीभित्र सृजनप्रति रुचि पलाउँदै गयो । साथै साहित्यकार मोदनाथ प्रश्रितको सामिप्य प्राप्त हुनुले पनि उनको सृजनात्मक कार्यमा महत्त्वपूर्ण प्रेरणा प्रदान प्राप्त भयो ।

यसरी भागरिथी श्रेष्ठ आजभन्दा करिब चारदशक अगाडिबाट साहित्यमा प्रवेश पाएकी हुन् । उनले आजसम्म साहित्यका विभिन्न विधामा कलम चलाएर एउटी नारी साहित्यकारका रूपमा स्थापित छन् । आजसम्म पनि विभिन्न पत्र-पत्रिकाको साहित्यिक रचना प्रकाशित हुँदै आएका छन् । उनी पाठकहरूका बीच परिचित हुँदै गइन् । उनीभित्रको स्रष्टा व्यक्तित्व झन्-झन् बढ्दै गएको पाइछ । उनी आफ्ना सृजनात्मक कार्यबाट विभिन्न साहित्यिक संघ-संस्थाहरूबाट पदक तथा पुरस्कार पाइरहेकी छन् । यसबाट उनी झन् साहित्यिक सृजनाप्रति उत्प्रेरित हुँदै गएकी छन् ।

## ३.१.८ सम्मान तथा पुरस्कार

भागीरथी श्रेष्ठ सानैदेखि जुनसुकै काम गरे पनि लगनशीलतापूर्वक गर्ने र त्यसमा उच्च सफलता प्राप्त गर्न चाहने नारी हुन् । त्यसैले आफ्ना विद्यालयीय जीवनमा दौड, गीत, नृत्य आदि क्रियाकलापमा भाग लिँदा उनले विभिन्न पुरस्कार पाएकी थिइन् । उनी विद्यालयमा विद्यार्थी हुँदा राजा महेन्द्र गुल्मी जिल्ला भ्रमण गएको अवस्थामा उनले एउटा नृत्य प्रदर्शन गरिन् । सो नृत्यबाट प्रभावित भई राजा महेन्द्रले उनलाई पुरस्कारस्वरूप नगद रु. १,००० ।- प्रदान गरेका थिए (शोधनायिकाबाट प्राप्त जानकारी) । यसबाट प्रभावित भई उनी यस्तै पुरस्कार पाउन अग्रसर भइन् । यसरी भागीरथी श्रेष्ठ नारीका रूपमा आफ्ना पारिवारिक उत्तरदायित्व र जागिरे पेसालाई अँगालेर पनि उनले नेपाली साहित्यका क्षेत्रमा लगभग ४५ वर्ष लामो यात्रामा उनले विभिन्न अवसरमा पटक-पटक गरी विभिन्न पुरस्कार तथा सम्मान पाएकी छन् जुन यसप्रकार छन् :

- लुम्बिनी अञ्चलस्तरीय साहित्यिक सम्मेलन गद्यतर्फ स्वर्ण पदक २०३२
- रत्नश्री स्वर्ण पदक २०४३
- सर्वोत्तम टेलफिल्म पुरस्कार २०४४
- मैनाली कथा पुरस्कार २०४८
- वाङ्मय प्रज्ञा-प्रतिष्ठान पाल्पा, प्रतिभा सम्मान पत्र २०५२
- नूरगंगा प्रतिभा पुरस्कार २०५७
- राष्ट्रिय प्रतिभा पुरस्कार २०५७
- शंकर कोइराला स्मृति पुरस्कार २०५९
- कुमारी साहित्य प्रतिष्ठानबाट सम्मान २०६२

- पारिजात स्मृति साहित्य मितेरी सम्मान २०६२
- लुम्बिनी अञ्चलस्तरीय सम्मेलनमा गद्यतर्फ स्वर्ण पदक
- गरिमा पुरस्कार २०६४
- मानचित्र सञ्चार समूहबाट सम्मान २०६५
- निर्मलादेवी साहित्य पुरस्कार २०६५
- केशवलाल बाँख शित्या पुरस्कार २०६६
- रमेश विकल वाङ्मय पुरस्कार २०६७

(शोधनायिकाबाट प्राप्त जानकारी) ।

यसरी श्रेष्ठले नेपाली साहित्यका क्षेत्रमा योगदान पुऱ्याएवापत विभिन्न संघ-संस्था र सरकारी स्तरबाट समेत विभिन्न पुरस्कार तथा सम्मान पाएकी छन् । यो क्रम वर्तमानसम्म जारी छ ।

## ३.२ भागीरथी श्रेष्ठको व्यक्तित्व

मान्छेका व्यक्तिगत रूपमा विविध पक्षहरू हुन्छन् । यसैक्रममा भागीरथी श्रेष्ठको व्यक्तित्वलाई साहित्यक व्यक्तित्व र साहित्येतर व्यक्तित्व गरी दुई पक्षमा विभाजन गर्न सकिन्छ । साहित्यिक व्यक्तित्व उनको आन्तरिक व्यक्तित्व वा पक्ष हो त्यसैगरी साहित्येतर व्यक्तित्वमा आन्तरिक र बाह्य दुवै पर्दछन् । उनको व्यक्तित्वको सामान्य चर्चा निम्नअनुसार चर्चा गर्न सकिन्छ ।

### ३.२.१ साहित्यिक व्यक्तित्व

भागीरथी श्रेष्ठको व्यक्तित्वको प्रमुख पक्ष साहित्यकार नै हो । उनले साहित्यका विविध विधामा कलम चलाएकी छन् । उनले कथा, उपन्यास, निबन्ध र कविता विधामा कलम चलाएकी छन् । उपन्यास र कथा लेखनलाई उनको उपलब्धि मान्न सकिन्छ । उनको समग्र साहित्यक व्यक्तित्वलाई निम्नअनुसार विभिन्न शीर्षकमा अध्ययन गर्न सकिन्छ ।

#### ३.२.१.१ कथाकार व्यक्तित्व

भागीरथी श्रेष्ठको सिर्जनाको मूल विधा कथालाई मान्दछिन् । उनी आफू मूलतः कथाकारकै रपमा चिनिन मन पराउँछिन् । लेखक र प्रकाशन दुवै दृष्टिले उनको साहित्यिक यात्रा कथा विधाबाटै आरम्भ भएको पाइन्छ । वि.सं. २०२३ मा रिडी हाईस्कूलको मुखपत्र **रुरु** मा 'प्रबल इच्छा' भन्ने कथा नै उनको पहिलो कथा हो । उनका हालसम्म धेरै कथासङ्ग्रहहरू प्रकाशित छन् । उनका प्रकाशित कथा सङ्ग्रहहरू क्रमशः (२०४२) **विभ्रम**

(२०५०), **मोहदंश** (२०४३), **रंगीन पोखरी** २०५०)  **भूमिगत** २०६२ र **रातो गुलाफ** २०६६ हुन् । यी बाहेक अन्य फुटकर कथा पनि छन् ।

भागीरथी श्रेष्ठका कथामा नारी समस्यालाई मुख्य आधार बनाइएको छ । उनका कथामा सामाजिक यथार्थवादी र नारीवाद पाइन्छ । नारीविद्रोह, नारी सङ्घर्ष र नारीअस्मितालाई चर्को रूपमा आवाज दिएको पाइन्छ । त्यसैगरी उनका कथामा सामान्य बोलचालको भाषा साथै तद्भव, तत्सम, आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ । उनका कथा वर्णनात्मक शैलीका छन् । त्यसकारण उनलाई आधुनिक नेपाली साहित्यमा सामाजिक यथार्थवादी कथाकार भनेर चिन्ने  गरिन्छ ।

### ३.२.१.२ उपन्यासकार व्यक्तित्व

भागीरथी श्रेष्ठका **मालती** र **यस्तो एउटा आकाश** उपन्यासहरू प्रकाशित भइसकेका छन् । त्यसैगरी उनको एउटा अनुदित उपन्यास **अग्निपर्व** र अर्को उनले हाल लेख्दै गरेको **ज्योति** उपन्यास पनि छन् ।

यसरी श्रेष्ठका दुईवटा प्रकाशित उपन्यास हेर्दा यी दुवै उपन्यास सामाजिक यथार्थलाई मुख्य आधार बनाएर लेखिएको छ **मालती** उपन्यास उनको प्रथम प्रकाशित उपन्यास हो । यसमा ग्रामीण नेपाली समाजलाई पृष्ठभूमि बनाएर समाजमा व्याप्त वर्गीय असमानता नारीशोषणजस्ता जल्दाबल्दा समस्याहरूलाई उपन्यासमा जस्ताको तस्तै उतार्ने प्रयास भएको छ । त्यस्तै गरी उनले यस उपन्यासमा प्रवासी नेपालीका पीडा, वेदना, दुःख र कष्टलाई पनि चित्रण गरेकी छन् । यसमा नेपालीहरूले विदेशमा गएर विदेशी गुण्डाले गर्ने अन्याय अत्याचारहरूलाई चित्रण गरिएको छ ।

**यस्तो एउटा आकाश** उपन्यासमा पनि श्रेष्ठले मालती उपन्यासमा जस्तै सामाजिक यथार्थलाई मुख्य आधार बनाएकी छन् । यस उपन्यासमा ग्रामीण नेपाली समाजको चित्रण पाइन्छ । यसमा नेपाली समाजमा नारीले भोग्नुपरेका पीडा र व्यथालाई प्रमुखताका साथ उठाइएको छ । यो उपन्यास वैचारिक हिसाबले मनोविश्लेषणात्मक छ ।

यसरी श्रेष्ठका यी दुवै उपन्यासमा सामाजिक यथार्थता र नारी समस्यालाई बढी जोड दिइएको छ । **मालती** उपन्यासमा केही मात्रामा प्रगतिवादी विचार पाइन्छ भने **यस्तो एउटा आकाश** उपन्यासमा मनोविश्लेषणात्मक विचार पाइन्छ । त्यसकारण श्रेष्ठले उपन्यासमा प्रचलित विभिन्न वाद उपन्यासमा हुनुपर्ने धर्मितालाई आत्मसात् गर्दै उपन्यास लेखेकी हुनाले उनलाई उपन्यासकार व्यक्तित्व मान्न सकिन्छ ।

### ३.२.१.३ कवयित्री र गीतकार व्यक्तित्व

भागीरथी श्रेष्ठले मूलतः आख्यानकार भए पनि उनलाई कवयित्री र गीतकार पनि भन्न सकिन्छ । उनले **मधुपर्क**, **रत्नश्री**, **अभिव्यक्ति**, **गरिमा** र **मिर्मिरे** जस्ता राष्ट्रियस्तरका साहित्यिक पत्र-पत्रिकामा उनका कविता तथा गीतहरू प्रकाशित भएका छन् । जसमा **त्यहाँ साँच्चै मुटु छैन** (२०२५), **स्वर्ग झैं लाग्छ मलाई दार्जलिङ्ग** (२०२५), **विद्रोह** (२०२८), **हिमालको फेदमा सल्बलाएका कीराहरू** (२०३४), **हुर्के मेरा बालक** (२०२४), **म रुचक्डी** ( २०३६), **दुलही** (२०३७), **एउता सत्य** (२०३९), **परेवाहरू रित्तिसकेका छन्** (२०४२), **म पाकुरीको सत्य** (२०४२), **यसरी विश्वास टुक्रिन्छ** (२०४८), **रित्तो गाग्रीहरू** (२०४८), आदि उनका गीत तथा कविता हुन् (गौतम, २०५१ : ८३, ८४, ८८) ।

यिनै कविताका आधारमा भागीरथी श्रेष्ठलाई कवि व्यक्तित्व तथा गीतकार भन्न सकिन्छ । उनका कविता कृति पनि उपयुक्त विषयवस्तु बिम्बअलङ्कार, लय, एवम् संरचनापदको समुचित सन्तुलनका अभावमा शक्तिशाली बन्न सकेका छैनन् (गौतम, २०५१ : ९०) ।

### ३.२.१.४ निबन्धकार व्यक्तित्व

भागीरथी श्रेष्ठ कथा, उपन्यास, कविता तथा गीत पछि उनले निबन्ध विधामा पनि कलम चलाएको पाइन्छ । साहित्यको क्षेत्रमा उनले अन्य विधामाभन्दा यस विधामा निकै कम मात्रामा कलम चलाएको पाइछ । उनका निबन्धहरू विभिन्न पत्र-पत्रिकामार्फत् छापिएका छन् । उनका निबन्धहरूमा **समाजमा साहित्यको भूमिका** (२०२३), **मानसरोवर यात्रा एक मीठो सम्झना** (२०२८), **भूमिका मिर्मिरे सम्पादकीय लेख** (२०३१), **आत्मविश्वासको पहिलो क्षण** (२०४८), **मेरो पहिलो विद्रोह** (२०४८), **छोराप्रतिको धारणा** (२०४८), **मेरो इच्छा अधुरै रह्यो** (२०४८), **घरबाहिर पनि भूमिकाको चाहना** (२०४८) **दाइजो र नेपाली मानसिकता** (२०४९), **मेरो बाल्यकाल अतीतको नेपथ्यबाट** (२०५०) आदि निबन्ध रहेका छन् । (गौतम , २०५१ : ८४, ८८, ८९) ।

यसरी यी निबन्धका आधारमा भागीरथी श्रेष्ठलाई निबन्धकार भन्न सकिन्छ । उनका निबन्धहरू आफ्ना विगतका घटनाहरूलाई संस्मरणबाट तयार पारिएका छन् । उनका कतिपय निबन्धहरू समाजका विषयमा आधारित छन् । उनका निबन्धमा विषयगत एवम् प्रस्तुतिमा नवीनता खासै देखिँदैन (गौतम, २०५१ :९०) ।

यसरी भागीरथी श्रेष्ठलाई साहित्यिक व्यक्तित्वका रूपमा चिनाउने यी साहित्यका चार विधाले प्रमुख भूमिका खेलेका छन् । उनले साहित्यिका कथा, उपन्यास, निबन्ध र

कविता लेखेकीले उनलाई साहित्यिक स्रष्टा व्यक्ति भनिन्छ । उनले निबन्ध, कविताहरू छिटफुट वा फुटकर रूपमा लेखे पनि सङ्ग्रहका रूपमा भने प्रकाशित भएका छैनन् । उनले कविता र निबन्धमा भन्दा कथा र उपन्यासमा निकै चर्चा पाएकी छन् । उनले कथा र उपन्यासमा सामाजिक यथार्थवादी प्रवृत्तिलाई अँगालेकी छन् । त्यसैले उनलाई सामाजिक यथार्थवादी आख्यानकार भनिन्छ ।

### ३.२.२ साहित्येतर व्यक्तित्व

भागीरथी श्रेष्ठ साहित्यकार व्यक्तित्व मात्र नभएर सामाजिक सेवा लगायतका बाटोमा पनि सरिक हुने व्यक्ति हुन् । उनी समाजमा बसेर जस्तो सुकै र जोसँग पनि सजिलै घुलमिल हुन सक्छिन् । उनी अत्यन्त सहयोगी र मिलनसार व्यक्ति हुन् । उनी जीवनको यात्रामा विभिन्न ठाउँमा गए पनि समाजको हित हुने खालका काम गरेको पाइन्छ । उनी आफ्नो जीवनमा साहित्यिक कार्यका अतिरिक्त समाजसेवा, सम्पादक, शिक्षा, प्रशासकसँग सम्बद्ध भएको पाइन्छ ।

#### ३.२.२.१ सम्पादक व्यक्तित्व

भागीरथी श्रेष्ठ सम्पादक व्यक्तित्वका रूपमा पनि परिचित छन् । उनले वि.सं. २०२३ मा रिडी हाईस्कुलको वार्षिक मुखपत्र **रुरु**बाट पत्रिकाको सम्पादक मण्डलमा रहेर पत्रिका सम्पादकको कार्य थालेकी थिइन् । त्यसपछि वि.सं. २०२४-०२५ मा **कस्तुरी** पत्रिकाको सम्पादक मण्डलको सदस्यका रूपमा काम गरेकी थिइन् । त्यसैगरी वि.सं. २०३१ मा नेपाल बैक्स क्लब काठमाडौँबाट प्रकाशित **मिर्मिरे** पत्रिकाको पनि सम्पादक भई काम गरेकी थिइन् । साथै उनले बुटवलबाट प्रकशित हुने **फूलबारी** पत्रिका तथा **पाल्पाली दर्पण**को सम्पादक मण्डलको सदस्य भई काम गरेको पाइन्छ (गौतम, २०५१ : १४) ।

#### ३.२.२.२ समाजसेवी व्यक्तित्व

भागीरथी श्रेष्ठ समाजसेवी व्यक्तित्व पनि हुन् । सानै उमेरदेखि नै उनी आफूलाई समाजसेवी महिलाका रूपमा क्रियाशील तुल्याउँदै आएको पाइन्छ । वि.सं. २०१५ मा कुशल नृत्य प्रदर्शन गरी राजा महेन्द्रबाट नगद रु. १,०००।- पाएको रकम उनले आफूले अध्ययन गरेको विद्यालयलाई अनुदानका रूपमा दिएकी थिइन् (शोधनायिकाबाट प्राप्त जानकारी) । उनी आफ्नो विद्यालयको भौतिक विकासका लागि गाउँ-गाउँमा नृत्य, गीत, नाटक प्रदर्शन गरी आर्थिक सङ्कलन गर्ने कार्यमा पनि सक्रिय भएको पाइन्छ (गौतम २०५१ : १५) ।

श्रेष्ठ वि.सं. २०२३ मा गुल्मी जिल्लामा सङ्गठित महिला सङ्गठनको उपाध्यक्षका रूपमा रही उक्त संघका विभिन्न कार्यक्रममा रहेर सक्रिय रूपमा सहभागी भई काम गरेकी

थिइन् । वि.सं. २०२३ मा उनी रुरु गाउँ पञ्चायतको सदस्य भई काम गरिन् । यसै क्रममा गाउँमा सञ्चालित प्रौढ शिक्षा कार्यक्रमसँग सम्बद्ध रहेर उनले ग्रामीण प्रौढहरूलाई साक्षर बनाउनमा पनि महत्त्वपूर्ण भूमिका खेलेकी थिइन् । वि.सं. २०२४-०३५ मा उनी भैरहवामा रहँदा नारी शिल्पकलाकी सचिव भएर नारीहरूलाई जागरुक तुल्याउने जस्ता कार्यमा पनि सक्रिय रूपमा काम गरेकी थिइन् । भैरहवामा रहँदा मोदनाथ प्रश्रित, जीवराज आश्रित र प्रदीप नेपाल जस्ता राजनैतिक नेताहरूको सम्पर्कमा थिइन्, जसले गर्दा उनी सामान्य राजनीतितर्फ झुकाव रहे पनि खासै उनी आफ्नो जीवनमा कुनै राजनैतिक क्रियाकलापसँग आबद्ध भएको पाइँदैन । उनी केवल साहित्य, सिर्जना र विभिन्न संघ-संस्थासँग मात्र आवद्ध भइन् । हाल उनी गुञ्जन पेन, लुम्बिनी संगीत कला साहित्य समाजजस्ता साहित्यिक संस्थाहरूसँग आवद्ध छन् । त्यसैले उनी समाजसेवी व्यक्तित्व बन्न पुगेकी छन् ।

### ३.२.२.३ शिक्षक तथा कर्मचारी व्यक्तित्व

भागीरथी श्रेष्ठले साहित्येतर व्यक्तित्वमा सम्पादक र समाजसेवी व्यक्तित्वका अतिरिक्त उनी शिक्षक तथा कर्मचारी व्यक्तित्वको पनि निर्माण गरेकी छन् । वि.सं. २०२० देखि २०३४ सम्म स्याङ्जा हाईस्कूलमा शिक्षक भएर काम गरेकी थिइन् । त्यसैगरी वि.सं. २०३५ मा भैरहवा आएर त्यहाँको ठूटेपीपल स्कूलमा अध्यापन गरेकी हुन् । भैरहवामा त्यति लामो बसाइँ भएन । त्यसपछि काठमाडौँ आएपछि वि.सं. २०३७ मा सामुदायिक सेवा समन्वय समितिमा नायव सुब्बा पदमा रही छ महिनासम्म काम गरिन् । वि.सं. २०३८ देखि २०५२ सम्म काठमाडौँ तारा गाउँ विकास समितिमा स्थायी कर्मचारीका रूपमा सेवा गरिन् । हाल उनी त्यहाँ अवकाश लिएर घरमै बसेकी छन् (शोधनायिकाबाट प्राप्त जानकारी) । यसरी उनले आफ्नो जीवनमा करिब दुईदशकभन्दा बढी समय शिक्षक तथा कर्मचारी व्यक्तित्वका रूपमा रहेर सेवा गरिन् ।

महिला हुनुका नाताले भागीरथी श्रेष्ठ गृहकार्यसँग सम्बद्ध रहनु स्वाभाविकै हो । घरमा खाना बनाउने, अतिथिको सम्मान गर्नेजस्ता कार्यमा पनि उनको त्यत्तिकै रुचि छ । त्यसैले उनी कुशल गृहिणीका रूपमा यिनको अलग व्यक्तित्व देखापर्दछ (गौतम, २०५१ :१६) ।

यसरी भागीरथी श्रेष्ठ एक कुशल शिक्षक, कर्मचारी, समाजसेवी, सम्पादक तथा सफल गृहिणीका रूपमा चिनिँदै आएकी छन् । यी व्यक्तित्वका साथसाथै उनी साहित्यका विभिन्न विधामा कलम चलाएर साहित्य सिर्जना गरेकी हुनाले उनको जीवनको सबैभन्दा महत्त्वपूर्ण पाटो साहित्यिक व्यक्तित्व नै हो ।

परिच्छेद चार

# भागीरथी श्रेष्ठका उपन्यासको विश्लेषण

नेपाली साहित्यमा उपन्यास विधाको सुरुवात संस्कृतबाट नेपाली भाषामा अनुदित शक्तिवल्लभ अर्ज्यालको **महाभारत विराटपर्व** (१८२७) बाट भएको हो । यस ग्रन्थलाई नेपाली उपन्यासको सुरुको बिन्दु अथवा प्राथमिक कालको आरम्भ बिन्दु मानिन्छ । प्राथमिक कालमा संस्कृत भाषाको व्यापकता, अनुवाद रूपान्तरण र धार्मिक नैतिक, ध्येयको प्रबलता जस्ता विशेषता पाइन्छन् । यसपछि माध्यमिक काल शिवदत्त शर्माको **वीरसिक्का** (१९४६) बाट भएको हो । यो समयमा मनोरञ्जनात्मक, जासुसी, तिलस्मी र औपदेशिक प्रवृत्ति पाइन्छ । यो समय अवधि वि.सं. १९९० सम्म रह्यो । वि.सं. १९९१ मा सरदार रुद्रराज पाण्डेको **रूपमती** उपन्यास प्रकाशित भयो । यसैबाट आधुनिक नेपाली उपन्यासको सुरुवात भयो । सामाजिक यथार्थवादी धारामा टेक्दै भागीरथी श्रेष्ठले यो काललाई अगाडि बढाएकी छन् । उनले वि.सं. २०३४ मा **मालती** र त्यसपछि वि.सं. २०४६ मा **यस्तो एउटा आकाश** उपन्यासहरू प्रकाशत गरिन् । यी बाहेक उनका अपूर्ण उपन्यास **ज्योति** र अनुवादित **अग्नी पर्व** पनि छन् तर यिनका व्याख्या विश्लेषण यस शोधकार्यमा गरिएको छैन । उनका प्रमुख दुईवटा उपन्यास **मालती** र **यस्तो एउटा आकाश** कृतिको विश्लेषण प्रचलित उपन्यास विधाका तत्त्व र प्रवृत्तिका आधारमा विश्लेषण गरिएको छ ।

## ४.१ भागीरथी श्रेष्ठको 'मालती' उपन्यास

श्रेष्ठको **मालती** उपन्यास पहिलो कृति हो । यो कृति जुनकिरी ट्रेडिङ्ग सेन्टर नारायणथान सिद्धार्थनगर भैरहवाबाट प्रकाशित भएको हो । यो उपन्यासको बाहिरी संरचना हेर्दा १३६ पृष्ठ र २५ परिच्छेदमा विभाजित गरिएको छ । श्रेष्ठले यस उपन्यासमा सामाजिक विषयवस्तुलाई मुख्य आधार बनाएकी छन् ।

### ४.१.१ औपन्यासिक तत्त्वका आधारमा 'मालती' उपन्यासको विश्लेषण

साहित्यका विभिन्न विधा हुन्छन् । ती विधाका आ-आफ्नै विशेषताहरू हुन्छन् । तिनै विशेषताका आधारमा विधागत विभिन्नता हुन्छन् । विधागत भिन्नतामा मुख्य तत्त्वगत विशेषता हुन् । ती तत्त्वहरू प्रत्येक विधामा मौलिक र पृथक हुन्छन् । सबै विधाका एउटै तत्त्व हुँदैनन् । विधाअनुसार फरक-फरक हुन्छन् तर उपन्यास र कथामा भने खासै फरक हुँदैनन् किनभने ती आख्यान विधाका शाखा हुन् ।

नेपाली साहित्यमा आख्यान विधाअन्तर्गत पर्ने उपन्यास प्रमुख शाखा विधा हो । यसमा जीवन जगत्सँग सम्बद्ध विषयलाई पूर्ण वा आंशिक रूपमा समेटिएको हुन्छ । उपन्यासमा जीवन र जगत्को यथार्थ चित्रण गरिएको हुन्छ । यसमा परम्परागत मूल्य मान्यता एवम् संस्कृतिको चित्रण गरिएको हुन्छ । उपन्यासका विषयवस्तु तथा घटनाहरू आदि, मध्य र अन्त्यको क्रम मिलेको हुनुपर्छ । यसरी उपन्यासको निर्माण भएको हुन्छ । उपन्यासलाई विश्लेषण गर्ने संरचनात्मक तत्त्वहरू हुन्छन् । ती तत्त्वलाई कुनै-कुनै समालोचकहरूले उपकरण भन्ने गरेको पनि पाइन्छन । उपकरण वा तत्त्व जे भनिए पनि ती एउटै हुन् । नेपाली समालोचनामा प्रचलित उपन्यासका तत्त्वहरूमा कथावस्तु वा कथानक, चरित्र-चित्रण वा पात्र, कथोपकथन वा संवाद देशकाल वातावरण वा परिवेश, भाषाशैली, विचार वा उद्देश्य, कौतूहल, दृष्टिबिन्दु प्रमुख हुन् । यी तत्त्वका पनि आ-आफ्नै शाखा तत्त्व रहेका छन् । यिनै तत्त्वका आधारमा उपन्यासको विश्लेषण गरिन्छ ।

भागीरथी श्रेष्ठ नेपाली उपन्यासमा आफ्नो स्पष्ट पहिचान बोकेकी उपन्यासकारका रूपमा स्थापित छन् । उनको **मालती** (२०३४) उपन्यासको विश्लेषण यिनै तत्त्वका आधार गरिएको छ ।

### ४.१.१.१ कथावस्तु

**मालती** उपन्यासको कथावस्तु पहाडी नेपाली ग्रामीण समाजबाट उठेको छ । यसमा मालती भन्ने युवतीका जीवनमा घटित घटनाहरूलाई मुख्य विषयवस्तु बनाइएको छ । यसको कथावस्तु मालतीको जीवन वरिपरि घुमेको छ । मालती गुल्मी जिल्लाको चिउरेका भन्ने गाउँमा जन्मेकी युवती हो । उसकी आमाको मृत्यु भएर टुहुरी भएकी छे । मालतीका बाबु र सौतेनी आमा छन् । मालतीको एउटा भाइ पनि छ, जसको नाम रामु हो । यी दुवै दिदी-भाइले सौतेनी आमा र बाबुको अन्याय र अत्याचार सहेर बाँचिरहेका छन् । दशैंजस्तो महत्त्वपूर्ण चाडमा समेत उनीहरूको मनमा कुनै खुशी छाउँदैन । दशैंको समयमा मालतीकी साथी चमेली र उसको श्रीमान् मलायाबाट आउँछन् । तिनीहरूले मालती र उसको भाइको दयनीय अवस्था देखेर रामुलाई आफूसँगै मलाया लैजान र नोकरी लगाइदिने आशा दिलाउँछन् । मालती भने यो कुरा पहिला अस्वीकार गर्छे । त्यसै समयमा सोही गाउँको ब्राह्मणको छोरो माधव भन्ने अविवाहित युवक कलकत्ताबाट दशै मान्न घर आउँछ । उसले मालतीको सुन्दर र आकर्षक शरीर र शील स्वभाव देखेर छक्क पर्छ । ऊ क्रमशः मालतीप्रति आकर्षित हुन्छ । अन्तमा प्रेमप्रस्ताव राखी विवाह गर्नेसमेत सहमति हुन्छ । मालती घर्ती मगरकी छोरी र माधव बाह्मणको छोरा भएकाले घरसल्लाह गरी विवाह गर्ने सम्भव हुँदैन । उनीहरू सामाजिक मर्यादा भङ्ग हुन्छ भन्ने डरले रातको समयमा यी दुवै बीच एक अर्कामा विवाह गरी कलकत्तातर्फ भागी हिँड्छन् । उता माधवको घरमा आफ्नै

जात र कुलघरान मिल्ने नारायणदत्तकी छोरी लक्ष्मीसँग विवाह गर्ने तयारी भइरहेको हुन्छ । यसै बीचमा मालतीको बाबु हरि र नारायणदत्तबीच लेनदेनको विवादमा कुटाकुट हुन्छ । माधव र मालती कलकत्ता गएपछि छ महिनासम्म दुवै सुखसाथ बस्दछन् । त्यसबीचको समयमा माधवले आफ्नो अफिसको साथी समीरलाई मालतीसँग परिचय गराउँछ । समीरले भने परिचय भएकै दिनबाट मालतीमाथि आँखा गाडेको हुन्छ ।

एक दिन माधव अफिसको कामले तीन दिनको लागि दिल्ली गएको हुन्छ । त्यसैबखत मौका छोपी समीरले मालतीलाई कोठाबाट अपहरण गरी नैनीतालतर्फ लैजान्छ । माधव तीनदिन पछि फर्केर आउँछ र मालतीलाई पाउँदैन । ऊ पागल जस्तै भएर १५ दिनसम्म मालतीको खोजीमा कलकत्ता, नैनीताल र पञ्जाबका विभिन्न ठाउँमा भौँतारिन्छ । उसले अन्ततः मालतीलाई समीरले लगेको थाहा पाउँछ । माधव दुःखी तथा चिन्तित हुन्छ र कोठासमेत सर्छ । ऊ चार वर्षसम्म मालतीको सम्भनाले गर्दा अर्को विवाह पनि नगरी बस्दछ । उसले चारवर्षपछि मात्र अर्को विवाह गर्दछ । उता मातली भने समीरको पञ्जामा पर्दछे । उसलाई माधवको सम्भनाले सताइरहेको हुन्छ । उसले समीरप्रति भने मायाको कुनै भावसमेत प्रकट गर्दिन । यद्यपि उसलाई समीरले श्रीमती बनाइसकेको हुन्छ । मालतीलाई समीर र उसका आमा तथा बहिनीले भने कुनै दुःख दिएका हुँदैनन् । उसले तिनीहरूलाई सधैं घृणाको दृष्टिकोणले हेर्ने गर्दछे । मालतीले पाँच वर्षको अन्तरालमा दुई छोरासमेत जन्माएकी हुन्छे ।

एक दिन समीर र मालती नैनीतालकै एउटा होटलमा खाजा खान जाने क्रममा मालतीले भाइको साथी खिमेलाई देख्दछे । उसलाई आफ्नो सबै वृत्तान्त सुनाउछे र केही आशा मिल्छ । खिमे त्यही होटलमा काम गर्ने कामदार हो । मालती खिमेसँगै माइत फर्कने निधो गर्दछे । अन्ततः आफ्नो मुटुका टुक्रासरह दुई छोरालाई छोडेर माइत आउँछे । माइत आउँदा भाइ रामुको विवाह भएको हुन्छ । मालती भाइबुहारीसँग बस्दछे । त्यसको केही दिनपछि माधव पनि घर आएको हुन्छ । दुवैले एक अर्को आएको थाहा पाउँछन् । मालतीले भेट हुने इच्छा राख्छे । माधव भने आफूले अर्को विवाह गरेकोले मालतीसँग भेट हुने इच्छा प्रकट गर्दैन । भेट नगरीकन पुनः कलकत्ता फर्कन्छ । त्यसपछि मालती भन पीडित भएर आत्महत्या गर्ने निर्णय गर्दछे । उसको आत्माहत्याको प्रयासलाई गाउँकी अध्यापिकाले रोक्दछिन् । यत्तिकैमा उपन्यासको कथावस्तु समाप्त हुन्छ ।

प्रस्तुत उपन्यास वृत्तकारीय ढाँचाको भए पनि पाठकका निम्ति निकै रोचक छ । यो सामाजिक यथार्थमा आधारित छ । यसको कथावस्तु सरल र सरस शैलीमा प्रस्तुत गरिएको छ । ग्रामीण जनजीवनको चित्रण छ । हरिया वनजङ्गल, पाखा, पखेरा, उकाली, ओराली चौतारीजस्ता रमणीय स्थलले थप रोचक बनाएको छ । समाजमा विद्यमानमा जातीय अन्तर

भिन्नतालाई भङ्ग गर्ने काम उपन्यासले गरेको छ । प्रवासी नेपाली चेलीका वेदना, दुःख, पीडालाई उपन्यासमा मालती पात्रमार्फत् छर्लङ्ग पारिएको छ । राष्ट्रियता मातृभूमिको माया उपन्यासमा देखिन्छ । यसमा कथावस्तु तथा घटनाहरू शृङ्खला परिच्छेद एकमा बाहेक अन्यमा क्रम मिलेको छ । कथावस्तुका घटना पात्र र परिवेशअनुसार सुहाउँदा छन् । उपन्यासमा कथावस्तुको घटनाक्रम पनि मिलेको छ । यसलाई कथावस्तुको विकासमा देखाउन सकिन्छ ।

## अ) कथावस्तुको विकास

उपन्यासमा कथावस्तुको चरणबद्ध रूपमा विकास हुन्छ । पूर्वीय र पाश्चात्य दुवै समालोचक उपन्यासको कथावस्तुलाई आ-आफ्नै तरिकाले विभाजन गरेको पाइन्छ । अधिकांश समालोचकहरूले कथावस्तुको विकासलाई मुख्य पाँच चरणमा विकास हुन्छ भनेको पाइन्छ । ती आरम्भ, सङ्घर्षविकास, चरम, सङ्घर्षह्रास र उपसंहार हुन् । **मालती** उपन्यासको कथावस्तुलाई पनि यी पाँच अवस्थाका आधारमा निम्नअनुसार देखाउन सकिन्छ ।

**(क) आरम्भ** : कथावस्तुको आरम्भ भन्नाले उपन्यास सुरु हुने अवस्था हो । यसमा पात्रको परिचय र कथाको बीजारोपण हुन्छ । **मालती**मा मालती र उसको भाइ रामुलाई सौतेनी आमा र बाबुले अन्याय र अत्याचार गर्नु, दशैमा लाहुरेहरूको चहलपहल देखिनु, चमेली र मालतीको भेट हुनु, अनि मालती र माधवको भेट भई प्रेम हुनुका साथै विवाह गर्ने सहमति हुनु समेतका घटनाहरू उपन्यासको आरम्भ बिन्दु हुन् ।

**(ख) सङ्घर्षविकास** : उपन्यासको सङ्घर्ष विकास भन्नाले कथावस्तुमा तीव्रता आउनु हो । यसमा कथावस्तुको विकास उकालो लाग्दछ । **मालती**मा कथावस्तुको सङ्घर्षविकास भन्नाले माधव र मालतीले अन्तरजातीय विवाह गरी भागेर कलकत्तातर्फ जानु,समाजको मान मर्यादाको भङ्ग गर्नु अथवा पुरानो परम्परालाई तोड्नुका साथै नयाँ क्रान्तिकारी कदम चालिनु र माधव र मालती छ महिनासम्म कलकत्तामा सुखसँग बस्नु तथा हरि र नारायणदत्तबीच लडाइँ हुनु जस्ता घटनाहरू यसका सङ्घर्षविकास हुन् ।

**(ग) चरम** : चरम अवस्था भन्नाले उपन्यासमा कथावस्तु सबैभन्दा माथिल्लो बिन्दुमा पुग्नु हो । यो निकै महत्त्वपूर्ण हुन्छ । **मालती**मा चरम बिन्दु भन्नाले जब मालती र माधव कलकत्ता गएर बसेको छ महिना हुन्छ, त्यसपछि माधव तीन दिनको लागि दिल्ली गएको मौका छोपी माधवको साथी समीरले मालतीलाई अपहरण गरी नैनीताल पुऱ्याउनु र श्रीमती बनाउनु अनि उता माधवले मालतीको खोजीमा कलकत्ता, पञ्जाब र नैनीतालका विभिन्न ठाउँमा पागल जस्तै भएर भौंतारिनुजस्ता घटनाहरू उपन्यासको चरम बिन्दु हुन् ।

(घ) **सङ्घर्षह्रास :** सङ्घर्षह्रास भन्नाले कथावस्तुको ओरालो गतिमा लाग्नु वा पात्रमा शिथिलता आउनु हो । **मालती**मा सङ्घर्षह्रास भन्नाले पाँच वर्षपछि मालतीको भाइको साथी खिमेसँग नैनीतालमा भेट भएपछि उसको सहयोगले माइत फर्कनु र माधवले विवाह गऱ्यो भन्ने थाहा पाउनु, मालतीले माधवलाई भेट गर्न खोज्नु तर भेट नहुनु, त्यसपछि मालती दुःखी र पीडित हुँदै आत्महत्या गर्न खोज्नु र यस प्रयासलाई अध्यापिकाले रोक्नुजस्ता घटनाहरू उपन्यासको सङ्घर्षह्रास हुन् ।

(ङ) **उपसंहार :** उपसंहार भन्नाले उपन्यासको निचोड हो । **मालती** उपन्यास सामाजिक यथार्थवादी छ । ग्रामीण परिवेशको चित्रण छ । नारी समस्यामा केन्द्रित छ । विदेशी भूमिमा नेपाली युवक युवतीको समस्याको चित्रण हुनु यसमा पुरानो सामन्ती कुसंस्कारको विरोध गरिनु, शोषक र निम्न वर्गका व्यक्तिबीच द्वन्द्व भई निम्नवर्गको विजय देखाउनु उपन्यासको उपसंहार हो ।

## आ) कथावस्तुको ढाँचा

कथावस्तुको ढाँचा रैखिक र वृत्ताकारीय र गरी दुई किसिमका हुन्छन् । रैखिक ढाँचा भन्नाले कथावस्तुमा घटनाहरू आदि, मध्य र अन्त्यको क्रम मिल्नु हो । वृत्ताकारी ढाँचा भन्नाले आदि, मध्य र अन्त्यको क्रमभङ्ग हुनु हो । यस्तो ढाँचालाई वृत्ताकारीय भनिन्छ । **मालती** उपन्यासको कथावस्तु पनि वृत्ताकारीय छ । उपन्यासकी प्रमुख पात्र मालतीको जीवनीको पूवार्द्ध वृत्ताकारीय ढाँचामा आएको छ । १७ औं परिच्छेदमा आउने अपहरण काण्ड उपन्यासमा पहिलो परिछेच्दमा आएको छ । त्यसैगरी माधव, रामु, समीर चमेलीजस्ता पात्रहरूमा क्रमबद्धतालाई विचलन गरिएको छ । दोस्रो परिच्छेदबाट भने कथावस्तुको ढाँचा रैखिक छ । यसरी यसमा मुख्य कथा पूर्व दीप्तिमा नै भएका हुनाले यो वृत्ताकारीय ढाँचामा लेखिएको छ ।

## ४.१.१.२ चरित्र चित्रण

उपन्यासमा घटनाको प्रधानता हुन्छ । ती घटनाहरूलाई गति दिने काम चरित्र वा पात्रले गर्दछन् । चरित्रविना उपन्यास प्राणहीन बन्दछ । उपन्यासको आयतन भित्र सिङ्गो मानवसभ्यता चरित्र चित्रणकै आधारमा परिभाषित भएको हुन्छ । विगतलाई र आगतलाई वर्तमानसम्म तानेर ल्याउने चरित्र हो (सुवेदी, २०६४ : २३) । **मालती** उपन्यास सामाजिक यथार्थलाई आधार मानेर लेखिएको छ । यसमा घटनाको प्रधानता पाइन्छ । घटनालाई गति दिने काम परिवेश र घटनाअनुसारका विभिन्न किसिमका पात्रले गरेका छन् । यसमा मुख्य, सहायक र गौण गरी तीन किसिमका पात्रको प्रयोग पाइन्छ । मालती केन्द्रीय नारीपात्र हो । माधव र समीर सहायक पात्र हुन् । रामु, चमेली, पुतली, हरि, नारायणदत्त, समीरका आमा

तथा बहिनी, मालतीका दुई छोरा, सुनिल र अनिल, भाष्कर, उजेली, लक्ष्मी, अध्यापिका, भट्टी पसलनी, थकाल्नी, गुण्डा र बाटोमा हिँड्ने व्यक्तिहरू गौण पात्र हुन् । यसमा पात्रको भूमिकालाई तलको तालिकामा निम्नअनुसार देखाउन सकिन्छ ।

| क्र.सं. | पात्रको नाम | लिङ्ग | कार्य | प्रवृत्ति | जीवनचेतना | स्वभाव | आसन्नता | आवद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | मालती | स्त्री | प्रमुख | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| २ | माधव | पुरुष | सहायक | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्ध |
| ३ | समीर | पुरुष | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ४ | रामु | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| ५ | चमेली | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ६ | पुतली | स्त्री | गौण | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | मुक्त |
| ७ | हरी | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| ८ | नारायणदत्त | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| ९ | भाष्कर | पुरुष | गौण | प्रतिकूल | गतिशील | वर्गीय | मञ्चीय | मुक्त |
| १० | रवि | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| ११ | उजेली | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| १२ | रीता | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| १३ | समीरकी आमा | स्त्री | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| १४ | समीरकी बहिनी | स्त्री | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| १५ | लक्ष्मी | स्त्री | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| १६ | अध्यापिका | स्त्री | गौण | प्रतिकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| १७ | अनिल | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| १८ | सुनिल | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| १९ | भट्टी पसल्नी थकाल्नी | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| २० | बटुवा | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| २१ | गुण्डाहरू | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गीय | नेपथ्य | मुक्त |

## मालती

मालती उपन्यासकी प्रमुख पात्र तथा नायिका हो । सिङ्गो उपन्यास उसैको केन्द्रीयतामा घुमेको छ । उपन्यासको नामकरण पनि उसकै नाममा गरिएको छ । मालतीको व्यक्तित्व हेर्दा ऊ पहिला टुहुरी बालिका त्यसपछि अविवाहित सुन्दर युवती हो । उसको आकर्षक शरीर र शील स्वभाव देखेर माधव आकर्षित भएको छ । अनन्तः विवाहसमेत गर्दछ । त्यसपछि विवाहित अशिक्षित महिला हो । समीरले कलकत्ताबाट अपहरण गरेपछि ऊ अपहरित र बलात्कृत असहाय नारी हो । समीरले अपहरण गरेपछि ऊ समीरको श्रीमती र दुई छोरा जन्माएपछि ऊ दुई सन्तानकी आमा भएकी छ । अन्तमा छोरा र समीरलाई छाडेर माइत गएपछि एक्लो जीवन बिताउन बाध्य छे ।

मालती अनुकूल प्रवृत्तिकी पात्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म उसको स्वभावमा कुनै परिवर्तन आएको छैन । त्यसैले उसलाई स्थिर स्वभावकी पात्र मान्न सकिन्छ । उसको स्वभाव अटल र इमान्दार सोझी नारी हो । उसको हृदय कोमल छ । उसलाई समीर र पुतली पात्रले अन्याय, अत्याचार र शोषण गरेका हुन्छन् । माधव, चमेली, रामु र उजेलीबाट माया र स्नेह पाउछे । अध्यापिकाबाट अर्ती उपदेश पाउँछे । उसले आफूले जन्माएका छोरालाई भन्दा मातृभूमिलाई बढी माया गर्ने स्वभाव छ । मालतीले उपन्यासमा सम्पूर्ण प्रवासी नेपाली चेलीको प्रतिनिधित्व गरेकी  छे । नेपाली चेलीले विदेशमा गएर के-कस्तो पीडा, दुःख भोग्छन् भन्ने तथ्य मालतीमार्फत छर्लङ्ग हुन्छ । त्यसैले ऊ वर्गीय पात्र हो । उसलाई उपन्यासमा मञ्चीय तथा बद्ध पात्रका रूपमा स्थापित गर्न सकिन्छ । मालतीले समीरकी श्रीमती भएर दुई छोरा जन्माएर ती छोरालाई माया दिन नसक्नु र माइत फर्केर आत्महत्या गर्न खोज्नुले उसको चरित्रमा केही कमजोरी पाउन सकिन्छ ।

## माधव

माधव **मालती** उपन्यासको नायक हो । उसले उपन्यासमा सहायक तथा प्रमुख पुरुष पात्रको भूमिका निर्वाह गरेको छ । माधवको व्यक्तित्व हेर्दा ऊ ब्राह्मणको छोरा हो, ऊ पहिला अविवाहित युवक हो । काम र मामको खोजीमा भारतको कलकत्तातर्फ गएको हुन्छ । उपन्यासकी प्रमुख पात्र मालती र उसको घर एउटै गाउँमा भएको कारणले दशैमा ऊ घर आएको समयमा मालतीसँग भेट हुन्छ । मालतीको सुन्दर तथा आकर्षक शरीर र शीलस्वभाव देखेर प्रेम गरी विवाहसमेत गर्ने सहमति गर्छ । यसरी माधवले घर्ती मगरकी छोरीसँग विवाह गर्ने आँट गर्नु उसको नवपरिवर्तनकारी व्यक्तित्व देखिन्छ ।

यसरी उपन्यासमा माधव सोभ्रो तथा इमान्दार व्यक्ति हो । उसले परम्परागत रूपमा चलिआएको जात-पातको भेदभावलाई भङ्ग गर्छ । परम्परागत कुसंस्कारको विरोध गरी समाज परिवर्तन हुनुपर्छ भन्ने विचार राख्दछ । यसरी भगाएर लैजानुको कारण सामाजिक मान-मर्यादा भङ्ग हुन्छ भन्ने डर हो । ऊ मालतीसँग विवाह गरी कलकत्तामा छ महिनासम्म सँगै बस्छ । त्यसै समय अवधिमा उसले आफ्नो साथी समीरलाई मालतीसँग परिचय गराउँछ । समीरले भने मालतीलाई आँखा गाडेको हुन्छ । माधव एकपटक तीन दिनको लागि दिल्ली गएको समयमा समीरले मालतीलाई अपहरण गरी नैनीताल लैजान्छ । माधव कलकत्ताबाट फर्कदा मालतीलाई पाउँदैन र उसलाई  नैनीताल कलकत्ता, पञ्जाबका विभिन्न ठाउँमा पागलभैं भएर भौंतारिन्छ । यसरी माधव आफ्नै साथीबाट पीडित र दुःखी भएको छ । आफ्नै साथीले उसलाई विश्वासघात गर्दछ । चार वर्षसम्म मालतीकै सम्भनामा बस्दछ । अन्तमा उसले दोस्रो विवाह गर्दछ । पाँच वर्षपछि मात्र ऊ मालतीसँग भेट हुने अवसर मिल्दछ तर भेट हुँदैन । मालतीको वास्तविक र दुःखको कथा सुनेर रविसँग रविजी यी कुराहरू मैले एक वर्ष पहिले थाहा पाएको भए हाम्रो जीवनको डुङ्गा एउटै हुने थियो (श्रेष्ठ, २०३४:.१३३) भन्ने विचार व्यक्त गर्नुबाट उसको मालतीप्रति विश्वास र हार्दिकता छर्लङ्ग हुन्छ । यसबाट मालतीप्रति उसको अत्यधिक प्रेम छ भन्ने कुरा स्पष्ट हुन्छ तर अन्तमा मालतीलाई स्वीकार भने गर्दैन ।

यसरी माधव उपन्यासको अनुकूल पात्र हो । ऊ प्रवासी नेपाली युवकको प्रतिनिधित्व गर्ने पात्र हो । त्यसैले उसलाई वर्गीय पात्र भनिन्छ । समयअनुसार उसको जीवनमा परिवर्तन आएको छ । त्यसैले उपन्यासको गतिशील पात्र हो । ऊ उपन्यासको नायक हो । सामान्यतया उसको र मालतीको जीवन घटनासँग उपन्यास आधारित छ । उसलाई उपन्यासमा मञ्चीय तथा बद्ध पात्रको रूपमा राख्न सकिन्छ । माधवले अरुको छिट्टै विश्वास गर्नु र घरमा दाजु र आमाको आज्ञाबमोजिम विवाह नगरी, भगाएर अन्तरजातीय विवाह गर्नु  र समीरले मालतीलाई अपहरण गर्दा कुनै प्रतिक्रिया नदेखाउनु उसका केही कमजोर पक्ष हुन् ।

## समीर

समीर **मालती** उपन्यासको प्रतिनायक तथा प्रतिकूल पात्र हो । उपन्यासमा ऊ सहायक  भूमिका छ । समीर उपन्यासको आधाभागबाट मात्र देखा पर्दछ । ऊ भारतीय नागरिक हो । माधवको नजिकको साथी हो । तर उसले माधवकी श्रीमती मालतीलाई अपहरण र बलत्कार गरेर उनीहरूबीच फुलिरहेको जीवनलाई तहस-नहस पारिदिन्छ । त्यसैले ऊ उपन्यासको प्रतिकूल पात्र हो ।  शारीरिक हिसाबले ऊ अग्लो र लामा लामा जुँगा भएको डरलाग्दो छ । उसलाई मालतीले कति पनि मन पराउँदिन । मालतीले उसलाई

मन नपराए पनि आखिरमा बाध्यतावस उसकै श्रीमती बन्दछे । समीरले मालतीलाई अपहरण गरेर लगेपछि उसले घरमा वास्तविक कुरा गर्दैन । उसले मालतीलाई विवाह गरी ल्याएको बताउँछ । यसबाट ऊ झुटो सावित हुन्छ । मालतीलाई पाँच वर्षसम्म श्रीमती बनाउँछ र ऊ बाट दुई छोरासमेत जन्माउँछ । मालतीले भने उसलाई कति पनि मन पराउँदिन । समीरका आमा र बहिनीले तथा स्वयं समीरले पनि मालतीलाई कुनै दुःख पीडा दिँदैनन् । यसबाट उसको चरित्रमा केही सकारात्मक पक्ष देखिन्छ । यसरी समीर पाठकवर्गबाट केही सहानुभूति लिन सक्षम भएको छ । ऊ उपन्यासको पूर्वाद्धमा पाठकबाट घृणित भए पनि उत्तरार्द्धमा केही सहानुभूति पाएको छ । यसरी समीर समयअनुसार परिवर्तन भएकाले गतिशील पात्र हो । उसलाई उपन्यासमा मञ्चीय र बद्ध पात्रका रूपमा राख्न सकिन्छ ।

समीरले मालतीजस्ती निर्दोष नारीलाई अपहरण र बलात्कर गर्नाले उसलाई भारतीय गुण्डाको रूपमा मानिएकाले वैयक्तिक पात्रका रूपमा स्थापित भएको छ । ऊ उपन्यासमा प्रतिनायक, सहायक प्रतिकूल, गतिशील मञ्चीय र बद्ध पात्रका रूपमा स्थापित छ ।

**मालती** उपन्यासमा यी प्रमुख र सहायक पात्रका अतिरिक्त गौण पात्र पनि छन् । ती पात्रको उपन्यासमा ठूलो भूमिका नभए पनि पृष्ठभूमि तयार पार्ने कार्यमा सहयोग पुऱ्याएका छन् । यी पात्रले उपन्यासलाई थप रोचक बनाएका छन् । उपन्यासमा चमेली, रामु, अध्यापिका रवि, उजेलीजस्ता पात्र अनुकूल, मञ्चीय, बद्ध र स्थिर पात्रका रूपमा स्थापित भएका छन् । पुतली, हरि नारायणदत्त, समीरका गुण्डा, रीताजस्ता पात्र प्रतिकूल, स्थिर, बद्ध तथा मञ्चीय पात्र हुन् । उपन्यासमा स्त्री र पुरुष, वर्गीय र व्यक्तिगत, मञ्चीय र नेपथ्य तथा बद्ध,मुक्त र स्थिर र गतिशील पात्रका रूपमा गौण पात्र उपन्यासमा समावेश भएका छन् । यी विभिन्न किसिमका गौण पात्रले उपन्यासलाई रोचक बनाएका छन् ।

### ४.१.१.३ कथोपकथन/संवाद

संवाद वा कथोपकथन भनेको पात्रहरूबीचको कुराकानी हो । उपन्यासमा कथ्य र चरित्रको समुचित प्रस्तुति कथोपकथनका माध्यमबाट हुन्छ । संवादको प्रमुख कार्य औपन्यासिक चरित्र चित्रण गर्नु हो र घटनाहरूलाई नाटकीकरण गरेर अगाडि लैजानु हो । यसमा पात्रहरूका बीचमा स्थापित समस्या अन्तर्द्वन्द्व र परिणति संवाद उपयुक्तः ढङ्गले प्रस्तुत गरिन्छ । यसरी उपन्यासकारले कथानकमा रोचकता थप्नको लागि संवादको आयोजना गरेको हुन्छ ।

भागीरथी श्रेष्ठको **मालती** उपन्यासमा पनि घटना अगाडि बढाउन र चरित्र चित्रणको लागि ठाउँ-ठाउँमा संवादको प्रयोग पाइन्छ । मालती र माधव, मालती, र चमेली, मालती र समीर, भाष्कर र उजेली, माधव र भाष्कर, खिमे र मालती, मालती र रामु आदि पात्रबीच संवाद भएको छ । संवादका केही उदाहरण यसप्रकार छन् :

मालती र माधवबीच भएको संवादमा जब माधव र मालतीबीच वनको काफलको बोटमुनि बसेको अवस्थामा भएको संवाद

माधव : एउटा कुरा गरुँ है मालती !

मालती : के कुरा ?

माधव : तिमी मसँग देशमा जान्छ्यौ ?

मालती : कसरी !

माधव : मसँग बिहे गरेर (पृ.४०) ।

मालती र रामु वनबाट घर फर्कदै गर्दा उनीहरूबीच भएको संवाद

रामू : दिदी मलाई साह्रै थकाइ र भोक लागेको छ । एकछिन यही चौतारीमा बसौं न ।

मालती : बिस्तारै हिँड्नु रामु । अबेला भयो भने सानी आमाले मार्नुहुन्छ । अब वन आइहाल्यो नि !

कलकत्तामा मालती एक्लै भएको अवस्थामा समीर आएर मालती र समीरबीच भएको संवाद ।

समीर : नमस्कार भावी जी !के गर्नुभएको छ ?

मालती : सधै एक्लै मात्र आउनुहुन्छ । घरबाट भावीलाई झिकाउनुहोस् न ।

समीर : मेरो बिहे नभएको कुरा तपाईंलाई पत्यारै लाग्दैन ।

मालती : ओ ........हो अहिलेसम्म विहे नगरी बस्नुभएको (पृ.८६) ।

अध्यापिकाले मालतीको आत्महत्या प्रयास रोकेपछि मालती र अध्यापिकाबीचको संवाद ।

मालती : तपाईं को हुनुहुन्छ ? विन्ति मलाई आफ्नो बाटो लाग्न दिनुहोस् । फेरि मलाई दुःख पीडा र अपमानको संसारतिर नतान्नुहोस् ।

अध्यापिका : मलाई सम्झनुहोस् तपाईं आफ्नै बहिनी एउटै पेटकी तपाईं पनि नेपालआमाकी छोरी म पनि उनकै छोरी । हामी दुई बहिनी म तपाईंलाई मर्न दिन्न ।

मालती : म जस्ती अभागिनीलाई बचाएर तपाईं के पाउनुहुन्छ ? यस दुःखको नरकमा बाँचेर म अब गर्न के सक्छु ? (पृ. १४३ र १३५) ।

उपन्यासमा संवादले कथानकलाई रोचक बनाएको छ । विभिन्न ठाउँमा पात्रअनुसार संवाद छ । पात्रहरू बीचमा स्थापित समस्या अन्तर्द्वन्द्व र परिणति प्रस्तुत गर्नका लागि विभिन्न ठाउँमा प्रसङ्गअनुसार संवादको प्रयोग गरिएको छ ।

### ४.१.१.४ भाषाशैली

भाषा मानवीय विचारको विनिमय साधन हो, अनुभूति र अभिव्यक्तिको माध्यम भएकाले भाषा सामाजिक चिन्तनको प्रतीक हो । उपन्यासमा कथावस्तुको विस्तार तथा विचारको प्रस्तुतिसमेत भाषाका माध्यमबाट गरिन्छ । लेखकले भाषालाई माध्यमबनाएर आफ्ना अनुभूति कृतिमा व्यक्त गर्दछन् । भाषामा शैली हुन्छ । भाषा र शैलीका बीच कलात्मक मेल आएमा मात्र राम्रो उपन्यास बन्दछ ।

**मालती** उपन्यासमा निकै सरल र सहज भाषाको प्रयोग भएको छ । उपन्यास ग्रामीण धरातलबाट उठेको हुनाले भाषा शैलीको प्रयोग पनि ग्रामीण क्षेत्रमा बोलिने भाषा र शैलीको प्रयोग भएको छ । यसमा जनजिब्रोका शब्द र वाक्यको प्रयोग भएका छन् । यसमा ठेट नेपाली भाषा, अङ्ग्रेजी र हिन्दी भाषाको मिश्रण पाइन्छ । यसमा विभिन्न किसिमका बिम्व, प्रतीक, अलङ्कार उखान-टुक्का एवम् दार्शनिक युक्ति र गीतिलयको प्रयोग छ । यिनका केही उदाहरण यस प्रकार छन्:

(क) दार्शनिक, नैतिक, सुक्तिहरू र उखानटुक्काहरूको प्रयोग भएका केही उदाहरहरू :

- जंगलको बीच बाटो रातको निस्पट्ट अन्धकार एउटी नारीको अपहरण सीतालाई रावणले लगेजस्तै हुन्छ (पृ ७) ।
- के खोज्छस् काना आँखो (पृ, ४४) ।
- जुन थालमा खाइस् त्यही थालमा थुक्छस् (पृ.४७) ।

(ख) यस उपन्यासमा प्रयोग भएका अनुकरणात्मक शब्दहरू केही उदाहरणहरू :

- जुरुक्क (पृ.६)
- कचकच (पृ.१२)
- भुतुक्क (पृ.३०)
- गुन-गुन (पृ.१९)
- निथ्रुक्क (पृ.१४)
- भताभुङ्ग (पृ.१९८)
- मस्त (पृ. ११९)
- टुसुक्क (पृ.१२६) ।

(ग) मालतीमा प्रयोग भएका केही अङ्ग्रेजी शब्दका उदाहरणहरू :

- नाइटड्रेस (पृ.९१)
- मेनेजर (पृ.६३)
- सर्भिस (पृ.७७)
- बेग (पृ. ११४)

- पार्क, रेस्टुराँ (पृ.९९)
- अफिस (पृ.७९) आदि

(घ) मालती उपन्यासमा प्रयोग भएका केही हिन्दी शब्दहरूको उदाहरण :
- भावी (पृ.१०४)
- जरुर (पृ.१०६)
- एक से एक (पृ.१०८) आदि

(ङ) मालती उपन्यासमा प्रयुक्त गीतिलयहरूको उदाहरण :
- खोलापारी मै माया लाउँदिन, वर्षालाग्यो म आउन पाउँदिन (पृ.१०)
- आकाशमा तीन तारा तीन तिर, जान्छु म त मलाय काटेर (पृ.३८)

उपन्यासमा गुन्द्री, ढिडो, सेलरोटी, मकै, भटमास, काँचको बटुको, मही आटो, सिन्कीको झोलजस्ता नेपाली ठेट शब्द तथा गुल्मेली उपभाषिका प्रयोग भएको छ । यस कारणले गर्दा उपन्यास यथार्थमूलक बनेको छ । उपन्यासमा घटनाहरूको विवरण, सरल तरिकाले अगाडि बढेका छन् । प्रथम परिच्छेदबाहेक अन्य परिच्छेदका घटनाहरूको कार्यकारण शृङ्खलाबद्ध रूपमा प्रवाहित भएको छ । उपन्यास वृत्ताकारीय ढाँचामा लेखिएको भए पनि यो वर्णनात्मक शैलीको छ ।

### ४.१.१.५ द्वन्द्व

कथावस्तुलाई र पात्रका क्रियाकलापसँग आबद्ध गराएर गति दिने तत्त्व द्वन्द्व हो । द्वन्द्व आन्तरिक र बाह्य दुई किसिमका हुन्छन् । यिनै आन्तरिक र बाह्य द्वन्द्वबाट नै पात्रहरूको क्रियाकलाप अगाडि बढ्छन् र कथानक गतिशील भई श्रङ्खलित रूपमा अगाडि बढ्दछन् ।

### (क) आन्तरिक द्वन्द्व

आन्तरिक द्वन्द्व पात्रका मनभित्र चल्ने द्वन्द्व हो । यसलाई मनोद्वन्द्व पनि भनिन्छ । **मालती** उपन्यासमा मालती र माधवलगायत अन्य पात्रमा पनि आन्तरिक द्वन्द्व पाइन्छ । मालती रामुलाई चमेलीसँग मलाया पठाउने क्रममा मालतीको मनमा द्वन्द्व हुन्छ । मालतीलाई माधवले प्रेम विवाह गर्ने प्रस्ताव राख्दा पनि मालतीका मनमा द्वन्द्व हुन्छ । यो उपन्यासको आन्तरिक चरम द्वन्द्व हो । त्यसैगरी पाँच वर्षसम्म समीरका पञ्जामा बसेपछि मालतीले खिमेलाई भेटेपछि उसले दुई छोरालाई छोडी माइत आएपछि सोही समयमा माधव आउँछ र भेट हुन्छ हुँदैन भन्ने द्वन्द्व हुन्छ । माधवका मनमा पनि आन्तरिक द्वन्द्व पाइन्छ । माधवले चारवर्षसम्म मालतीसँग भेट हुन्छ हुँदैन भन्ने द्वन्द्व भइरहन्छ । त्यसैगरी माधवले

दोस्रो विवाह गर्ने क्रममा पनि द्वन्द्व हुन्छ । घरमा आएपछि मालतीसँग भेट हुने नहुने भन्ने द्वन्द्व हुन्छ । यी सबै उपन्यासका आन्तरिक द्वन्द्व हुन् ।

**(ख) बाह्य द्वन्द्व**

मानिस र मानिसबीच, मानिस र समाजबीच, समाज र समाजबीच तथा मानव र मानवेत्तरबीच हुने द्वन्द्वलाई बाह्य द्वन्द्व भनिन्छ । यो द्वन्द्व प्रत्यक्षरूपमा देख्न सकिन्छ । **मालती** उपन्यासमा पनि बाह्य द्वन्द्वको प्रयोग भएको छ । उपन्यासको सुरुमा सौतेनी आमा र मालतीबीच द्वन्द्व छ । नारायणदत्त र हरिबीच द्वन्द्व भएको छ । यसलाई शोषक, सामन्ती र निम्न वर्गीय मानिसबीचको द्वन्द्व भनिन्छ । त्यसैगरी माधव र मालतीबीचको विवाहले परम्परागत कुसंस्कारले युक्त समाज र नयाँ समाजबीच द्वन्द्व गराएको छ । कलकत्तामा मालतीलाई समीरले अपहरण गर्दा मालती र समीरबीच भएको द्वन्द्व उपन्यासको सबैभन्दा चरम द्वन्द्व हो । उपन्यासमा समाजमा हुने टुहुरा बालबालिका र सौतेनी आमाबीचको द्वन्द्व छ । त्यसैगरी शोषक सामन्ती र गरीब जनताबीचको द्वन्द्व छ । त्यस्तैगरी नारी र पुरुषबीच भएका द्वन्द्व मुख्य द्वन्द्व हुन् । समग्रमा उपन्यासमा आर्थिक, वर्गीय र हिंसात्मक द्वन्द्व भएको देखिन्छ ।

### ४.१.१.६. परिवेश/पर्यावरण

कुनै पनि कृतिमा पात्रहरूको र कृतिको सही मूल्याङ्न गर्नका लागि पर्यावरणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । पर्यावरण वा परिवेशलाई वातावरण पनि भनिन्छ । कृति लेखिएको समय र समयसँगै देशको राजनीति, सामाजिक र संस्कृतिको अवस्था कस्तो थियो भन्ने कुरा आवश्यक हुन्छ । उपन्यासमा पनि यी कुरा समावेश भएका हुन्छन् । कुनै काम हुनका लागि उपयुक्त मानिएको स्थल कार्यपीठिका हो । त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो (सुवेदी, २०६४ : २५) । **मालती** उपन्यासको कार्यपीठिका सामाजिक ग्रामीण छ । यो दुई किसिमको हुन्छ । ती हुन् :

**(क) आन्तरिक पर्यावरण वा परिवेश**

**मालती** उपन्यासमा आन्तरिक परिवेशलाई निकै महत्त्वका साथ चित्रण गरिएको छ । वि.सं. २०३४ भन्दा अगाडिको सामाजिक र सांस्कृतिक परम्परा र रीतिरिवाज यस उपन्यासका आन्तरिक परिवेश हुन् । यो मान्छेको मानसिक अवस्थासँग सम्बन्धित हुने भएकाले यसमा मालती तथा माधवको प्रेम वासना हुन् , पुतलीले सौताका छोराछोरीलई हेला गर्नु, त्यसैगरी समीरले मालतीलाई आँखा गाड्नु र मालतीले समीरलाई घृणा गर्नु जस्ता कार्य आन्तरिक परिवेश हुन् । देशको विद्यमान पञ्चायती शासन र पुरानो सामन्ती

समाजको चित्रण पनि उपन्यासका आन्तरिक परिवेश हुन् । भारतको कलकत्तामा समीरले मालतीलाई अपहरण गरी बलत्कार गरेको घटनाले परिवेश करुणामय, आक्रोशपूर्ण र घृणामय बनेको छ । यसरी उपन्यासमा कथानक अगाडि बढ्दै जाँदा पाठकका मनमा रिस, घृणा, दुःख करुणा आदि उब्जनछन् । यिनै अवस्था मालती उपन्यासका आन्तरिक परिवेश हुन् ।

### (ख) बाह्य पर्यावरण वा परिवेश

उपन्यासको कथावस्तु अगाडि बढ्दै जाँदा विभिन्न स्थान र समय आउँछन् तिनै स्थान र समयमा घट्ने दृश्यहरू बाह्य परिवेश हुन् । **मालती** उपन्यासमा स्वदेश र विदेशका विभिन्न ठाउँका परिवेश छन् । स्वदेशमा गुल्मी जिल्लाको चिउरेकको गाउँ रिडी, पाल्पा, कालीगण्डकीजस्ता ठाउँलाई मुख्य परिवेश बनाइएको छ । विदेशमा कलकत्ता, गोरखपुर, पञ्जाब, दिल्ली, नैनीताल, आदि ठाउँलाई विदेशी मुख्य परिवेश बनाइएको छ । यसरी उपन्यासमा स्वदेश र विदेशका विभिन्न गाउँ तथा सहरहरूको परिवेश छ । सहरिया परिवेशभन्दा ग्रामीण परिवेश धेरै तथा महत्त्वपूर्ण छ । उपन्यासमा वसन्त ऋतुको समय र बडादशैंको चहलपहल छ । विदेशबाट लाहुरे आउने गरेको दृश्यले वातावरण निकै रमाइलो बनेको छ । हरिया वनपाखा, उकाली, ओराली, जुनेली रातजस्ता रमणीय वातावरणको चित्रण गरिएको छ । यस उपन्यासमा घटना तथा पात्रअनुसारको परिवेशको चित्रण गरिएको छ ।

### ४.१.१.७ उद्देश्य/विचार

कुनै कार्यको पछाडि केही उद्देश्य हुन्छ । साहित्यकारले साहित्य रचना गर्नुको पछाडि केही उद्देश्य रहेको हुन्छ । उद्देश्य परिपूर्ति लागि रचनामा विचारको शृङ्खला प्रवाहित गरिएको हुन्छ । साहित्यिक कृतिको उद्देश्यले लेखकको जीवनदर्शन, मूल विचार र चिन्तनलाई प्रष्ट पारिएको हुन्छ । उपन्यासकारले उपन्यास लेख्दा कुनै न कुनै विचार राखेको हुन्छ । यसमा कथानक वा कथावस्तु चरित्रलाई भाषाका माध्यमबाट विचारको निष्कर्ष प्रस्तुत गरिएको हुन्छ । उपन्यासमा के छ र उपन्यासले समग्रमा के भन्न चाहन्छ । त्यसैको निचोड नै उद्देश्य हो ।

**मालती** उपन्यासमा परम्परागत सामाजिक कुसंस्कारलाई व्यङ्ग्य प्रहार गरिएको छ । नारी जीवनका सङ्घर्ष र उनीहरूले भोग्नुपरेको पीडालाई उपन्यासमा देखाउन खोजिएको छ । त्यसैगरी आर्थिक असमानता शोषक र सामन्ती समाजको चित्रण गरिएको छ । जातीय भेदभावको विरोध उपन्यासमा छ । नेपाली समाजमा व्याप्त अन्याय र अत्याचारको चित्रण उपन्यासमा प्रष्ट देखिन्छ । मालतीलाई उसकी सौतेनी आमाले गरेको क्रियाकलापबाट यस

किसिमका अन्याय अत्याचारलाई प्रष्ट रूपमा पाउन सकिन्छ । त्यसैगरी मालती र माधवको विवाहले समाजमा व्याप्त रहेको जातीय भेदभावलाई चुनौती दिएको छ । जात भन्ने कुरा भगवान्ले बनाएको होइन । तपाईं हामीजस्ता मान्छेले बनाएको घृणित परम्परा र नियम हो । हामीलाई अन्धविश्वासको सिक्रीले बाँधेको छ । यो सबै जात-पात इज्जत आफ्नो सोचाइको कुरा हो । बिहे भन्ने कुरा आफ्नो मनखुशीले गर्नुपर्छ । इच्छा नभईकन करले गर्दा जीवन बरबाद हुन्छ । आजकल त अन्तरजातीय बिहे गर्ने चलन आइसकेको छ (श्रेष्ठ, २०३४ : ५५), दृढ हुँदै माधवले आफ्नो दाजु र आमासँग भन्दछ । यस भनाइबाट जातीय अन्तरविरोधको अन्त गर्नुपर्छ । समाजमा समानता ल्याउनुपर्छ र सबैलाई एकै तथा समान दृष्टिकोणले हेर्नुपर्छ भन्ने विचार व्यक्त भएको छ । यसरी माधव प्रगतिशील चरित्र भएको पात्र हो । त्यसैगरी हरिस्तो निम्नवर्गीय व्यक्तिले नारायणदत्तजस्तो शोषक र सामन्ती साहुलाई हातपात गरी समाजमा शोषक र सामन्तको अन्त गर्न खोजेको र निम्न वर्गीय सर्वहारा वर्गको विजय देखाइएको छ । मालतीमाथि समीरजस्ता गुण्डाले बलत्कार र अपहरण गरेका बर्बरतापूर्ण अमानवीय कार्य उपन्यासमा देखिन्छ । यसले उपन्यासमा नारीमाथि गरिने अन्याय र अत्याचारको चित्रण गरेको छ । नेपाली नारीले विदेशी भूमिमा भोग्नुपरेको दुःख, कष्ट, पीडालाई मालती पात्रमार्फत स्पष्ट पारिएको छ । काम र मामको खोजीमा विदेसिन बाध्य नेपाली युवा र तिनीहरूले विदेशमा गएर भोग्नुपरेको पीडा माधव पात्रमार्फत प्रष्ट हुन्छ । मालती नैनीतालबाट माइत फर्केको समयमा माधवले भेट नदिएपछि ऊ पीडित हुँदै आत्महत्याको प्रयास गर्दछे । उक्त प्रयासलाई अध्यापिकाले रोक्छिन् । उनले मालतीलाई जीवन सङ्घर्षमा व्यतित गर्नुपर्छ भन्ने उपदेशात्मक तथा आदर्शवादी विचार व्यक्त गर्दछिन् । अध्यापिकको अर्को भनाइ बहुसंख्यक नेपाली जनताले भोग्दै आएका दुःख पीडालाई हटाई जीवनमा उज्यालो ल्याउनुपर्छ भन्ने भनाईबाट व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सामाजिक जीवनका वृहत्तर राष्ट्रिय स्वार्थमा लाग्नुपर्छ भन्ने सन्देश पाउन सकिन्छ ।

यसरी उपन्यासमा नेपाली ग्रामीण समाजको परिवारमा टुहुरा बालबालिकालाई सौतेनी आमाले गर्ने अन्याय अत्याचारको चित्रण छ । उपन्यासमा पुरानो कुसंस्कारलाई तोडेर अब नयाँ विचारका साथ समाज परिवर्तन गर्नुपर्छ भन्ने विचार व्यक्त भएको छ । शोषक, सामन्तीको पराजय सर्वहारा तथा निम्नवर्गीय जनताको विजय भएको घटना उपन्यासमा छ । उपन्यासमा पुरुषका समस्याभन्दा नारीका समस्याहरूलाई बढी चित्रण गरिएको छ । त्यसैगरी नेपाली युवा युवतीले विदेशी भूमिमा पाउनुपर्ने र पाएका दुःख पीडालाई उपन्यासमा जस्ताको तस्तै उतार्ने प्रयास भएको छ । यसरी यी विभिन्न घटना र पात्रका क्रियाकलापद्वारा उपन्यासमा प्रगतिशील, नारीवादी, राष्ट्रवादीजस्ता विचार पाइन्छ । यी विचारका अतिरिक्त सबैभन्दा महत्त्वपूर्ण सामाजिक यथार्थवादी विचार नै उपन्यासको मूल उद्देश्य वा विचार हो ।

### ४.१.१.८ कौतूहल

उपन्यासमा मूलकथाका वरिपरि प्रशस्त सहायक र गौण कथावस्तु समेटिएका हुन्छन् । ती कथाहरूलाई श्रृङ्खलित प्रभावकारी र पठनीय बनाउँदै लैजानु नै कौतूहल हो । कौतूहलले पाठकका मनमा जिज्ञासा र अभिरुची बढाइ राख्दछ । **मालती** उपन्यासमा घटना र पात्रअनुसार कौतूहल भएको पाइन्छ । मालती र माधवबीच अन्तरजातीय विवाहले माधवको परिवारमा कस्तो अवस्था हुन्छ भन्ने कौतूहल हुन्छ । त्यसैगरी मालतीलाई समीरले अपहरण गरेपछि नैनीतालमा मालती र समीरबीचको सम्बन्धका बारेमा पनि कौतूहल उब्जन्छ । मालती नैनीतालबाट माइत फर्कदा त्यहाँ मान्छेले कस्तो व्यवहार गर्ने होलान भन्ने कौतूहल जाग्छ । त्यसैगरी मालतीलाई समीरले अपहरण गरेको माधवले कसरी थाहा पाउला र कहाँ खोज्न जान्छ होला भन्ने कौतूहल पैदा हुन्छ । मालती र माधवबीच पुनः मिलन हुन्छ कि हुँदैन भन्ने कौतूहल जाग्दछ । मालती नैनीतालबाट फर्केपछि समीर र दुई छोरालाई के कसो गरे होलान् भन्ने कौतूहल हुन्छ । मालती माइत आएपछि अध्यापिकाले मालतीको आत्महत्याको प्रयासलाई बचाएपछि मालती कसरी आफ्नो जिन्दगी बिताएकी होली भन्ने कौतूहल हुँदा-हुँदै उपन्यासको कथावस्तु समाप्त भएको छ । यसरी उपन्यासमा कौतूहल घटना, परिवेश र पात्र अनुसारको छ । यसरी उपन्यासमा कौतूहल पक्ष निकै रोचक तरिकाले देखाइएको छ ।

### ४.१.१.९ दृष्टिबिन्दु

उपन्यासमा कथयिताले कथावाचन गर्नका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । उपन्यासभित्र उपन्यासकारले पात्रका माध्यमबाट सोझै आफ्नै उपस्थितिमा कथा भनिरहेको हुन्छ । यसरी कथा भन्नलाई उपन्यासकारले रोजेको समाख्याताको स्थान नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दुका माध्यमले उपन्यासकार र पाठकवर्गबीचको सम्बन्ध जोडिन्छ । दृष्टिबिन्दु प्रथम, द्वितीय र तृतीय गरी तीन किसिमको हुन्छ । उपन्यासमा प्रथम र तृतीय दृष्टिबिन्दुको प्रयोग बढीमात्रामा हुन्छ । भागीरथी श्रेष्ठको **मालती** उपन्यास वर्णनात्मक शैलीमा लेखिएको हुनाले यसमा उपन्यासकारले आफैले वर्णन गरेका कथावस्तुहरू आएका छन् । यहाँ तेस्रो पात्रलाई उभाइएको छ । त्यसैले यस उपन्यासमा बढी मात्रामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग छ । उपन्यास बृहत् विधा भएकाले यसमा पनि कुनै-कुनै ठाउँमा नाटकीय शैलीको, द्वितीय दृष्टिबिन्दु र प्रथम दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

यस हिसाबले यसमा बाह्य दृष्टिबिन्दु प्रयोग भएको देखिन्छ । यसमा पात्रका अन्तरकुन्तर सबै घटना र विचारका बारेमा समाख्याता जानकार भएर कथा भनिएको छ । यसलाई सर्वज्ञ दृष्टिबिन्दु पनि भनिन्छ । यसरी मालती उपन्यासमा धेरैजसो ठाउँमा बाह्य

अर्थात् तृतीय पुरुष सर्वज्ञ दृष्टिबिन्दुको प्रयोग गरी कथा भन्ने शैलीको अवलम्बन गरिएको पाइन्छ ।

### ४.१.२ प्रवृत्तिगत आधारमा मालती उपन्यासको विश्लेषण

उपन्यास बृहत् विधा भएको हुनाले यसलाई विश्लेषण गर्ने अन्य धेरै तरिकामध्ये प्रवृतिगत आधार एउटा महत्त्वपूर्ण आधार हो । यसलाई तत्त्वगत आधारमा जस्तै गरी प्रवृतिगत आधारमा पनि विश्लेषण गर्न सकिन्छ । यसमा कथावस्तु, पात्र, घटना र परिवेशअनुसार विभिन्न किसिमका फरक-फरक किसिमका प्रवृत्ति पाउन सकिन्छ । यसमा सामाजिक, यथार्थवादी, प्रगतिवादी आञ्चलिकता र नारीवादीजस्ता प्रवृत्तिको आधार विश्लेषण गर्न सकिन्छ ।

### ४.१.२.१ सामाजिकता

उपन्यासका धेरैजसो विषयवस्तु समाजबाट नै टिपेर लेख्ने चलन छ । समाजमा घटेका घटनालाई विषयवस्तु बनाएर बढाइ-चढाई गरीकन उपन्यास तयार पारिएको हुन्छ । नेपाली साहित्यको विकास क्रममा आधुनिक नेपाली साहित्यको उपन्यास विधामा सरदार रुद्रराज पाण्डेको **रूपमती** (वि.सं.१९९१) बाट नेपाली उपन्यास परम्परा सामाजिक प्रवृत्ति देखापरेको हो । यही प्रवृत्तिको उपन्यासले नै नेपाली आधुनिक उपन्यासको क्षेत्रको सुरुवात गरेको हो । यसले यो प्रवृति सबैभन्दा पुरानो र महत्त्वपूर्ण मानिन्छ । **मालती** उपन्यासमा पनि सामाजिक प्रवृत्ति निकै मात्रामा पाइन्छ । **मालती** उपन्यास सामाजिक हो भनेर उपन्यासकारले उपन्यासको शीर्षकमा उल्लेख गरेकी छन् । उपन्यासमा नेपाली समाजमा भए गरेका र गरिने परम्परा रीतिरिवाजको प्रस्तुत गरिएको छ । नेपाली पहाडी ग्रामीण समाजको चित्रण यसमा पाइन्छ । यसमा वि.सं. २०३४ सालभन्दा पहिलेको सामाजिक अवस्थाको चित्रण छ । त्यसबेला पञ्चायत शासन थियो । त्यही अनुरूपको समाज चित्रण यसमा छ । त्यस अवस्थामा शोषक सामन्तीवर्गको बाहुल्यता थियो । जात-भातका कुरा निकै जल्दोबल्दो अवस्थामा रहेका थिए । त्यसैकारण माधव र मालतीबीच अन्तरजातीय विवाह गरी भाग्नुपरेको थियो । समाजमा मुख्य जिम्मालको हातमा शासन भएको यथार्थ पाइन्छ । यी कारणले गर्दा यो सामाजिक उपन्यास हो ।

नेपाली समाजका रीतिरिवाज चाडपर्वहरूको वर्णन यसमा पाइन्छ । यसमा समाजमा दशैंजस्तो महान् चाड आएको परिवेशले समाजलाई रोचक बनाएको दृश्य छ । नेपाली समाजमा चाडपर्व आएपछि खेतीपाती छोडी चाडपर्व मनाउने, नयाँ कपडा लगाउने, बूढाबूढीहरूलाईभन्दा केटाकेटीहरूलाई चाड पर्वको खुसी बढी हुने अवस्था पाइन्छ । ग्रामीण समाजमा मागी विवाह गर्ने प्रचलनको वर्णन गरिएको छ । त्यसैगरी समाजमा मान्यजनले

भनेको ठाउँमा विवाह गर्ने प्रचलन उपन्यासमा पाउन सकिन्छ । यसरी उपन्यासमा नेपाली समाजको चित्रण अत्यधिक रूपले देखिन्छ । त्यसैले यसलाई सामाजिक उपन्यास भनिन्छ ।

### ४.१.२.२ यथार्थवादी

समाजमा जे-जस्तो छ, त्यसलाई त्यस्तै रूपमा चित्रण गर्नु यथार्थवाद हो । यसमा कुनै पनि घटना विषयवस्तुलाई जस्ताको तस्तै उतार्ने गरिन्छ । समाज वा अन्य ठाउँमा जे भयो त्यसलाई जस्ताको तस्तै लेख्ने गरिन्छ । यसमा लेखकको भावना र कल्पनाको प्रयोग हुँदैन । नेपाली उपन्यासको क्षेत्रमा लैनसिंह बाङ्देलको **माइतघर** (२००४) बाट यस प्रवृत्तिले प्रवेश पाएको हो । **मालती** उपन्यास पनि यथार्थवादी प्रवृत्ति भएको उपन्यास हो । यसमा कथावस्तु, घटना, पात्र र परिवेश जे छन् ती सबै यथार्थमा आधारित छन् । यसमा मालतीले परिवारमा भोग्नुपरेको पीडा दुःख नेपाली समाजका यथार्थ घटनासँग सम्बन्धित छन् । मालती र माधवबीच अन्तरजातीय विवाह गर्दा भोगेका घटना पनि नेपाली समाजकै यथार्थ हुन् । समीरजस्ता गुण्डाले मालतीजस्ती सोझी नारीलाई अपहरण र बलत्कार गर्नु पनि नेपाली नारीका यथार्थ घटना हुन् । उपन्यासमा गुल्मी जिल्लाका चिउरेका रिडी, पाल्पा, बुटवल र विदेशमा कलकत्ता नैनीताल, पञ्जाब दिल्लीजस्ता बाह्य परिवेश पनि यथार्थ ठाउँहरू हुन् । उपन्यासमा ग्रामीण नेपाली समाजको जनजिब्रोको भाषाको पनि प्रयोग भएको छ । यो पनि यथार्थ भाषाशैली हो । यी घटना, पात्र, परिवेश, भाषाशैली आदि सबै नेपाली समाजसँग मिल्दा-जुल्दा खालका छन् । त्यसैले उपन्यासलाई यथार्थवादी उपन्यास भनिन्छ । यो यसको मुख्य प्रवृति हो ।

### ४.१.२.३ प्रगतिशील

यो प्रवृत्ति भागीरथी श्रेष्ठको **मालती** उपन्यासमा पनि प्रष्ट रूपमा देखिन्छ । यसमा नारायणदत्त जस्तो शोषक सामन्ती प्रवृत्तिको व्यक्तिलाई हरिजस्तो निम्न वर्गीय पात्रले कुटेको घटना छ । यसबाट सर्वहारा वर्गको विजय र शोषक र सामन्तीको पराजय भएको देखाइएको छ । यो नै प्रगतिशील प्रवृत्ति हो । यसमा सामन्त तथा शोषक वर्ग र सर्वहारा वर्गबीचको द्वन्द्व छ । त्यसैगरी उपन्यासमा परम्परावादी कुसंस्कारलाई नयाँ विचार र चिन्तनले परास्त गरेको घटना छ । यसमा मालती र माधवबीच अन्तरजातीय विवाहले परम्परागत कुसंस्कारलाई परास्त गरेको छ । यसमा जात-भातको भेदभावलाई विरोध गरी समाजमा परिवर्तन गर्न खोजेको छ । यसमा रुढिग्रस्त सामाजिक मूल्य-मान्यता तथा मानवीय दुर्वलता आदिलाई टड्कारो रूपमा प्रस्तुत गर्न खोजिएको छ । सामाजिक सन्देशका रूपमा प्रगतिशील जीवनदृष्टिलाई अंगिकार गर्दै मालती उपन्यास टुङ्गिएको छ (शर्मा पौड्याल, २०४९ : ११९) । यसरी **मालती** उपन्यासमा माधवजस्ता निम्नवर्गीय पात्रलाई

मुख्य तथा सहायक पात्रको चित्रण गर्नु, नारायणदत्त शोषक सामन्तीको पराजय उपन्यासमा देखाइएको छ । युगौंदेखि अन्धविश्वासको भ्रान्तिमा जनतालाई रल्याएर आफ्नो दुनो सोझ्याउने सामन्ती परिवेशप्रति तीब्र सङ्घर्ष छ (भट्टराई सन् १९७७ : वर्ष १८, अङ्क १०) । यसरी यी विभिन्न घटना, पात्र र ती पात्रका क्रियाकलाप हो यसमा प्रगतिशील चिन्तन पाइन्छ ।

### ४.१.२.४ आञ्चलिकता

स्थानीय परिवेशलाई समेटेर लेखिएको उपन्यासलाई आञ्चलिक भनिन्छ । यस्ता उपन्यासमा सानो क्षेत्रमा वर्णित भू-बनोट, स्थानीय परिवेश, परम्परा संस्कार आदिको चित्रण गरिएको हुन्छ । आधुनिक उपन्यास परम्परामा यो प्रवृत्ति शंकर कोइरालाको **खैरनीघाट** (२०१८) बाट भित्रिएको हो । मालती उपन्यासमा पनि यो प्रवृत्ति पाइन्छ । यसमा स्थानीय भू-भाग अन्तर्गत गुल्मीको चिउरेका गाउँ, रिडीजस्ता ठाउँलाई मुख्य परिवेश बनाइएको छ । यसमा एउटा जिल्लाको सीमित गाउँलाई मुख्य परिवेश बनाइएको छ । यसमा स्थानीय परम्परामा त्यस गाउँको रहन-सहन चाल-चलनको चित्रण छ । यसमा पात्र पनि त्यही गाउँका पात्रको प्रयोग गरिएको छ । भाषाशैलीमा स्थानीयतामा आधारित छ । पात्रको संस्कार र जीविकोपार्जनका तरिका पनि स्थानीयतामा आधारित छ । यसरी यसमा घटना, पात्र र परिवेश स्थानीयतामा आधारित भएको हुनाले यसलाई सामाजिक यथार्थका साथै आञ्चलिक प्रवृत्ति पनि पाइन्छ ।

### ४.१.२.५. नारीवादी

उपन्यासमा नारीलाई मुख्य केन्द्रबिन्दु बनाएर लेखिएको उपन्यास नारीवादी हो । यस्ता उपन्यासमा नारी जीवनमा घटेका घटना दुःख, सुख, पीडा, वेदना र सङ्घर्षको उल्लेख गरिएको हुन्छ । **मालती** उपन्यासमा मालतीलाई मुख्य नारी पात्रको पात्रको रूपमा चित्रण गरिएको छ । उसकै केन्द्रीयतामा उपन्यास लेखिएको छ । मालती ग्रामीण समाजमा जन्मेकी उसका जीवनमा घटेका घटनाहरूलाई उपन्यासमा समावेश गरिएको छ । यसमा मालतीले जुन आशा अपेक्षा गरेकी छ, त्यो पूरा हुन पाउँदैन । सुरुमा सौतेनी आमा र बाबुबाट अपहेलित हुन पुग्नु पछि ब्राह्मण जातिको केटासँग विवाह गरी प्रदेश जानु र गएपछि समीरजस्ता गुण्डाको पञ्जामा परी अपहरित र बलात्कृत हुन पुग्नुजस्ता कारुणिक घटना उपन्यासमा उल्लेख गरिएको छ । पाँचवर्षपछि माइत फर्केर पनि उसले सुखसँग जीवन बिताउन सक्दिन । यसरी मालतीले पाउने दुःख, पीडा, अन्याय अत्याचार नेपाली चेलीले पाउने दुःख, पीडा  अन्याय, अत्याचार छन् । यसरी उपन्यासमा मालती पात्रका माध्यमबाट नारीका समस्यालाई देखाइएको छ । मालतीजस्तै धेरै नेपाली बालबालिकाले

सौतेनी आमाको अन्याय-अत्याचार खप्नुपरेको छ । त्यस्तै मालतीजस्ता युवतीहरूलाई भारतका विभिन्न ठाउँमा गएका र समीरजस्ता भारतीय गुण्डाले अपहरण र बलात्कार गरेको पाइन्छ । नेपाली नारीको आफ्नो अस्तित्व गुमेको घटना उपन्यासमा छ । उनीहरू अनेक बहानामा शोषित र पीडित भएको यथार्थमा घटना उपन्यासमा छर्लङ्ग देखिन्छ । उपन्यास लेख्ने समयमा आजभोलिजस्तो नारी हक अधिकारका कुरै थिएनन् । नारीलाई दबावमा पार्ने चलन थियो । उनीहरूलाई घरको काममा लगाउने गर्थे । कुनै सभा-सम्मेलनमा त्यति जान पाउने व्यवस्था थिएन । यसरी आजभोलिका नारीभन्दा त्यस बेलाका नारीवादी शोषित र पीडित भएका थिए । उपन्यासमा जताततैबाट अपहेलित र शोषित भएकी मालतीलाई अध्यापिकाले अर्ती उपदेश दिएर उसको ज्यान बचेको घटना उपन्यासमा छ । यसबाट नारीले नारीलाई अर्ती उपदेश दिएर रक्षा गरेको घटना छ । यसरी यो उपन्यासमा नारीका समस्यालाई यथार्थ रूपले चित्रण गरिएको छ । यसबाट नारीसम्बन्धी केही चेतना दिने काम भएको छ । उपन्यासकी लेखिका पनि नारी भएको हुनाले यो उपन्यास नारीवादी हुनु पनि स्वाभाविकै हो । पात्रको संख्यात्मक हिसाब पनि नारीवादीलाई बढी मात्रामा प्रयोग गरिएको छ । नारीलाई मुख्य पात्र बनाई लेखिनु र तिनका समस्यालाई मुख्य विषयवस्तु बनाइएको हुनाले यो नारीवादी उपन्यास हो ।

**निष्कर्ष**

**मालती** (२०३४) उपन्यास भागीरथी श्रेष्ठको पहिलो पुस्तकाकार कृति हो । यो ग्रामीण विषयवस्तुलाई आधार बनाएर लेखिएको छ । नेपाली समाजमा घट्ने घटनाहरूलाई समावेश गरी उपन्यास तयार पारिएको छ । यसमा प्रेम, आर्थिक, नारी समस्यालाई मुख्य विषयवस्तु बनाइएको छ । सामाजिक विकृति विसङ्गतिलाई तीव्र व्यङ्ग्य प्रहार गरिएको छ । यसमा ग्रामीण भेगमा पाइने पात्रको प्रयोग घटना र परिवेश अनुसारका पात्रको प्रयोग उपन्यासमा छ । नारीलाई मुख्य पात्रका रूपमा स्थापित गरिएको छ । यी पात्रमार्फत् पुरानो सामन्ती कुसंस्कारलाई नयाँ विचार र चेतनाले परास्त गर्नुपर्छ भन्ने विचार उपन्यासमा पाइन्छ । नेपाली समाजमा घट्ने घटनाहरूलाई जस्ताको तस्तै उतार्ने प्रयास गरिएको छ । नेपाली युवा-युवतीले विदेशी भूमिमा गएर के-कस्तो समस्या भोग्नुपरेको छ भन्ने तथ्य माधव र मालती पात्रमार्फत् छर्लङ्ग देख्न सकिन्छ । उपन्यासमा ग्रामीण परिवेशको चित्रण बढी मात्रामा प्रयोग भएको छ । यसमा नाटकीय शैलीमा संवादको प्रयोग भएको छ । तथा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग उपन्यासमा भएको छ । उपन्यासमा यथार्थवादी, प्रगतिशील र नारीवादी तथा सामाजिकता आञ्चलिकता प्रवृति पाइन्छन् । वैचारिक हिसाबले यो सामाजिक यथार्थवादी उपन्यास हो ।

## ४.२ भागीरथी श्रेष्ठको 'यस्तो एउटा आकाश' उन्पयासको विश्लेषण

भागीरथी श्रेष्ठको **यस्तो एउटा आकाश** (२०४६) उपन्यास दोस्रो पुस्तकाकार कृति हो । यो नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित तथा विद्वतवृत्तिअन्तर्गत लेखिएको हो । यो १२ परिच्छेद र ८७ पृष्ठमा संरचित मझौला आकारको उपन्यास हो । यसमा पनि **मालती** उपन्यासमा जस्तै सामाजिक विषयवस्तुको प्रयोग गरिएको छ । यसमा समाजका नारी समस्याहरूको चित्रण छ । नारी मानसिकताका विविध पक्षहरूलाई यसमा समेट्न खोजिएको छ । ती पक्षलाई बडो कुशल ढङ्गले प्रस्तुत गरिएको छ । परिवारको घटनालाई लिएर एउटा उपन्यासको स्वरूप देखाउनुले उपन्यासकारको औपन्यासिक कला निकै राम्रो मानिन्छ । यसमा जुनसुकै पाठकले पनि पढ्न र बुझ्न सक्ने सरल र सरस भाषाको प्रयोग गरिएको छ । उपन्यास वर्णानात्मक शैलीमा लेखिएको छ । यसमा पनि मालती उपन्यासमा जस्तै तत्त्वगत आधार र प्रवृत्तिगत आधारमा विश्लेषण गर्न सकिन्छ ।

### ४.२.१ औपन्यासिक तत्त्वका आधारमा 'यस्तो एउटा आकाश' उपन्यासको विश्लेषण

साहित्यका विभिन्न विधाका आ-आफ्नै विशेषता हुन्छन् । तिनै विशेषताका आधारमा विधागत भिन्नता हुन्छन् । ती प्रत्येक विधामा मौलिक र पृथक  हुन्छन् । सबै विधाका एउटै तत्त्व हुँदैनन् तर उपन्यासमा र कथामा भने खासै फरक हुँदैनन्, किनभने ती आख्यान विधाका  शाखा हुन् ।

यसरी नेपाली साहित्यमा आख्यान विधाअन्तर्गत पर्ने उपन्यास प्रमुख शाखा विधा हो । यसमा जीवन-जगत्सँग सम्बद्ध विषयलाई पूर्ण वा आंशिक रूपमा समेटिएको हुन्छ । उपन्यासमा जीवन र जगत्को यथार्थ चित्रण गरिएको हुन्छ । यसमा परम्परागत मूल्य-मान्यता एवम् संस्कृतिको चित्रण गरिएको हुन्छ । उपन्यासका विषयवस्तु तथा घटनाहरू आदि, मध्य र अन्त्यको क्रम मिलेको हुनुपर्छ । त्यसमा शिल्प शैलीको समेत संयोजन हुनुपर्दछ ।

यसरी उपन्यास निर्माण हुन्छ । उपन्यासलाई विश्लेषण गर्ने संरचनात्मक तत्त्वहरू हुन्छन् । ती तत्त्वलाई कुनै-कुनै समालोचकहरूले उपकरण भन्ने गरेको पाइन्छ । उपकरण वा तत्त्व जे भए पनि ती एउटै हुन् । नेपाली समालोचनाका क्षेत्रमा प्रचलित उपन्यासका तत्त्वहरूमा कथावस्तु वा कथानक चरित्र चित्रण वा पात्र, कथोपकथन वा संवाद देशकाल वातावरण वा परिवेश, भाषाशैली, विचार वा उद्देश्य, कौतूहल, दृष्टिबिन्दु प्रमुख रहेका छन् । यिनै तत्त्वका आधारमा उपन्यासको विश्लेषण गरिन्छ । भागीरथी श्रेष्ठका नेपाली उपन्यासमा आफ्नो स्पष्ट पहिचान बोकेकी उपन्यासकारका रूपमा स्थापित गर्न सकिन्छ ।

उनको **यस्तो एउटा आकाश** (२०४६) उपन्यासको विश्लेषण पनि यिनै तत्त्वका आधारमा क्रमशः गरिएको छ ।

### ४.२.१.१ कथावस्तु

श्रेष्ठको **यस्तो एउटा आकाश** उपन्यासमा कथावस्तु नेपाली ग्रामीण समाजको एउटा परिवारबाट सुरु भएको छ । उपन्यासका मुख्य पात्र सुधा र सुमन दाम्पत्य जीवनमा बाँधिएका श्रीमान् र श्रीमती हुन् । यिनैको जीवनमा घटेका घटनाहरूलाई उपन्यासको मुख्य विषयवस्तु बनाइएको छ ।

सुमन जागिरको सिलसिलामा तानसेनमा बस्दछ । घरमा सुधा र उसकी सासू अर्थात् सुमनकी आमा सरस्वती छन् । सुधाले तानसेनबाट उसको श्रीमान् सुमनको आगमनलाई कल्पना गरेर खुशी भइरहेको अवस्थाबाट उपन्यासको कथानक सुरु हुन्छ । सुमन तानसेनमा क्याम्पस लेक्चर छ । ऊ घरबाट तानसेन जाने समयमा सुधालाई फेरि लिन आउँछु भनेर आश्वासन दिएको हुन्छ । त्यसैकारणले सुधामा थप खुशी छाएको हुन्छ । सुमन हरिबोधनी एकादशीका दिन घरमा आउँछु भनेर चिठी पठाएको हुन्छ । त्यसैले सुधाले घरमा सरसफाइ गर्नेदेखि लिएर सबै प्रबन्ध मिलाउँछे । यसैबीच रीता भन्ने विवाहित महिला सुधासँग आउँछे । उसले सुमन र आरतीको अवैध सम्बन्धबारे अवगत गराउँछे । रीताले गाउँलेका कुरा काट्ने जसका घरमा मीठा-मीठा खानेकुरा पाकेका भए मागेर खाने स्वभाव छ । रीताले सुमन र आरती अवैध सम्बन्ध सुनाए पनि सुधाले विश्वास मान्दिने किनभने उसले लोग्नेप्रति धेरै विश्वास र माया गर्छे । चार महिनासम्म घरमा नआउँदा भने उसमा केही शङ्का भने हुन्छ । सुधा गर्भवती भएको पनि चार महिना भएको हुन्छ । सुमनलाई यो कुरा थाहा छैन । सुमन छ सात घण्टाको बाटोमा पनि घर नआउँदा सुधा र उसकी सासू सरस्वतीले शङ्का मान्दछिन् । उनीहरूको मन खिन्न हुन्छ । सासू-बुहारीको भने सम्बन्ध घनिष्ट हुन्छ ।

सुमन केही समयपछि रिडी घरमा आउँछ । सुधालाई सुमन आएको चम्पाले बताउँछे । चम्पा घरमा काम गर्ने महिला हो । सुधा, सुमन र सरस्वतीको भेटले परिवारमा खुशीयाली आउँछ । सुमन घरको कोठामा बसेको अवस्थामा उसकी आमा आएर सुमन चार महिनासम्म घर नआएको कारण सोध्दछे र आफ्ना गुनासा बताउँछे । सोही समयमा सुधा गर्भवती भएको पनि बताउँछे । सुमन खुशी हुँदै सुधासँग जान्छ । किन तिमीले मसँग कुरा लुकाएकी (श्रेष्ठ, २०४६ : २६) भन्छ । सरस्वतीले बुहारी सुधालाई तानसेन लैजाने आग्रह गर्छिन् । तर सुमन यसबारेमा केही बोल्दैन । यसपटक उसले सुधालाई लैजाने विचार गर्दैन । उसले कोठा खोजेको छैन भन्नेजस्ता बाहना गर्दछ । अन्तमा उसकी आमाले

बुहारीलाई अस्पतालमा देखाउनुपर्छ भनेर ढिपी गरेपछि सुधालाई तानसेन लैजाने सहमति गर्छ । यस अवस्थाबाट सुमन अफ्ठ्यारोमा पर्छ किनभने ऊ तानसेनमा आरतीको घरमा मालिकजस्तै भएर बसेको हुन्छ र दिदी भाइको नाता कायम गरी अवैध सम्बन्धसमेत राखेको हुन्छ । यसरी सुधालाई लैजाँदा यी तथ्य सबै थाहा पाउने डर र आरतीलाई जानकारी दिएको हुँदैन । आरतीबाट केही अवरोध हुन्छ कि भन्ने डर उसमा हुन्छ । तैपनि उसले सुधालाई तानसेन लैजान्छ । दुवैजना तानसेन आरतीको घरमा जान्छन् । आरतीले सुमनको सुइटर बुनिरहेको अवस्थामा उसले सुधासँग सुमनको पढाइलगायत अन्य सबै वृत्तान्त सुनाउछे । सुमन मेरा भाइको साथी हो त्यसैले हामी दुवैको दिदीभाइको नाता छ भनेर भन्छे । केही हदसम्म सुधालाई पत्यार लाग्छ, तर सुमन र आरतीले घरमा गर्ने अनेक क्रियाकलापले भने शङ्कापैदा हुन्छ । भोलिपल्ट सुधा आफ्नी साथी भरनाको घर भीमसेनस्थानमा बस्न भनी जान्छे तर भरनाले भने दिनमा बस्न भन्छे राति भने उसलाई नबस्ने सल्लाह दिन्छे किनभने उसलाई सुमन र आरतीको अवैध सम्बन्ध भएको थाहा हुन्छ । बेलुका सुधा पुनः आरतीको घर अर्थात् सुमनको कोठामा आउँछे । त्यहाँ आउँदा सुमन आफ्नो कोठामा हुँदैन । सुधा बत्ती बालेर यताउता हेर्दछे र सुमन आरतीको कोठामा सुमन र आरती एउटै ओछ्यानमा भएको दृश्य देख्दछे । त्यस रातभर सुधा यताउता छट्पटाउने र उसलाई पीडा हुन्छ । त्यसको भोलिपल्ट उसले सुमन र आरतीलाई कुनै प्रतिक्रिया नदेखाईकन अस्पताल जान्छे । सुमन पनि उसको पछि-पछि जान्छ । यसै समयदेखि सुधाले समनलाई राम्रो व्यवहार गर्दिन । पहिलाको जति माया पनि गर्दिन । तर सुमनमा भने कुनै परिवर्तन आउँदैन । त्यसदिनदेखि उसले आरतीसँगको अवैध सम्बन्ध पनि तोड्दछ । केही समयपछि सुधाको पेटको बच्चा खेर जान्छ । ऊ भन् पीडित र दुःखी हुन्छे । ऊ माइत गएर बस्न थाल्छे तर माइतमा पनि सुख शान्ति पाउँदिन । सुमनलाई पीडा दिने उद्देश्यले उसले देवर सृजनसँग नाटकीय रूपले प्रेम गर्छे । यो अवस्था सुमनले देख्छ र भित्री रूपमा उसलाई पीडा हुन्छ तर बाहिर केही बोल्दैन ।

उता तानसेनबाट सुधा र सुमन हिँडेपछि आरतीले सुमनप्रतिको आशा हराउँछ । आरतीलाई उसको भाइ राजेश र बुहारीले समेत राम्रो दृष्टिकोणले हेर्दैनन् । तानसेनका अन्य छिमेकीले पनि राम्रो व्यवहार गर्दैनन् । यो अवस्थामा ऊ ४० वर्षकी अविवाहित महिला हो । ऊ जीवन एक्लै बिताउन नसक्ने अवस्था देखेपछि चार छोराछोरीको बाबु भएको पहिलो श्रीमतीको मृत्यु भएको व्यक्ति हरिमानसँग विवाह गर्न पुग्छे । यो कुरा सुमनले थाहा पाउँछ र तुरुन्तै सुधालाई भन्छ अनि आफ्नो जागिर काठमाडौँ सरुवा गराउने निर्णय पनि सुधालाई सुनाउँछ । यसपछि सुधामा केही आशा पलाउँछ र विगतका सम्पूर्ण पीडालाई भुल्दछे । यसरी सुधा र सुमनको पुनर्मिलन हुन्छ । उपन्यासको कथा समाप्त हुन्छ ।

प्रस्तुत उपन्यासको कथावस्तु रैखिक छ । घटनाहरूको संयोजन राम्रोसँग गरिएको छ । यति सानो घटनालाई एउटा उपन्यासको स्वरूप दिनु उपन्यासकारको कला निकै राम्रो मान्नुपर्दछ । यसको घटना तथा कथावस्तु नारी समस्यामा केन्द्रित छन् । समाजको एउटा परिवारमा पुरुष महिलाबीच वैवाहिक सम्बन्ध भएपछि श्रीमान्ले घर छोडी बाहिर गएर परस्त्रीसँग गर्ने क्रियाकलापलाई उपन्यासमा छर्लङ्ग देखाइएको छ । घरमा श्रीमतीले श्रीमान्को प्रतिक्षामा बसेको उनीहरूप्रति गरेको आदर-सत्कार र मायाममता पनि उपन्यासमा पाउन सकिन्छ । नेपाली समाजमा धेरैजसो परिवारमा सासूबुहारीको द्वन्द्व हुन्छ तर यसमा भने सासूबुहारीको द्वन्द्व नभई एक आपसमा अति घनिष्ट र सुमधुर सम्बन्ध गरिएको अवस्था छ । यसमा सासूले बुहारीलाई गर्ने व्यवहार छोरीसरह गरिएको छ । त्यसैले उपन्यास पुरानो परम्परावादी कुसंस्कारभन्दा टाढा रहेको छ । त्यसैगरी एउटा शिक्षित व्यक्तिले जे-जस्तो गल्ती गरेपनि उसले आफ्नो गल्तीहरूलाई महसुस गरी गल्तीहरू सुधारी समाज परिवारको दायित्वलाई पूरा गर्छ भन्ने उदाहरण यसमा पाइन्छ । यसमा सुरुमा एउटा सुखी परिवार आरतीजस्ता केही व्यक्तिले परिवार खलबलाए पनि अन्तमा त्यस्ता व्यक्तिको पतन देखाई पुनः पहिल्यैको अवस्थामा ल्याई उपन्यासको कथावस्तु सुखान्तमा टुङ्गिएको छ ।

### अ) कथावस्तुको विकास

कथावस्तु उपन्यासमा चरणबद्ध रूपमा विकास हुन्छ । पूर्वीय र पाश्चात्य दुवै अवस्थामा विकसित हुन्छ भनी विश्लेषण गरेको पाइन्छ । ती आरम्भ, सङ्घर्षविकास, चरम, सङ्घर्षह्रास र उपसंहार **हुन्** । **यस्तो एउटा आकाश** उपन्यासको कथावस्तुलाई पनि यिनै पाँच अवस्थामा विकास भएको देखाउन सकिन्छ ।

#### (क) आरम्भ

कथावस्तुको आरम्भ भन्नाले उपन्यास सुरु हुने अवस्था हो । यसमा पात्रको परिचय र कथाको बीजारोपण हुन्छ । **यस्तो एउटा आकाश** उपन्यासमा सुधामा र सुमनको आगमनको खबरले मनमा प्रसन्नता हुनु, सरस्वती र चम्पा पनि खुशी हुनु, हरिबोधनी एकादशीका दिन भक्तजनको दृश्य देखिनु, रीताले सुमन र आरतीको अवैध सम्बन्ध छ रे भनेर सुधालाई बताउनु, तर सुधाले रीताका कुरामा विश्वास नमान्नु, उल्टै रीताप्रति सुधालाई रिस उठ्नुजस्ता घटनाहरू उपन्यासका आरम्भ हुन् ।

### (ख) सङ्घर्षविकास

सङ्घर्षविकास भन्नाले उपन्यासमा कथावस्तु अगाडि बढ्नु वा तीव्रता ल्याउनु हो । उपन्यासमा सुमन घरमा आउन भनेको समयमा नआउनु, सुधा, सरस्वती र आरती दुःखी हुनु सुधा गर्भवती भएको सरस्वतीले थाहा पाउनु । केही समयसम्म घरमा सुमन नआएको कारण खोज्नु र अन्य कुरा गर्न सरस्वती सुमन भएको कोठामा जानु, त्यहाँ गएर आफ्ना गुनासाहरू सुमनलाई सुनाउनु, साथै सुमनलाई सुधा गर्भवती भएको र अस्पतालमा लैजान भन्दछे । सरस्वतीले सुधालाई यसपटक जसरी भएपनि तानसेन लैजाने आग्रह गर्नु तर सुमनले नलैजाने मनस्थिति बनाउनु, अन्तमा आमाको ढिपीले लैजाने सहमति गर्नु, सुधा र सुमन दुवै तानसेन जानेसम्मका घटनाहरू उपन्यासका सङ्घर्ष विकास हुन् ।

### (ग) चरम

चरम भन्नाले उपन्यासको कथावस्तु वा घटना सबैभन्दा माथिल्लो बिन्दुमा पुग्नु हो । **यस्तो एउटा आकाश** उपन्यासमा चरम बिन्दु भन्नले जब सुमन र सुधा तानसेन आरतीको घरमा पुग्छन् । त्यहाँ गएर आरतीले सुधासँग सुमनको भाइको नाता भएको बताएर उसको पढाइका बारेमा सबै वृतान्त सुनाउछे । त्यसपछि एक दिन सुधा झरनाको घरमा नबसीकन बेलुका पुनः आरतीको घरमा अर्थात् सुमनको कोठामा फर्कंदा सुमन र आरती एउटै ओछ्यानमा भएको दृश्य सुधाले देख्नु, अर्को दिन सुधा अस्पताल जानु, पछि-पछि सुमन जानु, सुधा र सुमन एक अर्कामा बोलचाल नहुनु र सुधाको पेटको बच्चा खेर जानुसम्मका घटनाहरू वा कथावस्तु उपन्यासका चरम बिन्दु हुन् ।

### (घ) सङ्घर्षह्रास

सङ्घर्षह्रास भन्नाले उपन्यासमा कथावस्तु ओरालो लाग्नु हो । यस उपन्यासमा जब सुधाको पेटको बच्चा खेर गई ऊ माइत आउँछे तर माइत आएर पनि उसलाई शान्ति हुँदैन । त्यसपछि उसले सृजन भन्ने आफ्नो देवरसँग नाटकीय रूपमा प्रेम गर्छे । सुमनलाई भित्रीरूपमा पीडा हुन्छ तर बाहिर केही हुँदैन । त्यति नै समयमा उता जब सुमन र सुधाले आरतीको विवाह हरिमानसँग भयो भन्ने थाहा पाउनु र सुमनले जागिर काठमाडौं सरुवा गराई सुधालाई पनि काठमाडौं लैजाने निर्णय गर्नु र सुधामा केही आशा पलाई विगतका पीडालाई बिर्सेर पुनः सुमनसँग पुनर्मिलन हुनुसम्मका घटनाहरू उपन्यासका सङ्घर्षह्रास हुन् ।

(ङ) **उपसंहार**

उपसंहार भन्नाले उपन्यासको निचोड हो । यस उपन्यासमा एउटा शिक्षित परिवारमा भएको घटनालाई कथावस्तुमा परिणत गरी उपन्यासको स्वरूप निर्धारण गरी लेखिएको छ । यो सामाजिक नारी समस्यामा केन्द्रित छ । यसमा पात्रअनुसारका क्रियाकलाप छन् । सासूबुहारीको सुमधुर सम्बन्धले एउटा आदर्श परिवारको परिचय दिन्छ । त्यसैगरी एउटा पुरुषले सुरुमा केही गल्ती गरे पनि पछि त्यो गल्तीलाई सुधार गरी परिवार र श्रीमतीको दायित्वलाई बहन गर्छ । यो उपन्यासमा स्वपीडन र परपीडनजस्ता मनोविश्लेषणात्मक प्रवृत्तिहरू पाइन्छन् ।

**आ) कथावस्तुको ढाँचा**

उपन्यासको कथावस्तु रैखिक ढाँचा र वृत्ताकारीय गरी दुई किसिमको हुन्छन् । रैखिक भन्नाले उपन्यासमा कथावस्तुको क्रम आदि, मध्य र अन्त्य मिलेको हुन्छ । वृत्ताकारीय ढाँचामा भने आदि, मध्य र अन्त्यको क्रम भङ्ग भएको हुन्छ ।

**यस्तो एउटा आकाश** उपन्यासमा कथावस्तुको ढाँचा रैखिक छ । यसमा १२ वटा परिच्छदेका कथावस्तुका घटनाहरू क्रमिक रूपले विकास भएका छन् । यी घटनाहरू सुमन र सुधाका जीवनमा आएका घटनाहरूलाई समयको क्रमसँगै मिलाइएको छ । करिब छ सात महिनाको सेरोफेरोको समयमा यी घटनाहरूलाई समायोजन गरिएको छ । उपन्यास पढ्दा यसमा कुनै आरोह-अवरोह नभईकन सरस र सरल भाषामा वर्णनात्मक शैलीमा अगाडि बढेका छन् । यद्यपि यी घटना साना भए पनि यसलाई सिलसिलाबद्ध तरिकाले अगाडि बढाइएको छ । एउटा परिच्छेदको घटना अर्को परिच्छेदका घटनासँग उपयुक्तः तरिकाले जोडिएका छन् । त्यसैले उपन्यासको रैखिक ढाँचामा लेखिएको छ ।

४.२.१.२ **चरित्र चित्रण**

उपन्यासमा घटनाको प्रधानता हुन्छ । ती घटनाहरूलाई गति दिने काम चरित्र वा पात्रले गर्दछन् । चरित्र विनाको उपन्यास प्राणहीन बन्दछ । उपन्यासको आयतनभित्र सिङ्गो मानवसभ्यताको चरित्र  चित्रणकै आधारमा परिभाषित भएको हुन्छ । यिनै पात्र वा चरित्रका माध्यमबाट उपन्यासकारले खास जीवन-दर्शन वा औपन्यासिक उद्देश्य प्राप्त गर्ने धृष्टता समेत देखाएको हुन्छ (प्रधान, २०४० :६७) । **यस्तो एउटा आकाश** उपन्यास सामाजिक विषयवस्तुमा आधारित भए पनि यसलाई चरित्र प्रधान उपन्यास भन्न सकिन्छ । यसमा घटनाहरू धेरैजसो विजय मल्लको **अनुराधा** उपन्यासमा अनुराधाका मानसिक स्तरका घटनाहरू र यसमा सुधाका मानसिक स्तरका घटनाहरू मिल्दाजुल्दा खालका छन् ।

उपन्यासकी मुख्य पात्र सुधाका आन्तरिक तथा बाह्य स्तरमा घटेका घटनाहरूलाई निकै सुगठित तरिकाले समायोजन गरिएको छ । उपन्यासमा घटना र परिवेश अनुसारको पात्रको उपस्थिति गराइएको छ । यसमा मुख्य सहायक र गौण गरी तीन किसिमका पात्र भनेर विभाजन गरिएको छ । प्रमुख वा मुख्य पात्र भन्नाले सुधा र सुमन आउँछन् । यी पात्रहरू उपन्यासको सुरुदेखि अन्त्यसम्म कार्यव्यापार भएको छ । यिनैको केन्द्रीयतामा उपन्यास निर्माण भएको छ । यसमा सहायक पात्रको रूपमा आरती र सरस्वती आएका जसले मुख्य पात्रलाई सहयोगी भूमिका खेलेका छन् । त्यसैगरी चम्पा, रीता, राधा, मदन, सुधाकी आमा, मधु, बेली, बोटहरू र थकाल्नी दिदी गौण पात्रको रूपमा आएका छन् । यसमा पुरुषको भन्दा नारीपात्र चरित्र बढी महत्त्वका साथ चित्रण गरिएको छ । संख्यात्मक हिसाबले पनि नारी पात्र बढी छन् । यी पात्रको भूमिकालाई तलको तालिकामा निम्नअनुसार देखाइएको छ :

| क.सं. | पात्रको नाम | लिङ्ग | कार्य | प्रवृत्ति | जीवन चेतना | स्वभाव | आसन्नता | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १. | सुधा | स्त्री | प्रमुख | अनुकूल | वर्गीय | गतिशील | मञ्चीय | बद्ध |
| २. | सुमन | पुरुष | प्रमुख | अनुकूल | वर्गीय | गतिशील | मञ्चीय | बद्ध |
| ३. | आरती | स्त्री | सहायक | प्रतिकूल | व्यक्तिगत | गतिशील | मञ्चीय | बद्ध |
| ४. | सरस्वती | स्त्री | सहायक | अनुकूल | व्यक्तिगत | स्थिर | मञ्चीय | बद्ध |
| ५. | चम्पा | स्त्री | गौण | अनुकूल | वर्गीय | स्थिर | मञ्चीय | बद्ध |
| ६. | रीता | स्त्री | गौण | प्रतिकूल | वर्गीय | स्थिर | मञ्चीय | बद्ध |
| ७. | राधा | स्त्री | गौण | अनुकूल | वर्गीय | स्थिर | मञ्चीय | बद्ध |
| ८. | राजेश | पुरुष | गौण | अनुकूल | व्यक्तिगत | स्थिर | मञ्चीय | बद्ध |
| ९. | लक्ष्मी | स्त्री | गौण | अनुकूल | व्यक्तिगत | स्थिर | नेपथ्य | मुक्त |
| १०. | झरना | स्त्री | गौण | अनुकूल | व्यक्तिगत | स्थिर | मञ्चीय | बद्ध |
| ११. | सृजन | पुरुष | गौण | प्रतिकूल | व्यक्तिगत | गतिशील | मञ्चीय | बद्ध |
| १२. | हरि | पुरुष | गौण | अनुकूल | व्यक्तिगत | स्थिर | नेपथ्य | मुक्त |
| १३. | मदन | पुरुष | गौण | प्रतिकूल | व्यक्तिगत | स्थिर | नेपथ्य | मुक्त |
| १४. | सुधाकी आमा | स्त्री | गौण | अनुकूल | व्यक्तिगत | स्थिर | मञ्चीय | बद्ध |
| १५. | थकाल्नी दिदी | स्त्री | गौण | अनुकूल | व्यक्तिगत | स्थिर | नेपथ्य | मुक्त |
| १६. | मधु | पुरुष | गौण | प्रतिकूल | व्यक्तिगत | स्थिर | मञ्चीय | मुक्त |
| १७. | हरिमान | पुरुष | गौण | अनुकूल | व्यक्तिगत | गतिशील | नेपथ्य | मुक्त |
| १८. | बेली | स्त्री | गौण | अनुकूल | व्यक्तिगत | स्थिर | नेपथ्य | मुक्त |
| १९. | बोटेहरू | पुरुष | गौण | अनुकूल | वर्गीय | स्थिर | मञ्चीय | मुक्त |
| २०. | झरनाको भाई | पुरुष | गौण | अनुकूल | व्यक्तिगत | स्थिर | मञ्चीय | बद्ध |

**सुधा**

सुधा उपन्यासकी प्रमुख तथा नायिका हो । ऊ गुल्मी जिल्लाको रिडीमा जन्मेर हुर्केकी शिक्षित अविवाहित महिला हो । सुमन भन्ने क्याम्पस लेक्चररसँग विवाह भएपछि उसका जीवनका अनेक किसिमका घटनाहरू घट्दछन् । तिनै घटनाका आधारमा उपन्यास तयार भएको छ । यसरी उपन्यास सुधाकै केन्द्रीयतामा छ । सुधाको श्रीमान् सुमन तानसेनमा बस्दछ । सुधा श्रीमान्लाई असाध्यै मन पराउने र अरुले भनेको कुरा छिटो विश्वास गर्ने बानी छैन । सासूको र श्रीमान्को सेवा सत्कार गर्ने गर्दछे । सासू सरस्वती पनि बुहारीलाई माया गर्दछे । सुधा कोमल हृदय भएकी नारी हो । श्रीमान् घर आउँछु भनेको दिन नआउँदा र अनेक कुरा सुन्दा सुधाको मन खिन्न हुन्छ । रीताले सुमन र आरती भन्ने अविवाहित महिलासँग अवैध सम्बन्ध छ भन्ने कुरा सुनाउँछे तर उसले पूर्ण विश्वास गर्दिन । ऊ यो अवस्थामा गर्भवती भएकी हुन्छे । पछि सुमन तानसेनबाट घर आउँछ र उसको मन खुशी हुन्छ तर आरतीसँग अवैध सम्बन्ध साँचो वा झुट्टो हो भन्नेमा अन्योलमा हुन्छे । त्यसैकारणले कुनै-कुनै समयमा ऊ चिन्तित हुन्छे । सुमनले उसलाई तानसेन लैजान्छ । तानसेन गएपछि एकदिन सुमन र आरतीको अवैध सम्बन्ध प्रत्यक्ष रूपमा देख्दछे । ऊ त्यसदिनदेखि सुमनबाट टाढा हुन खोज्दछे । मानसिक रूपमा पीडा हुन्छ तर भौतिक रूपमा सुमन र आरतीलाई कुनै प्रतिक्रिया देखाउँदिन । यसै समयमा उसको पेटको बच्चा खेर जान्छ । उसलाई थप पीडा हुन्छ । अन्ततः ऊ माइत जान्छे र माइत गएर पनि उसलाई सुख र शान्ति हुँदैन । सुमनलाई मानसिक पीडा दिने उद्देश्यले सुधाले आफ्नै देवर सृजनसँग नाटकीय ढङ्गले प्रेम गर्छे । यो अवस्थासम्म सुमनले सुधालाई फकाउन अनेक प्रयास गर्दछ । सुधा भने सुमनप्रति कत्ति पनि नजिक हुन खोज्दैन । केही समयपछि आरतीको हरिमानसँग विवाह भएको कुरा सुमनले सुधालाई सुनाएपछि उसमा केही आशा पलाउँछ । सुमनले जागिर काठमाडौँ सरुवा गराउने र सुधालाई सँगै लैजाने निर्णय गरेपछि उसले विगतका सबै पीडालाई भुलेर सुमनसँग पुनर्मिलन हुन्छ ।

उपन्यासमा सुधा नायिका वा प्रमुख स्त्रीपात्र हो । ऊ उपन्यासकी प्रतिकूल पात्र हो । ऊ स्वभावका आधारमा गतिशील पात्र हो किनभने उसको स्वभाव समय र घटनाअनुसार बदलिएको छ । पहिला सुमनसँग राम्रो सम्बन्ध हुन्छ । उपन्यासको बीच भागमा सुमनको आरतीसँग अवैध सम्बन्ध भएपछि ऊ सुमनसँगको सम्बन्ध टाढिन्छ । पछि पुनः मिलन हुन्छ । सुधा जस्ता धेरै नेपाली महिलाको श्रीमान् विदेश वा स्वदेशमा गएर परस्त्रीसँग अवैध सम्बन्ध राख्छन् भने श्रीमतीले घरमा श्रीमान्को आशा र प्रतिक्षामा बस्दछन् । यसकारण सुधाले धेरै नेपाली महिलाको प्रतिनिधित्व गरेकी छ । त्यसकारण ऊ वर्गीय पात्र हो । साथै ऊ मञ्चीय तथा बद्ध पात्र पनि हो ।

## सुमन

सुमन **यस्तो एउटा आकाश** उपन्यासको प्रमुख तथा नायक पुरुष पात्र हो । ऊ अनुकूल प्रवृत्तिको पात्र हो । ऊ शिक्षित व्यक्ति हो । उसले पाल्पा तानसेन क्याम्पसमा अध्यापन गर्दछ । उसकी आमाको नाम सरस्वती र श्रीमती सुधा हुन् । ऊ आमा र श्रीमतीलाई छोडेर तानसेनमा बस्दछ । तानसेनमा आरतीको घरमा कोठा लिएर बस्दछ आरतीसँग दिदीभाइको नाता कायम गर्छ । ऊ आरतीको घरमा मालिकजस्तै भएर बस्दछ । आरती र सुमनबीच दिदीभाइको नाता भए पनि उनीहरूबीच अवैध सम्बन्ध हुन्छ । यो कुरा जताततै थाहा हुन्छ । यही कारणले गर्दा सुमनले घरमा आमा र श्रीमतीलाई समेत भुल्न खोज्दछ । यसकारणले सुमन केही हदसम्म खलनायक वा प्रतिनायक बन्दछ । उसको आरतीसँग अवैध सम्बन्ध सुधाले प्रत्यक्षरूपमा देख्दछे । यसपछि सुधा सुमनको सम्बन्ध राम्रो हुँदैन । सुधाले उसलाई पीडा दिने उद्देश्यले अनेक क्रियाकलाप गर्दछे । सुमनले भने उसलाई माया गर्छ । सुधाको सृजनसँगको नाटकीय प्रेमले सुधनको भित्री आत्मा जल्छ तर बाहिर प्रकट गर्दैन । ऊ सहनशक्ति भएको पात्र हो । अन्तमा आरतीले हरि-मानसँग विवाह गरेपछि सुधा र सुमनको सम्बन्ध पुनः राम्रो हुन्छ ।

उपन्यासमा सुमन सुरुमा प्रतिनायक भए पनि पछि ऊ नायक र अनुकूल पात्र बनेको छ । व्यक्तिमा हुनुपर्ने गुण उसमा पाउन सकिन्छ । शिक्षित व्यक्तिहरूले केही गल्ती गरे पनि अन्तमा आफ्ना गल्तीहरूलाई सुधारेर आफ्नो परिवार र समाजको दायित्वलाई पूरा गर्दछ भन्ने तथ्य उपन्यासमा पाउन सकिन्छ । सुमन इमान्दार अनुशासित पात्र हो । वास्तवमा आरतीसँग ऊ आफ्नै प्रयासले अवैध सम्बन्ध राखेको होइन । आरतीकै पहलमा आरतीसँग लसपस हुन पुग्यो । उसले आरतीसँग अवैध सम्बन्ध भए पनि परिवारमा श्रीमती र आमालाई गर्नुपर्ने व्यवहार गरेकै थियो । ऊ उपन्यासमा मञ्चीय तथा बद्ध पात्रको रूपमा स्थापित छ ।

## आरती

आरती यस उपन्यासकी खलनायिका हो । ऊ स्त्री तथा प्रतिकूल र सहायक पात्र हो । उपन्यासमा आरतीको भूमिका महत्त्वपूर्ण छ । यदि यसमा आरती पात्र नभएको भए उपन्यास निर्माण हुने थिएन । उसले गर्दा उपन्यासमा द्वन्द्व र कौतूहल सिर्जना गरेकी छ । उपन्यासमा आरती सहरिया परिवेशमा हुर्केकी ४० वर्षको उमेरसम्म विवाह नभएकी महिला हो । उसले माइतमा बसेर माइतीघरको शासन चलाएकी छ । उसलाई भाइ राजेश र तानसेनका अन्य मान्छेले राम्रो दृष्टिकोणले हेर्दैनन् । उसले सुमनलाई आफ्नो घरमा राखी दिदीभाइको नाता कायम गरेकी छ तर भित्री रूपमा सुमनसँग अवैध सम्बन्ध राखी लोग्ने

स्वास्नीको सम्बन्ध छ । ऊ सुधा र सुमनको दाम्पत्य जीवनमा बीचमा पर्खाल बनेकी छ । उसले घरको सम्पूर्ण  जिम्मेवारी सुमनलाई दिएकी छ । यसरी उसले सुमनलाई अनेक बाहनामा जालमा पारी स्वार्थ लुटेकी छ । त्यसैले ऊ स्वार्थी भ्रष्ट चरित्रकी नारी पात्र हो । जब उसको र सुमनको अवैध सम्बन्ध सुधाले देख्दछे । त्यसपछि सुमन र उसको सम्बन्ध तोडिदिन्छ । उसले आफ्नो जीवन असुरक्षित ठानी चार छोरा-छोरीको र पहिलो श्रीमती गुमाएको हरिमानसँग विवाह गर्न पुग्छे ।

यसरी उपन्यासमा आरती खलनायिका प्रतिकूल र सहायक पात्र हो । उसले समयअनुसार आफ्नो जीवन परिवर्तन ल्याउन सक्ने भएकाले उसलाई गतिशील पात्र भनिन्छ । आरती यस उपन्यास महत्त्वपूर्ण स्थान छ । आरतीका कारणले उपन्यासमा रोचकता र द्वन्द्व सिर्जना भएको छ । ऊ उपन्यासकी मञ्चीय तथा बद्ध पात्रका रूपमा स्थापित भएकी छ ।

**सरस्वती**

सरस्वती उपन्यासकी सहायक पात्र हो । ऊ सुधाकी सासू तथा सुमनकी आमा हो । उपन्यासको अनुकूल प्रवृत्तिकी नारी पात्र हो । ऊ आदर्श सासू तथा आमाको रूपमा उपन्यासमा उभ्याउन सकिन्छ । उसले कुनै कुनै आफ्नी बुहारीलाई छोरीलाई सरह व्यवहार गर्दछे । ऊ धर्म-कर्ममा रुची राख्ने महिला हो । उसले छोराको नराम्रो व्यवहार सुनेर चिन्तित हुन्छे । ऊ छोरालाई धेरै दुःख र मिहेनेत गरेर एम.ए.सम्म पढाउँछे । त्यसैकारण छोराले आफूले भनेजस्तो काम नगरी नराम्रो कुलतमा लागेर उसको मन खिन्न हुन्छ । उसले परिवार सुख र शान्त राख्न चाहन्छे । ऊ उपन्यासमा साहसी र अटल नारी हो । उपन्यासमा ऊ व्यक्तिगत मञ्चीय, बद्ध पात्रको रूपमा परिचित छे ।

उपन्यासमा यी प्रमुख तथा सहायक पात्रका अतिरिक्त उपन्यासलाई थप रोचक बनाउन अन्य गौण पात्र पनि समावेश भएका छन् । चम्पा, राजेश, झरना, सुधाकी आमा, झरनाको भाइ, उपन्यासमा अनुकूल स्थिर वैयक्तिक तथा मञ्चीय बद्ध पात्रको भूमिका पनि मत्त्वपूर्ण छ ।  त्यसैगरी रीता, राधा, हरिमान, सृजना, प्रतिकूल स्थिर व्यक्तिगत तथा मञ्चीय र बद्ध पात्र हुन् । लक्ष्मी, हरि, मदन, थकाल्नी दिदी मधु र बेली यसमा अनुकूल नेपथ्य र व्यक्तिगत तथा मुक्त पात्रका रूपमा स्थापित पात्र हुन् । । बोटेहरू उपन्यासमा अनुकूल वर्गीय नेपथ्य मुक्त पात्र हुन् । यस उपन्यासमा सङ्ख्यात्मक हिसाबले पुरुष पात्रभन्दा नारी पात्र बढी मात्रामा प्रयोग भएका छन् ।

### ४.२.१.३ कथोपकथन/संवाद

कथोपकथन वा संवाद भनेको पात्रबीचको कुराकानी हो । उपन्यासमा कथ्यचरित्रको समुचित प्रस्तुति कथोपकथनबाट व्यक्त हुन्छ । पात्र अनुकूल संवाद र आत्मसंलाप मन स्तुङ्गत अन्तर्मुखी प्रवृत्तिका मूल्यहरू पनि कथोपकथनकै माध्यमबाट व्यक्त हुन्छ (सुवेदी २०६४ : २३) । यसको प्रमुख कार्य औपन्यासिक चरित्र-चित्रण गर्नु हो । यसमा पात्रहरूबीचमा स्थापित समस्या अन्तर्द्वन्द्व र परिणति संवाद उपयुक्त ढङ्गले प्रस्तुत गर्ने गरिन्छ । उपन्यासमा संवादको प्रयोगले पाठकलाई रोचकता थप्न सहयोग गर्छ ।

भागीरथी श्रेष्ठको **यस्तो एउटा आकाश** उपन्यासमा पनि घटनालाई अगाडि बढाउन, पाठकलाई रोचकता थप्न विभिन्न ठाउँमा घटना र परिवेश अनुसारका पात्रहरूबीच संवाद भएको छ । यसमा सुमन र सुधा, सुधा र रीता, सुधा र सरस्वती, सुधा र झरना त्यसैगरी सुमन र सरस्वती, सुमन र आरतीजस्ता प्रमुख, सहायक र गौण पात्रहरूबीच एक आपसमा संवाद भएको छ । केही उदाहरण यस प्रकार छन् :

जब, सुमन तानसेनबाट घर आएको समयमा सुधा गर्भवती भएको थाहा पाउँछ र खुशी हुँदै सुधासँग भएको संवाद :

सुमन : किन तिमीले मसँग कुरा लुकाएकी ?

सुधा : अँध्यारो मुख लगाएर छक्क पर्दै सोध्छे किन ?

सुमन : हनुमान जस्तै वीर छोरा जन्माउने कहिले ( पृ.२६) ।

सुमन बिरामी भएको अवस्थामा सुधा र सुमनबीच भएको संवाद :

सुमन : सुधा यहाँ आऊ त ।

सुधा : किन ?

सुमन : यहाँ आउन कति रिसाएर हिंडेकी ? मेरो अगाडि बसेर पहिले झैं कुरा गर । जे भयो त्यसलाई पना सम्झ ।

सुधा : बोल्ने बाटो नै तपाईले भत्काउनु भएको छ भने म कसरी बोलूँ ? (पृ.५, ५९) ।

सुमन तानसेनबाट चार महिनापछि घर आउँदा सुधालाई नलैजाने मनस्थितिमा छ । यत्तिकैमा आमा सरस्वती र सुमनबीच भएको संवाद :

सरस्वती : केही जवाफ नदिई आइस्, यसपाली कुनै हालतमा बुहारीलाई लैजानै पर्छ ।

सुमन : किन चिन्ता लिनुहुन्छ ? बुहारी म लगि हाल्छु नि । (पृ.२८) ।

सुमनले सुधालाई तानसेनमा आरतीको घरमा लगेपछि आरती र सुमनबीच भएको संवाद ।

सुमन : दिदी भोक लाग्यो ।

आरती : कलेजमा पढाउने लेक्चर थपक्कै केटाकेटी जस्तै छ। कति भोक खप्न नसकेको ?

सुधाले आफ्नो देवर सृजनसँग नाटकीय प्रेम गरेर अवस्थामा भएको संवाद :

सुधा : बाबु तपाईं जादै गर्नुहोला अब भइसक्यो ।

सृजन : मेरो कुराको जवाफ खै भाउजू ?

सुधा : जवाफ खोज्न बाँकी छ। (पृ.७५) ।

तानसेनमा झरना र सुधाबीच भएको सम्वाद :

सुधा : किन डराउने विहे गर्न ? म त सुसी नै छु। तिमीलाई के थाहा बिहे गरेपछि लोग्नेले कस्तो माया गर्छ भन्ने कुरा। विहे नगरी त नबस है लाटी ।

झरना : त्यसो भए तिमी सुखी छौ होइन त ?

सुधा : विल्कुल सुखी छु ।

यी बाहेक अन्य सम्वाद पनि उपन्यासमा छन् । यी सम्वादमा पात्रहरूका आफ्नै पीडा र सुख, दुःख अनुभूति अभिव्यक्ति भएका छन् :

## ४.२.१.४ भाषाशैली

भाषा मानवीय विचार विनिमयको साधन हो । अनुभूति र अभिव्यक्तिको माध्यम भएकाले भाषा सामाजिक चिन्तनको प्रतीक हो । उपन्यासमा कथावस्तुको विस्तार तथा विचारको प्रस्तुति समेत भाषाका माध्यमबाट गरिन्छ । उपन्यासकारले भाषालाई माध्यम बनाएर आफ्ना अनुभूतिलाई विभिन्न घटना, पात्र परिवेशलाई समायोजन गरी उपन्यास लेख्दछन् । उपन्यास भाषामा त लेखिन्छ तर लेख्ने पनि तरिका हुन्छ । त्यो लेखाइको तरिकालाई शैली भनिन्छ। यसरी उपन्यासमा भाषा र शैलीको कलात्मक मेल भएमा मात्र उपन्यास उत्कृष्ट बन्न सक्छ।

**यस्तो एउटा आकाश**मा भाषा सरल र सहज छ । यसमा ग्रामीण भाषाको प्रयोग छ। भागीरथी श्रेष्ठको **मालती** उपन्यासमा यस उपन्यासमा भाषा सुधारिएको छ। यसमा भाषिक अशुद्धता त्यति पाइँदैन । यसमा घटना, पात्र र परिवेश अनुसारको भाषामा ठेट नेपाली भाषाको प्रयोग भएको छ । उपन्यासको बीच-बीचमा अङ्ग्रेजी, हिन्दी भाषा र स्थानीय गुल्मेली र पाल्पाली उपभाषिकाको प्रयोग छ । त्यसैगरी यसमा केही दार्शनिक युक्ति, उखान टुक्का, बिम्वप्रतीकको समेत समुचित प्रयोग भएको छ। यसमा प्रयोग भएका उखान, टुक्का, भषा दार्शनिक युक्तिको उदाहरण निम्नानुसार छन् ।

(क) दार्शनिक उक्ति र उखान टुक्काहरूका केही उदाहरण :

- फूल खोजी-खोजी हिंड्ने भवँरा त ऊ पक्कै होइन (पृ.४३) ।

- जहाँ सङ्घर्ष र द्वन्द्व भएको हुन्छ । त्यहाँ ती दुवैले सम्झौता गरेका छन् । त्यहाँ जीवनका आल्हादित संगीत लहरिन्छ (पृ. ५४) ।
- भगवान् कृष्णले पनि हजारौं गोपीहरू थिए । राधा कसरी सहेर बसी होली (पृ.५६) ।

(ख) उपन्यासमा प्रयोग भएको केही उखान टुक्काहरूका उदाहरण :

- पाप धुरीबाट कराउँछ (पृ.४२) ।
- मर्दका हजारौं स्वास्नी हुन्छन् (पृ.४२) ।
- खुट्टा भए जुत्ता कति (पृ.४२) ।
- घर न घाटको (पृ.७७) ।

(ग) यस उपन्यासमा प्रयोग भएका केही अङ्ग्रेजी शब्दहरू :

- एडमिनसन ( पृ.२१) ।
- कलेज (पृ.२१) ।
- मिसन हस्पिटल (पृ.३२) ।
- लेक्चरर (पृ.३२) ।
- एस्.एल्.सी. र एम्.ए (पृ.३५) ।

(घ) उपन्यासमा प्रयोग भएका गुल्मेली उपभाषिकाका केही उदाहरणहरू :

- छि : (पृ.७) ।
- अरनी-परनी (पृ.२३) ।
- नाठा-नाठी (पृ.३८) ।

यसमा यी बाहेक हिन्दी संस्कृत भाषाको प्रयोग पनि व्यापक रूपले प्रयोग भएको छ । यो उपन्यास, गुल्मी र पाल्पाको सीमित परिवेशलाई समेटेर लेखिएको हुनाले यसमा गुल्मेली र पाल्पाली उपभाषिकाको प्रयोग छ । उपन्यासको कथावस्तु सरल र सहज छ । उपन्यासको कथावस्तु सरल र सहज भएकाले यसको भाषाशैली पनि सहज र सरल नै छ । यसमा जम्मा १२ वटा परिच्छेद छन् ती १२ वटै परिच्छेदमा घटनाको शैली वर्णनात्मक रूपले एकअर्कासँग अन्तरसम्बन्धित भएका छन् । ती शृङ्खलाबद्ध रूपमा प्रवाहित भएका छन् । घटनाको कार्यकरण शृङ्खला मिलेको छ । त्यसैले उपन्यास रैखिक ढाँचामा लेखिएको छ ।

### ४.२.१.५. द्वन्द्व

द्वन्द्व कथावस्तु र पात्रलाई क्रियाकलापसँग आबद्ध गराएर गति दिने तत्त्व हो । यो दुई परस्पर विरोधी विचारहरूको जाडी पनि हो । जसको द्विविधाबाट कथानक अगाडि बढ्दछ । यसले कथानकलाई गति प्रदान गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका खेल्दछ । द्वन्द्व आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् ।

(क) **आन्तरिक द्वन्द्व**

यो पात्रका मनभित्र वा मानसिक स्तरमा हुने गर्दछ । **यस्तो एउटा आकाश** उपन्यासमा आन्तरिक द्वन्द्व प्रबल रूपमा पाइन्छ । उपन्यासकी प्रमुख पात्र सुधामा बढी मात्रा आन्तरिक द्वन्द्व पाइन्छ । त्यसै गरी सुमन,आरती र सरस्वतीका मानमा पनि द्वन्द्व पाइन्छ । उपन्यासमा सुमन तानसेन गएको समयमा सुधाका मनमा द्वन्द्व हुन्छ किनभने सुमनले तानसेनमा आरतीसँग अवैध सम्बन्ध राखेका कुरा सुधाका कानमा पर्दछ । त्यसै त्यो कुरा सत्य वा असत्य के हो ? भन्ने बारेमा द्वन्द्व हुन्छ । केही समयपछि सुधा आफैले सुमन र आरतीको अवैध सम्बन्ध देखेपछि उसका मन द्वन्द्वको स्थिति चरम बिन्दुमा पुग्छ । त्यसैगरी उसको बच्चा खेर गएर माइत बस्दा र देवर सृजनसँग नाटकीय प्रेम गर्दा पनि उसका मनोद्वन्द्व भइरहन्छ । सुमनमा पनि आन्तरिक द्वन्द्व उत्तिकै सशक्त रूपमा देखिन्छ । जब सुमन तानसेनबाट घरमा आउँछ अनि सुधा गर्भवती भएको थाहा पाउँछ । त्यसै समयमा आमाले सुधालाई तानसेन लैजान आग्रह गर्दा उसका मनमा सुधालाई तासनेन लैजाने कि नलैजाने भन्ने द्वन्द्व सिर्जना हुन्छ । त्यसैगरी सुधालाई तानसेन लगेपछि के-कस्तो स्थिति हुन्छ भनेर द्वन्द्व हुन्छ । सुधालाई तानसेन लगेपछि आफ्नो र अरतीको अवैध सम्बन्ध देखेपछि पनि उसका मनमा द्वन्द्व हुन्छ । सुधाले सृजनसँग नाटकीय प्रेम गर्दा पनि उसका मनमा द्वन्द्व भइरहन्छ तर त्यो द्वन्द्व बाहिरी रूपमा प्रकट हुँदैन । आरतीमा पनि सुमन र आफ्नो अवैध सम्बन्ध कसैले थाहा पाए भने स्थिति के-कस्तो होला भनेर द्वन्द्व हुन्छ । सुमन र आफ्नो अवैध सम्बन्ध सुधाले प्रत्यक्ष रूपले देखेपछि अब के हुने हो भन्ने द्वन्द्व उसमा हुन्छ । सरस्वतीमा पनि तानसेनमा सुमन र आरतीको अवैध सम्बन्धले द्वन्द्व सिर्जना गराएको हुन्छ । यसरी उपन्यासमा पात्रको मनोविश्लेषण गरिएको हुनाले यसमा पात्रअनुसारका भिन्न-भिन्न आन्तरिक द्वन्द्व सिर्जना भएका छन् । बाह्य द्वन्द्वभन्दा आन्तरिक द्वन्द्व निकै सबल छ । यी आन्तरिक द्वन्द्वले उपन्यासको कथावस्तुलाई रोचक र कौतूहलपूर्ण बनाएको छ ।

(ख) **बाह्य द्वन्द्व**

उपन्यासमा बाह्य द्वन्द्व पनि छ । बाह्य द्वन्द्व एकभन्दा बढी पात्रका बीचमा प्रत्यक्ष रूपले देखिन्छ । पात्रहरूबीच आपसमा हुने द्वन्द्व बाह्य द्वन्द्व हो । यो मानव र मानवबीच, समाज र समाजबीच, समाज र मानवबीच, मानव र मानवेत्तरबीच हुने गर्दछ । **यस्तो एउटा आकाश**मा नारी र नारी अर्थात् मानव र मानवबीच द्वन्द्व सबैभन्दा बढी सशक्त छ । यहाँ आरती प्रतिनायक र सुधा नायकका बीच द्वन्द्व भएको छ । यसमा सुमनलाई क-कसको लोग्ने बनाउने भन्ने यी दुवै पात्रको द्वन्द्व छ । त्यसैगरी सुमन र आरतीको अवैध सम्बन्ध सुधाले देखेपछि सुधा र सुमनबीच हुने द्वन्द्व सिर्जना भएको छ । यो बाह्य द्वन्द्व निकै लामो समयसम्म भएको छ । त्यसै गरी रीता र सुधाका बीच पनि बाह्य द्वन्द्व देखिन्छ । सरस्वती

र शोषक सामन्तीबीच पनि द्वन्द्व भएको छ । यसलाई व्यक्ति र समाजको बाह्य द्वन्द्व मानिन्छ ।

यसरी उपन्यासमा यी विभिन्न आन्तरिक र बाह्य द्वन्द्व छन् । यो उपन्यास पात्रमा केन्द्रित मनोविश्लेषणात्मक ढङ्गले लेखिएको हुनाले आन्तरिक द्वन्द्व बढी सबल देखिन्छ ।

## ४.२.१.६ परिवेश/पर्यावरण

उपन्यासलाई प्रभावकारी र तीव्र बनाउन कथावस्तु जस्तै परिवेश भूमिका पनि महत्त्वपूर्ण हुन्छ । कुनै काम हुनका लागि उपयुक्त मानिएको स्थल उपन्यासको कार्य पीठिका हो । यसलाई देशकाल वा वातावरण पनि भनिन्छ । गुल्मी जिल्ला र पाल्पा जिल्ला यसको मुख्य कार्यपीठिका हो । यी जिल्लाका आन्तरिक र बाह्य परिवेशलाई समेटेर उपन्यास निर्माण गरिएको छ । आन्तरिक परिवेशअन्तर्गत त्यहाँको राजनैतिक, सामाजिक, साँस्कृतिक र आर्थिक अवस्थालाई मानिएको छ । बाह्य परिवेशमा अन्तर्गत ती ठाउँहरूको भू-बनोट, वनजंगल नदी-नाला, गाउँ सहर आदि बाहिरी रूपमा जे-जे देख्न सकिन्छ ती बाह्य परिवेश हुन् । यी उपन्यासका दुई भिन्दा-भिन्दै परिवेश श्रेष्ठको **यस्तो एउटा आकाश** मा पनि पाइन्छ । जसलाई छुट्टा-छुट्टै विश्लेषण गरिएको छः

### (क) आन्तरिक परिवेश वा पर्यावरण

यस उपन्यासमा आन्तरिक परिवेश निकै बढी मात्रामा पाइन्छ । यसमा एउटा परिवारको कथालाई विषयवस्तु बनाएर लेखिएको छ । वि.सं. २०४६ भन्दा अगाडिको पञ्चायत व्यवस्थाको चित्रण छ । शोसक सामन्ती प्रवृत्तिको समाज यसमा पाइन्छ । विकृत्ति र विसङ्गतिपूर्ण आरतीको परिवारमा सुमनजस्तो विद्वान्लाई मोहित पारेको घटना छ । एउटा शिक्षित सुन्दर, शान्त परिवारलाई आरतीजस्ती चरित्रहीन व्यक्तिले तहसनहस पारेको परिवेश छ । यसरी सुन्दर शान्त परिवारमा केही कारक तत्त्वले विकृत पारे पनि अन्त्यमा आफ्नो बुद्धि र विवेकले सो परिवार पहिलाकै स्थितिमा व्यस्थित हुन पुग्छ। यसमा सुधा, सुमन र आरतीको मानसिक स्तरमा घटनाअनुसारका मनस्थिति बदलिएको छ । उपन्यासमा एउटा आदर्श परिवारको चित्रण छ । यही नै उपन्यासको आन्तरिक परिवेश हो ।

### (ख) बाह्य परिवेश वा पर्यावरण

यस उपन्यासमा बाह्य परिवेशअन्तर्गत  विभिन्न ठाउँको चित्रण छ । उपन्यासमा गुल्मी र पाल्पा जिल्लाका विभिन्न ऐतिहासिक तथा धार्मिक स्थलको परिवेश छ । गुल्मी जिल्लाको प्रसिद्ध तीर्थस्थल रिडी र त्यसको छेउमा बग्ने कालीगण्डकी नदीको चित्रण उपन्यासमा पाइन्छ । पाल्पा जिल्लाको सदरमुकाम तानसेन जो ऐतिहासिक राजारजौटाका

कलात्मक दरबार र पर्यटकीय स्थल श्रीनगर जस्ता ठाउँको परिवेशले उपन्यासलाई रोचक बनाएको छ । तानसेनमा उच्च शिक्षा हासिल गर्ने क्याम्पस र पाल्पाको तानसेन सहरको परिवेश यसमा पाइन्छ । यसरी उपन्यासमा सहरी परिवेशका साथै ग्रामीण परिवेश पनि उत्तिकै महत्त्व का साथ चित्रण भएको छ । ग्रामीण परिवेशअन्तर्गत रिडी र त्यसका छेउ-छाउमा रहेका भीर पाखा, पहाड, खोच आदि छन् । त्यसैगरी प्रसिद्ध नदी कालीगण्डकी र रिडी खोलाको सङ्गम स्थलको त्यहाँको वातावरणलाई निकै रोचक बनाएको छ । बिहानमा काली गण्डकी नुहाउन जाने आउने घुइँचोले यस ठाउँलाई पवित्र स्थलको पहिचान दिन्छ । सहरमा डेरा गरी बस्ने क्याम्पस पढ्ने पढाउने विद्यार्थी शिक्षक र आधुनिक सुविधा सम्पन्न अस्पतालको चित्रणले शिक्षित एवम् विकसित समाजको चित्रण पाइन्छ ।

यसरी उपन्यासमा आन्तरिक र बाह्य परिवेशको चित्रण निकै व्यवस्थित तरीकाले चित्रण गरिएको छ । कथानक घटना र पात्र अनुकूलको परिवेश मिलाइएको छ । स्वदेशी स्थानीय परिवेशलाई महत्त्वका साथ हेरिएको छ । प्रकृतिको सुन्दरता, ऐतिहासिक धार्मिक र पर्यटकीय स्थलको चित्रणले उपन्यासको पर्यावरण वा परिवेशलाई रोचक बनाएको छ ।

### ४.२.१.७ विचार

कुनै पनि कार्यका पछाडि केही उद्देश्य हुन्छ । साहित्यकारले साहित्य रचना गर्नुको पछाडि केही उद्देश्य रहेको हुन्छ । उद्देश्य परिपूर्तिका लागि रचनामा विचारको शृङ्खलाबद्ध रूपमा प्रवाहित भएका हुन्छन् । जीवन, दर्शन, मूल विचार चिन्तनलाई प्रष्ट पारेको छ । जीवनका व्यापक अनुभूतिहरू उपन्यासमा समावेश भएका हुन्छन् । उपन्यासको कथानक पात्र परिवेशलाई समुचित तरिकाले समायोजन गराई आफ्नो विचारअनुसार उपन्यास लेखेको पाइन्छ । उपन्यासमा के भन्ने खोजिएको छ । उपन्यासबाट के पाइन्छ भन्ने निचोड नै उद्देश्य वा विचार हो ।

भागीरथी श्रेष्ठको **यस्तो एउटा आकाश** सामाजिक विषयवस्तुमा आधारित भएर लेखिएको उपन्यास हो । यसमा समाजमा घट्ने वा परिवारमा घट्ने घटनालाई चित्रण गरिएको छ । ग्रामीण नेपाली नारीको यर्थाथ जीवन तथा तिनीहरूले भोग्नुपरेका पीडा यसमा सुधा पात्रमार्फत् छर्लङ्ग हुन्छ । यसमा सुधाजस्ता गृहिणी र उसका मानसिक स्तरमा भएका उतार चढावलाई प्रस्तुत गरिएको छ । यी नारीहरूका श्रीमान् विदेश वा स्वदेशमा धन कमाउने भनेर घर छोडी गएपछि परस्त्रीसँग अवैध सम्बन्ध राख्नेदेखि लिएर अन्य कुलतमा जाने घटना उपन्यासमा पाइन्छ । सुधाजस्ता इमान्दार सोझा नारीले तिनै लोग्नेको प्रतिक्षा र आशामा दिन बिताइरहेको चित्रण यसमा पाइन्छ । आरतीजस्ता धूर्त नारीले क्षणिक स्वार्थका लागि सुमनजस्ता शिक्षित सक्षम व्यक्तिलाई विभिन्न प्रलोभनमा आफ्नो

बहसमा पारेको घटना पनि उपन्यासमा पाइन्छ । एउटा सुखी सुन्दर परिवारमा आइपरेका आन्तरिक दुर्घटनाले त्यो परिवारका सदस्यको बीच मेलमिलाप नहुनुले परिवार अस्तव्यस्त भएको घटना उपन्यासमा छ । यस्ता घटना नेपाली समाजमा भएका छन् । यसमा गर्भवती युवतीको मानसिक स्तरमा के-कस्ता विचारहरू युद्धस्तरमा सञ्चालित हुन्छन् भन्ने तथ्लाई मार्मिक एवम् हृदयस्पर्शी तरिकाले देखाइएको छ । जे होस् जीवन भनेको सम्झौता हो र शान्ति सुखको खोजमा लोग्ने स्वास्नीले सम्झौता गर्नुपर्ने हुन्छ । बेलाखबत सम्बन्धमा बाढी आउँछन् (शर्मा २०४७ : ४१) ।

उपन्यासमा मनोविश्लेषणात्मक तरिकाले नारीका समस्याहरूलाई विश्लेषण गरिएको छ । नारीका मनमा भएका अर्न्तद्वन्द्वलाई उपन्यासकारले चित्रण गरेकी छन् । यसमा समाजका परम्परा र मूल्य मान्यतालाई पालन गरेर देखाइएको छ । त्यसैले सुमन र आरतीको अवैध सम्बन्धलाई सुधाले सोझै प्रतिकार नगर्नु यही सामाजिक मूल्यमान्यताको उपज हो । उपन्यासमा लेक्चररजस्तो शिक्षित युवकले आफू जे-जस्तो कार्यमा लागे पनि समाज र परिवारको दायित्त्व भुलेको छैन । आफूले गल्ती गरे पनि त्यसलाई सच्चाई सोही बाटोमा हिँड्न सक्षम भएको छ । पुनः परिवारमा शान्ति ल्याएको छ । यसरी यसमा नारी मानसिकता अर्न्तद्वन्द्वलाई बुद्धि विवेक तरिकाले समाधान गरिएको छ ।

### ४.२.१.८ कौतूहल

उपन्यास बृहत् आकारको विधा हुने हुनाले घटनाहरू शृङ्खलित रूपमा एकन्वित हुन्छन् । यसमा मूल कथाका वरिपरि प्रशस्त सहायक तथा गौण कथानकहरू समेटिएका हुन्छन् । ती कथाहरूलाई शृङ्खलित र प्रभावकारी र पठनीय बनाउँदै लैजानु नै कौतूहल हो । कौतूहलले पाठकलाई जिज्ञासा र अभिरुचि बढाइराख्छ । **यस्तो एउटा आकाश** उपन्यासमा पनि पात्रअनुसार घटनाले कौतूहल सिर्जना गराएको छ । उपन्यासमा घटनाहरू चरित्रसँग सम्बन्धित भएको हुनाले कुन पात्रले अब के गर्छ के हुने हो ? भन्ने जस्ता कौतूहलपूर्ण घटनाहरू यसमा पाइन्छ । सुमन र आरतीको अवैध सम्बन्धले सुधामा के-कस्तो परिवर्तन हुन्छ भन्ने कौतूहल हुन्छ । सुमनले सुधालाई तानसेन लैजान्छ कि लैजादैन भन्ने कौतूहल हुन्छ । उसलाई तानसेन लगेर आरती कहाँ वा अन्य ठाउँमा राख्छ भन्ने कौतूहल हुन्छ । आरतीकहाँ राख्दा सुमन कसरी प्रस्तुत हुन्छ भन्ने जिज्ञासा जाग्दछ । तानसेनमा सुमन र आरतीको अवैध सम्बन्ध सुधाले प्रत्यक्षरूपमा देखेपछि घटना के हुन्छ भन्ने कौतूहल हुन्छ । त्यसैगरी सुधाको बच्चा खेर गएपछि सुमनदेखि टाढा भएपछि यी दुवै दम्पत्तीको मिलन वा बिछोड के हुन्छ भन्ने जस्ता जिज्ञासा पाठकवर्गलाई हुन्छ । त्यसैगरी सुधाले सृजनसँग नाटकीय ढङ्गले प्रेम गरेपछि अबका घटनाहरूले के-कस्तो मोड लिन्छ होला भन्ने अभिरुची जाग्दछ । आरती र सुमनको पहिलाको जस्तो सम्बन्ध हुन्छ वा हुँदैन भन्ने

कौतूहल जाग्दछ । अन्तमा आरतीले हरिमानसँग विवाह गरेर उसलई समाजले के-कस्तो दृष्टिकोणले हेर्दछ भन्ने कौतूहल जाग्दछ । सुमनले जागिर काठमाडौँ सरुवा गराउने र सुधालाई पनि काठमाडौँ लैजाने निर्णयले ती दुवैको सम्बन्ध पहिलाको जस्तो हुन्छ वा हुँदैन भन्ने कौतूहल हुँदा-हुँदै उपन्यास समाप्त हुन्छ ।

### ४.२.१.९ दृष्टिबिन्दु

उपन्यासमा कथयिताले कथावस्तु वाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । उपन्यासभित्र उपन्यासकारले पात्रका माध्यमबाट सोझै आफ्नै उपस्थितिमा कथा भनिरहेको हुन्छ । यसरी कथा भन्नलाई उपन्यासकारले रोजेको समाख्याता स्थान नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दु माध्यमले उपन्यासकार र पाठक वर्गका बीचको सम्बन्ध जोडिन्छ । दृष्टिबिन्दु प्रथम द्वितीय र तृतीय पुरुष गरी तीन किमिमसको हुन्छ । भागीरथी श्रेष्ठको यस उपन्यास वर्णनात्मक शैलीममा लेखिएको हुनाले, यसमा उपन्यासकार आफैले वर्णन गरेको कथावस्तुहरू आएका छन् । त्यसैले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । उपन्यासकार आफै मोक्ता नभएर द्रष्टाका रूपमा प्रस्तुत भएर तृतीय पुरुषको कथा भनेकी छन् । यसकारण उपन्यासमा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । यसमा पात्रका अन्तरकुन्तर सबै घटना र विचारका बारेमा समाख्याता जानकार भएर कथा भनिएको पाइन्छ । यसलाई सर्वज्ञ दृष्टिबिन्दु पनि भनिन्छ ।

उपन्यास बृहत् विधा भएकाले यसमा सबै ठाउँमा एउटै तृतीय पुरुष दृष्टिबिन्दु हुन्छ भन्ने छैन । कुनैठाउँमा प्रथम दृष्टिबिन्दु र कुनै ठाउँमा संवादात्मक तरिकाको नाटकीय शैलीको द्वितीय दृष्टिबिन्दुको पनि प्रयोग पाइन्छ । समग्रमा यसमा धेरै मात्रामा बाह्य अर्थात् तृतीय पुरुष सर्वज्ञ दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.२.२.१ प्रवृत्तिगत आधारमा यस्तो एउटा आकाश उपन्यासको विश्लेषण

उपन्यास बृहत् विधा भएको हुनाले यसलाई विश्लेषण गर्न विभिन्न आधार वा तरिका हुन्छन् । तीमध्ये प्रवृत्ति पनि एक महत्त्वपूर्ण आधार हो । भागीरथी श्रेष्ठको यस उपन्यासलाई पनि तत्त्वगत आधारमा जस्तै गरी प्रवृत्तिगत आधारमा विश्लेषण गर्न सकिन्छ । यो सामाजिक विषयवस्तुमा आधारित छ । त्यसैले यसको मूल प्रवृत्ति सामाजिक यथार्थवादी भए पनि यसमा अन्य धेरै प्रवृत्तिहरू देखा पर्दछन् । उपन्यासमा जे-जता विशेषता पाइन्छन् ती सबै यसका प्रवृत्ति भन्न सकिन्छ । उपन्यासमा धेरै प्रवृत्ति वा विशेषता पाइए पनि मूलभूत रूपमा सामाजिक, यथार्थवादी, मनोविश्लेषणात्मकता, नारीवादी आञ्चलिकता जस्ता प्रवृत्तिहरू प्रमुख हुन् ।

### ४.२.१.१ सामाजिकता

उपन्यासमा समाजमा भए गरेका घटनालाई विषयवस्तु बनाएर र समाजको रहन-सहन चाल-चल, परम्परा, संस्कृति आदिको चित्रण भयो भने त्यसलाई सामाजिक उपन्यास भन्न सकिन्छ । यसमा घटना, पात्र र परिवेश समाजबाटै टिपेर ल्याइन्छ । यी उपन्यास सरल र सहज किसिमका हुन्छन् । नेपाली उपन्यासको क्षेत्रमा यसप्रकारका उपन्यास धेरै मात्रामा छन् । यो प्रवृत्ति नेपाली आधुनिक उपन्यासको क्षेत्रमा सरदार रुद्रराज पाण्डेको **रूपमती** (१९९१) बाट देखा परेको हो । यसैक्रममा नेपाली आधुनिक उपन्यास क्षेत्रकी उपन्यासकार भागीरथी श्रेष्ठको **मालती** पछि उनको अर्को उपन्यास **यस्तो एउटा आकाश** ( २०४३) मा पनि यो प्रवृत्ति व्यापक रूपमा पाइन्छ । यसमा वि.सं. २०४६ सालभन्दा अगाडिको नेपाली समाज र सामाजिक विशेषता यस उपन्यासमा पाइन्छन् । त्यस समयको सामाजिक संस्कार रीति-परम्परागत मूल्य मान्यताहरू यसमा पाइन्छन् । यसका कार्यपीठिका पनि ग्रामीण नेपाली समाज नै छ । उपन्यासमा नेपाली समाजको एउटा परिवारको घटनालाई लिएर उपन्यास लेखिएको छ । यस परिवारका छोरा बुहारी र सासू तथा आमा यी तीन जना पात्रहरुका जीवनमा घटेका घटनाहरूलाई मुख्य विषयवस्तु बनाइएको छ । यसमा गुल्मी र पाल्पा जिल्लाको ग्रामीण सामाजिक परिवेश छ । नेपाली समाजका महिला भक्तजनहरूको चित्रण पाइन्छ । रीताजस्ता कुरौटे व्यक्ति पनि नेपाली समाजभित्रै पाइन्छन् । नेपाली समाजमा काम गर्दा अरनी-परनी गरेर खेतीपाती गर्ने चलन पनि उपन्यासमा पाइन्छ । यसमा समाजको मान प्रतिष्ठा र इज्जतजस्ता कुराको झलक  पाइन्छ । यसरी यसमा नेपाली पहाडी ग्रामीण तथा सहरीय समाजका चाल चलन, परम्परा, संस्कृति भाषाको चित्रण पाइन्छ । त्यसैले उपन्यास सामाजिकता छ भन्न सकिन्छ ।

### ४.२.२.२ यथार्थवादी

यथार्थ भन्नाले जे-जस्तो अवास्थामा छ त्यसलाई त्यस्तै अवस्थामा चित्रण गर्नु हो । साहित्यका अन्य विधामा जस्तै उपन्यासमा पनि यो प्रवृत्ति प्रबल रूपमा रहेको हुन्छ । कुनै विषय घटनाहरू जे-जस्ता पाइन्छन् वा देखिन्छन्, तिनलाई कुनै परिवर्तन नगरीकन जस्ताको तस्तै टिपेर उपन्यासमा चित्रण गरिन्छ भने त्यस्ता उपन्यासलाई यथार्थवादी उपन्यास भनिन्छ । यसप्रकारका उपन्यासमा लेखकको भावना कल्पनाको निषेध हुन्छ । त्यसैगरी उपन्यासकारले आफ्ना मनमा भएका विचार विवेक अन्य कुराहरू लेख्नु हुँदैन । यसमा समाजमा वा अन्य ठाउँमा जे-जस्तो विषयवस्तु, पात्र र परिवेश तिनलाई त्यस्तै रूपमा उल्लेख गर्नुपर्दछ । यो प्रवृत्ति नेपाली आधुनिक उपन्यासको क्षेत्रमा लैनसिंह बाङ्देलको **माइतघर** (२००४) बाट देखापरेको हो । यसै क्रममा यो प्रवृत्ति भागीरथी श्रेष्ठको **यस्तो एउटा आकाश** उपन्यासमा पनि पाइन्छ । यस उपन्यासमा प्रयोग भएका पात्र र

घटनाहरू पनि यथार्थ नै हुन् । यसमा परिवारको एउटा घटनालाई मुख्य विषयवस्तु बनाएर उपन्यासको स्वरूप खडा भएको छ । उपन्यासमा एउटी आमा, तिनको छोरा तथा बुहारी यी तीनजनाको परिवारमा भएका घटना यथार्थ घटना हुन् । एउटी आमाले छोरालाई दुःख गरी उच्च शिक्षा हासिल गराउनु, त्यो छोरा जागिरको सिलसिलामा घरबाट बाहिर जानु, बाहिर गएपछि घरमा श्रीमती हुँदा-हुँदै परस्त्रीसँग अवैध सम्बन्ध राख्ने जस्ता घटना यथार्थ घटना हुन् । यी घटना नेपाली समाजमा पाइन्छन् । यस उपन्यासमा सरस्वतीले छोरा सुमनलाई दुःख गरी एम.ए. सम्म पढाइसकेपछि सुधासँग विवाह हुन्छ । त्यसपछि सुमन जागिरको खान घर छाडेर पाल्पा जान्छ । पाल्पामा आरतीसँग अवैध सम्बन्ध राख्छ, त्यो तथ्य जता-ततै थाहा हुन्छ । यस घटनाबाट सुधा र सुमनको सम्बन्ध राम्रो  हुँदैन । यस्ता घटना हाम्रो नेपाली समाजमा हुने गर्दछन् । यसरी यसमा धेरै नेपाली युवाहरूले यस प्रकारका कार्य गर्दछन् । सुधाजस्ता धेरै नेपाली नारीहरू पीडित र दुःखी भएका हुन्छन् । आरतीजस्ता धूर्ता नारी पनि नेपाली समाजमा पाइने यथार्थ पात्र हुन् र सुमनजस्ता शिक्षित र योग्य व्यक्तिहरूलाई विभन्न प्रलोभन देखाएर आफ्नो बहसमा पर्ने घटना  यथार्थ घटना हुन् । उपन्यासमा प्रयोग भएको परिवेश पनि यथार्थ हुन् । यसमा गुल्मी जिल्लाको रिडी, पाल्पाजस्ता सुपरिचित ठाउँ पनि यथार्थ हुन् । यसमा नारी चरित्रको यथार्थ रूपले विश्लेषण गरिएको छ । उपन्यासमा प्रयोग भएको विषयवस्तु पात्र तथा परिवेश सबै यथार्थ हुन् । त्यसैले उपन्यास यथार्थवादी बनेको छ ।

### ४.२.२.३. **नारीवादी**

महिलामा केन्द्रित भएर लेखिने उपन्यास नारीवादी हुन्छ । यसमा नारीका समस्या पीडा दुःख कष्ट आदिको चित्रण गरिएको हुन्छ । नेपाली समाजमा धेरै पहिलादेखि नारीलाई पुरुषका तुलनामा केही तल राखेर व्यवहार गर्ने गरिन्थ्यो । साहित्यमा उपन्यासकारहरूले ती नारीका दुःख, पीडा र वेदनालाई विषयवस्तु बनाएर उपन्यास लेख्ने काम गर्दै आएका छन् । ती नारीका समस्या, पीडा, दुःख र वेदनाहरू नेपाली समाजका यथार्थ घटना हुन् । यसै क्रममा भागीरथी श्रेष्ठको **यस्तो एउटा आकाश** पनि नारीवादी उपन्यास हो । यसमा सुधाको केन्द्रीयतामा उपन्यासका घटनाहरू घुमेका छन् । यसका जीवनमा आई परेका घटना र उसले सामना गर्नु परेका सङ्घर्षहरू एउटी सोझी पतिपरायण नारी हो । ऊ गर्भवती भएको अवस्थामा श्रीमान्ले परस्त्रीसँग अवैध सम्बन्ध राख्छ । त्यो घटना सुधा आफैले प्रत्यक्ष रूपमा देख्दछे । यस घटनाले उसको मनमा पीडा थपेको हुन्छ । केही समयपछि उसको पेटको बच्चा पनि खेर जान्छ । उसलाई थप पीडा हुन्छ । सुधाजस्ता धेरै नेपाली नारीहरूले यस्ता पीडा सहेर बसेका हुन्छन् । घरमा श्रीमती भएर परस्त्रीसँग अवैध सम्बन्ध

राख्ने लोग्ने मान्छे नेपाली समाजमा पाइन्छन् । तिनले आफ्ना श्रीमतीलाई पीडा दिइरहेका हुन्छन् । ती श्रीमतीहरू पीडा सहेर उल्टो ती श्रीमान्कै आदर-सत्कार गरेका हुन्छन् ।

यसरी समाजमा पुरुषबाट धेरै नारी पीडित र शोषित भएका हुन्छन् । यस उपन्यासमा पनि नारीका वेदना र पीडाका स्वरहरू देखिन्छन् । उपन्यासमा सुधाको दिनचर्यालाई आधार बनाएर रिडी बजारको सामान्य जीवनको व्याख्या गर्दा लेखिकाले नारी मनभित्रका पात्रलाई औधि कलात्मक पाराले केलाएकी छन् (शर्मा, २०४७ : ४१) । उपन्यासमा पात्रको बढी प्रयोग भएको छ । यसमा सरस्वती चम्पा, राधा र रीताका पनि आफ्नै पीडा दुःख वेदना छन् । समग्रमा यसमा नारी हृदयका उतार-चढावलाई बाहिरी रूपमा प्रकट भएका छन् । यसरी भित्री रूपमा प्रकट हुनका पछाडि तिनलाई सामाजिक तथा संस्कृतिले बाधेको छ । यी समग्रमा उपन्यासमा नारी हृदयका पीडा र वेदनालाई उपन्यासकारले मनोविश्लेषणात्मक चित्रण गरेका छन् । नारीलाई केन्द्रमा राखेर उपन्यास निर्माण भएको हुनाले यो उपन्यास नारीवादी हो भन्न सकिन्छ ।

### ४.२.२.४ मनोविश्लेषण

यो प्रवृत्ति पात्रको मानसिक स्तरमा हुन्छ । यसमा पात्रका मनभित्र रहेका आरोह-अवरोहलाई उद्घाटन गर्दछ । उपन्यासमा पात्रका मनभित्र रहेका कुण्ठा, इच्छा र चाहनाको प्रकट गर्दछ । यसले अमूर्त तत्त्वको अध्ययन र विश्लेषणका माध्यमबाट मूर्त वस्तु र कार्यात्मक रूपमा उद्घाटन गर्ने विज्ञान हो (सुवेदी, २०६४ : २४५) । यसमा सिग्मण्ड फ्रायडको मनोविश्लेषण सिद्धान्तले धेरै ठाउँ पाएको हुन्छ । यसले मानव व्यवहारको विशेष महत्त्व राख्छ । यसमा मानसिक अचेतनको अध्ययन अनुसन्धान तथा मानसिक विकृतिको व्याख्या गर्दछ । यस्तो प्रवृत्ति भएका पात्रलाई प्रयोग गरी लेखिएको उपन्यास मनोविश्लेषणवादी उपन्यास हुन्छ । आधुनिक नेपाली उपन्यास परम्परामा यो प्रवृत्ति गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** (२०१६) बाट भित्रिएको पाइन्छ । यसै क्रममा भागीरथी श्रेष्ठको **यस्तो एउटा आकाश** (२०४६) मा पनि पाइन्छ । यस उपन्यासमा प्रयोग भएकी प्रमुख नारी पात्र सुधाका मनमा भएका अर्न्तद्वन्द्वलाई विश्लेषण गरिएको छ । यसमा जब सुमन उसलाई विवाह गरेर तानसेन जान्छ । त्यसबाट उसका मनमा अनेक किसिमका खुल्दुलीहरू चल्न थाल्छन् । त्यसै अवस्थामा रीता पात्रले सुमन र आरतीको अवैध सम्बन्ध भएको कुरा बताउँछे । त्यसबाट उसलाई झन् मानसिक स्तरमा उतार-चढाव हुन्छ । उसको स्वभाव समयअनुसार फरक-फरक देखिन्छ । उसमा चेतन मन र अचेतन मनबीच द्वन्द्व भइरहन्छ । सुमन र आरतीको अवैध सम्बन्ध आफै प्रत्यक्ष देखेपछि उसले सुमनलाई परपीडा दिने उद्देश्यले आफ्नै देवर सृजनसँग नाटकीय प्रेम गर्न थाल्छे । सुधा र सुमनबीच सम्बन्ध टाढिदै जान्छ । सुमनमा पनि अनेक किसिमका मनोद्वन्द्व चल्न थालछन् ।

त्यसैगरी आरती र सरस्वतीका मनमा पनि घटना र परिवेशअनुसार द्वन्द्व भइरहन्छ । यसमा सिग्मण्ड फ्रायडको यौन मनोविज्ञान पनि पाइन्छ । जस्तै आरती र सुमनको अवैध सम्बन्ध यौन मनोविज्ञानको उदाहरण हो । यसमा पात्रहरूबीच स्वपीडन र परपीडनजस्ता प्रवृत्ति पाइन्छन् । त्यसैगरी चेतन र अर्धचेत र अचेत मन भएका पात्रहरू पाइन्छन् । **यस्तो एउटा आकाश** विशेष रूपले मनोविश्लेषणात्मक अध्ययन हो (शर्मा, २०४७, ४१) यसरी यसमा प्रमुख पात्र सुधाका मानसिक स्तरलाई बढी व्याख्या विश्लेषण गरिएको छ । यी सबै कारणले गर्दा उपन्यास मनोविश्लेषणात्मक छ ।

### ४.२.२.५ आञ्चलिकता

सामाजिक उपन्यासमा आञ्चलिकता प्रवृत्तिसँगै जोडिएर आउँछ । उपन्यासमा स्थानीय परिवेश भाषा, संस्कृति र सामाजिक गतिविधिलाई यथार्थ रूपले चित्रण गरिएकोलाई आञ्चलिकता भनिन्छ । यसमा सीमित क्षेत्रको परिवेश, त्यही ठाउँका पात्र, भाषा संस्कृति परम्पराको चित्रण हुन्छ । आधुनिक नेपाली साहित्यको उपन्यासका क्षेत्रमा शंकर कोइरालाको **खैरनीघाट** (२०१८) बाट यो प्रवृत्ति देखापरेको हो । यसै क्रममा भागीरथी श्रेष्ठको **यस्तो एउटा आकाश**मा पनि यो प्रवृत्ति पाइन्छ । यसमा लुम्बिनी अञ्चलअन्तर्गत पाल्पा र गुल्मी जिल्लाका विभिन्न स्थानीय ठाउँलाई परिवेश बनाइएको छ । यसमा गुल्मीको रिडीको तत्कालीन ग्रामीण समाजको चित्रण छ । त्यस्तै प्रसिद्ध कालीगण्डकी नदीको चित्रण पनि यसमा पाइन्छ । पाल्पा जिल्लाको तानसेनको सहरिया वातावरण उपन्यासमा पाइन्छ । त्यहाँको स्थानीय पर्यटक स्थल श्रीनगरको परिवेश यसमा पाइन्छ । रिडीको एउटा परिवारको घटनालाई लिएर उपन्यास लेखिएको छ । त्यहाँ बोल्ने पात्रको स्थानीय भाषा प्रयोग यसमा पाइन्छ । त्यसैगरी स्थानीय भेषभूषा र रीतिरिवाज र परम्परा पनि यसमा पाइन्छ । उपन्यासका घटनाहरू स्थानीयतामा आधारित छन् । यसमा पात्रअनुसार घटना वा विषयवस्तु र परिवेशलाई स्थानीयताले छोपेको छ । यसरी उपन्यासमा आञ्चलिकता प्रवृत्ति पाइन्छ ।

### निष्कर्ष

**यस्तो एउटा आकाश** भागीरथी श्रेष्ठको दोस्रो उपन्यास हो । यसमा ग्रामीण सामाजिक विषयवस्तु र केही सहरिया वातावरणलाई समेत समेटिएको छ । यसमा नेपाली समाजको चित्रण छ । एउटा सानो परिवारको घटनालाई विषयवस्तु बनाएर उपन्यासको स्वरूप निर्माण भएको छ । यसमा नारीका समस्या, दुःख, पीडा र वेदनालाई उल्लेख गरिएको छ । उपन्यासमा प्रयोग भएका पात्र नेपाली समाजका हुन् । यसमा परिवेश र घटनाअनुसारका पात्रको संयोजन गरिएको छ । यसमा नेपालको पहाडी भू-भागमा पर्ने

पाल्पा र गुल्मीका विभिन्न ठाउँलाई परिवेश बनाइएको छ । यसले नारी मानसिकतामा आएका अन्तर्द्वन्द्वलाई मनोविश्लेषणात्मक तरिकाले व्याख्या विश्लेषण गरिएको छ । उपन्यासमा सरल र सहज भाषा शैलीको प्रयोग गरिएको छ। कुनै ठाउँमा नाटकीय शैलीमा संवादको प्रयोग भएको छ । यसमा परिच्छेदबीच घटनाहरूको शृङ्खला मिलेको छ । घटनामा कौतूहल सिर्जना भएको हुनाले उपन्यासमा थप रोचकता थपिएको छ । यसमा तृतीय दृष्टिबिन्दुको वर्णनात्मक शैलीमा लेखिएको छ।

यसमा प्रवृत्तिगत तरिकाले हेर्दा उपन्यास सामाजिक विषयवस्तुलाई यथार्थ रूपले व्याख्या विश्लेषण गरिएका छ । यसमा नारी पात्रको बाहुल्यता पाइन्छ । ती नारीहरूका दुःख, पीडा र वेदनालाई राम्रोसँग चित्रण गरिएको छ।

उपन्यास गहिरिएर अध्ययन गर्दा यसमा सामाजिकता, यथार्थवादी, नारीवादी, आञ्चलिकता र मनोविश्लेषणात्मकता जस्ता प्रमुख प्रवृत्ति पाइन्छ।

परिच्छेद पाँच

# भागीरथी श्रेष्ठका औपन्यासिक प्रवृत्तिहरू

भागीरथी श्रेष्ठ (२००५-) ले वि.सं. २०२३ मा रिडी हाईस्कुलको वार्षिक मुखपत्र **रुरु** पत्रिकामा 'प्रबल इच्छा' भन्ने कथा प्रकाशित गरेपछि साहित्यिक यात्रा सुरु भएको हो । उनका कथा र उपन्यास प्रकाशित छन् । उनका हालसम्मका दुईवटा पूर्ण प्रकाशित उपन्यास छन् । उनको एउटा अनुवादित उपन्यास **अग्निपर्व** छ । यो हिन्दी उपन्यास **कगारकी आग**बाट नेपाली रूपान्तरण गरिएको हो । त्यसैगरी उनले अपूर्ण उपन्यास **ज्योति** लेख्दै गरेकी छन् । यी दुई अपूर्ण र अनुवादित उपन्यासको यस शोध कार्यमा व्याख्या विश्लेषण गरिएको छैन । यसमा **मालती** (२०३४) र **यस्तो एउटा आकाश** (२०४६) को मात्र व्याख्या विश्लेषण गरिएको छ । यस शोध कार्यमा उपन्यासका तत्त्वका आधारमा र प्रवृत्तिका आधारमा श्रेष्ठका दुई उपन्यासहरूको व्याख्या विश्लेषण गरिएको छ । यी उपन्यास हेर्दा उनी सामाजिक उपन्यासकार हुन् । उनका उपन्यासमा ग्रामीण नेपाली समाजको चित्रण छ । उपन्यासकार आफू नारी भएकाले पनि उनका उपन्यासहरू नारीप्रति बढी झुकाव रहेको पाइन्छ । यी दुई उपन्यासको व्याख्या विश्लेषण गरिसकेपछि अन्य उपन्यासकारमा जस्तै यिनमा पनि विभिन्न औपन्यासिक प्रवृत्तिहरू पाउन सकिन्छ । यसरी आधुनिक नेपाली उपन्यास परम्परामा श्रेष्ठका औपन्यासिक प्रवृत्तिहरू निम्नानुसार छन् :

## ५.१ सामाजिक प्रवृत्ति

भागीरथी श्रेष्ठले आधुनिक नेपाली उपन्यासका क्षेत्रमा सामाजिक विषयवस्तुलाई उठान गरी उपन्यास लेखेकी छन् । उनका उपन्यासमा ग्रामीण तथा केही मात्र सहरिया सामाजिक विषयवस्तु पाइन्छ । उनका उपन्यासमा नेपाली समाजमा घटेका घटनाहरूको विवरण पाइन्छ । नेपाली समाजका परम्परा, संस्कृति मूल्य-मान्यता चित्रण उनका उपन्यासमा पाइन्छ । उनले नेपालको पहाडी ग्रामीण समाजमा बस्ने मानिसले भोग्नुपरेका पीडा, दुःख, भोग र गरिबीजस्ता तथ्यको चित्रण उपन्यासमा गरेकी छन् । उनका उपन्यासमा हिन्दू समाजमा प्रचलित चाडपर्वहरूको उल्लेख छ । उपन्यासमा समय र परिस्थितिअनुसारका घटना र पात्रको संयोजन गरिएको छ । यी घटनामा समाजमा हुने परिवार बीचको क्रियाकलापको उद्घाटन छ । उपन्यासमा समाजमा हुने वर्गीय भेदभाव, आर्थिक असमानता जस्ता घटनाको चित्रण छ ।

यसरी श्रेष्ठका उपन्यासका घटना र पात्र नेपाली समाजबाटै लिएको छ । उपन्यासको कार्यपीठिका पनि नेपाली समाज नै छ । उनका उपन्यासमा नेपाली समाजमा

बोलिने बोलचालको भाषाको प्रयोग गरिएको छ । उनका उपन्यास पढ्दा नेपाली समाजको झल्को आउँछ । यसरी श्रेष्ठ सामाजिक उपन्यासकार हुन् भन्न सकिन्छ ।

## ५.२ यथार्थवादी प्रवृत्ति

भागीरथी श्रेष्ठका उपन्यासमा जे-जति घटना, पात्र र परिवेश छन् । ती कुनै काल्पनिक नभई सत्य र यथार्थमा आधारित छन् । यथार्थवादी उपन्यास भन्नाले जहाँ जे पाइन्छ, त्यसैलाई टपक्क टिपेर उपन्यासमा समावेश गर्नु हो । उनका उपन्यासमा नेपाली समाजका विषयवस्तुलाई यथार्थ रूपले चित्रण गरिएको छ । उपन्यासमा उल्लिखित घटना नेपाली समाजका भएगरेका घटना हुन् ।

श्रेष्ठको **मालती** (२०३४) उपन्यासमा मालती पात्रले भोगेको दुःख, कष्ट, पीडा आदि यथार्थ हुन् । त्यसैगरी **यस्तो एउटा आकाश** (२०४६) उपन्यासमा पनि सुधा पात्रले भोगेका मानसिक पीडा पनि यथार्थमा आधारित छन् । यसरी श्रेष्ठका दुवै उपन्यासमा नेपाली समाजको यथार्थ रूपले चित्रण भएको छ । ती घटनाहरू उपन्यासकार वा अरू कसैले कल्पना गरेका घटना होइनन् । **मालती** उपन्यासमा वर्णन गरिएको आर्थिक असमानता वर्गीय भेदभाव नेपाली समाजका उदाहरण हुन् । यसमा मालती पात्रले नेपाली नारीका दुःख कष्ट र पीडा यथार्थरूपले प्रतिनिधित्व गरेकी छ । त्यगसैरी माधव र मालतीजस्ता युवायुवतीले विदेशमा गएर पाउने दुःख, कष्ट, पीडा नेपाली युवायुवतीले पाउने दुःख, कष्ट र पीडा नै हुन् । त्यसैगरी **यस्तो एउटा आकाश**मा पनि सुधार र सुमनबीच विवाह भई सुमन नोकरीको सिलसिलामा घर छाडेर गई परस्त्रीसँग अवैध सम्बन्ध राखेको पनि यथार्थ नै हो । सुधाजस्ता सोझा नारीले भने श्रीमान्को प्रतिक्षा र मायामा बसेकोको घटना पनि यथार्थ नै हुन् । उपन्यासमा गुल्मी जिल्लाका रिडी, थोर्गा र पाल्पा जिल्लाको तानसेनजस्ता स्वदेशी र कतकत्ता, नैनीताल, दिल्ली र पञ्जाब विदेशी भूमि समेत परिवेशका रूपमा आएका छन् ।

यसरी उपन्यासमा प्रयोग भएका विषयवस्तु वा घटना, पात्र, परिवेश र अन्य सबै नेपाली समाजका यथार्थ हुन् । उपन्यासकारले उपन्यासमा वर्णन गरेका सबै तथ्यहरू यथार्थमा आधारित छन् । त्यसैले उनलाई यथार्थवादी उपन्यासकार भन्न सकिन्छ ।

## ५.३ नारीवादी प्रवृत्ति

भागीरथी श्रेष्ठ नेपाली साहित्यमा महिला अर्थात् नारीका समस्यालाई यथार्थ रूपले चित्रण गर्ने उपन्यासकार हुन् । नारीवादी प्रवृत्ति भएका उपन्यासमा नारीले भोग्ने पीडा, दुःख र कष्ट आदिलाई चित्रण गरिएको छ । यसमा नारीमाथि गरिएको अन्याय, अत्याचार शोषण

दमनको चित्रण गरिएको छ । समग्रमा नारीका स्वरहरूलाई प्राथमिकताका साथ उल्लेख गरिएको उपन्यासलाई नारीवादी भन्निछ ।

श्रेष्ठका **मालती** (२०३४) र **यस्तो एउटा आकाश** (२०४६) उपन्यास पनि नारीवादी छन् । उनको **मालती** उपन्यासमा 'मालती' भन्ने पात्रले भोगेका दुःख, पीडाको उल्लेख छ । ऊ अशिक्षित निम्न वर्गीय परिवारकी युवती हो । उसका जीवनमा घटेका सम्पूर्ण घटनालाई उपन्यासकारले समेटेर उपन्यास लेखेकी छन् । यसमा मालती पात्रले समय र परिस्थितिअनुसार पाएका दुःख, पीडाको उल्लेख गरिएको छ । साथै उसमाथि गरिएको अन्याय अत्याचारको चित्रण पनि उपन्यासमा पाइन्छ । उसलाई सामन्ती समाज र समीरजस्ता भारतीय गुण्डाले गरेको अन्याय अत्याचार र बलात्कारको घटना उपन्यासमा राम्रोसँग चित्रण गरिएको छ । त्यसैगरी श्रेष्ठको यस उपन्यासमा पनि सुधाजस्ती सोझी र इमान्दार नारीले भोग्नुपरेका पीडाहरूलाई राम्रोसँग चित्रण गरिएको छ । यसमा जागिर खाने श्रीमान्ले परस्त्रीसँग अवैध सम्बन्ध राखेर सुधालाई मानसिक रूपमा पीडा दिएको छ । यसरी मालती र सुधाजस्तै नारीले पाउने दुःख, पीडा, अन्याय र अत्याचार आजभोलि हाम्रो नेपाली समाजमा धेरै नारीले भोगेका छन् । उपन्यासमा यी नारीका अतिरिक्त अन्य नारीका आ-आफ्नै वेदनाहरू पाइन्छन् । यी उपन्यासमा पुरुषलाई भन्दा नारीलाई प्रमुख स्थान दिएको छ । यसरी नारीका मानसिकता अति सूक्ष्म तरिकाले व्याख्या विश्लेषण गरिएको छ । यथार्थ रूपमा बुझ्न जति नारीको कलम सक्षम हुन्छ, त्यति पुरुषको नहुन सक्छ (भट्टराई, २०४७ : १०) ।

उपन्यासकार आफै पनि नारी भएकाले उपन्यासमा नारीका वेदना र पीडालाई उल्लेख गर्नु स्वाभाविक नै हो । उनको मालती उपन्यासमा मालतीलाई नै केन्द्रीय नारी चरित्र हो । भिन्न-भिन्न परिस्थितिमा उसका विविध मनोभावको चित्रण गर्नु उपन्यासकार विशेष सफल भएकी छन् । (शर्मा, २०४९ : ११८) । यस उपन्यासमाा मालती पाँच वर्षसम्म समीरका पञ्जामा परे पनि ऊ सङ्घर्ष गरी उम्कन सफल भएकी छ । यसबाट नारी सङ्घर्ष देखाइएको छ । यसैगरी यस उपन्यासमा सुमन र आरतीको अवैध सम्बन्ध देखेर सुधाले केही सङ्घर्ष गरेको पाइन्छ । सुधा सोच्दछे बरु जिन्दगीभर ऊ लोग्नेसँग विद्रोह गरी बस्छे मूल्यहीन बाटोमा जाने छैन (श्रेष्ठ, २०४६ : ७६) । श्रेष्ठका यी दुवै उपन्यासमा नारी वेदना र सङ्घर्ष दुवैको चित्रण राम्रोसँग गरिएको छ । उपन्यासमा नारीप्रति हार्दिकता व्यक्त भएको छ । नारी मनका अन्तर्द्वन्द्वलाई स्वभाविक रूपमा प्रस्तुत गर्न नारीहरू जति सफल हुन्छन् त्यति पुरुषहरू हुन सक्दैनन् (मल्ल, २०४६, प्रकाशकीय) । यसरी उपन्यासमा नारीलाई उच्च मूल्याङ्कन भएको छ । दुवै उपन्यासमा नारी प्रमुख चरित्र बनाई उपन्यास

निर्माण भएका छन् । नारीकै केन्द्रीयतामा उपन्यास लेखिएको छ । त्यसैले श्रेष्ठको नारीवादी प्रवृत्ति प्रमुख हो ।

## ५.४ प्रगतिशील प्रवृत्ति

यथार्थबोध र परिवर्तनप्रतिको विश्वास नै प्रगतिवादी दृष्टिकोण अडिएको भएको छ । यसलाई आलोचनात्मक यथार्थवाद पनि भनिन्छ । समाजमा हुने हरेक प्रकारका विकृति र विसङ्गतिको विरुद्ध तातो आवाज उराल्ने काम यसमा हुन्छ । यसमा सबै खालका अन्याय अत्याचारको विरोध, वर्गीय असमानताप्रति असन्तोष, शोषकवर्गप्रति अत्यन्त घृणा र शोषितवर्गप्रति सहानुभूति र सम्मान तथा वैचारिक दृढता हुन्छ । भागीरथी श्रेष्ठको **मालती** उपन्यासमा यस्तै प्रवृत्ति पाइन्छ । उपन्यासमा माधव र मालतीबीच अन्तरजातीय विवाहले परम्परावादी सोचको विरोध गरेर देखाएको छ । त्यसैगरी हरिजस्तो निम्नवर्गीय पात्रले नारायणदत्तजस्ता शोषक र सामन्ती प्रवृत्तिको पात्रलाई हातपात गरेर जितेको घटनाहरू यसमा छ । यसबाट सर्वहारा जनताको जीत र शोषक सामन्ती वा अभिजात वर्गको हार भएको छ । यो एक प्रकारको प्रगतिशील प्रवृत्तिको उदाहरण हो । यसरी यसमा तत्कालीन समयमा पनि सर्वहारा गरिब निमूखा जनताको उत्थान र अभिजात वर्ग वर्गको पतन भएको देखाइएको छ । **यस्तो एउटा आकाश** उपन्यासमा पनि केही मात्रामा प्रगतिशील चिन्तन छ । यसमा सुमनकी आमा सरस्वतीलाई जब उनका श्रीमान् नभएको र सुमन बालक भएको अवस्थामा गाउँका शोषक र सामन्तीले विभिन्न बहानामा दुःख दिएको घटना छ ।

यसरी श्रेष्ठको **मालती** उपन्यासमा वि.सं. (२०३४) भन्दा अगाडि जतिबेला नेपालमा पञ्चायत शासन थियो त्यस अवस्थामा पनि शोषक र सामन्ती वर्गको पराजय र निम्नवर्गीय सर्वहारा वर्गको विजय देखाउनुले श्रेष्ठलाई प्रगतिशील उपन्यासकार मान्न त्यति सङ्कोच मान्नु पर्दैन । “साहु हुँ, धनी हुँ भनी गरिबको गाँस-बास खोस्न पाइन्न । शोषक सामन्ती बूढा तँ होस् पापी स्वार्थी र बेइमान गरिबको पसिना र श्रमले धनी भएका लुच्चा के धाक लगाउँछस् लौ के गर्न सक्छस् गर भन्दै हरिले नारायणदत्तको टुप्पी समातेर दलानबाट आँगनमा घिसाऱ्यो” (श्रेष्ठ, २०३४ ४७) । यसरी शोषक सामन्ती र निम्न वर्गीय जनताको द्वन्द्व देखाइएको छ । श्रेष्ठको तुलनात्मक रूपमा **यस्तो एउटा आकाश** भन्दा **मालती** उपन्यास बढी प्रगतिशील छ । यसमा प्रयोग भएका पात्र पनि निम्नवर्गीय छन् । नेपाली समाजका आर्थिक बाध्यता, परम्परागत सामाजिक मूल्य-मान्यता तथा मानवीय दुर्वलता आदि टट्कारा वस्तुगत यथार्थहरूका उत्घाटन यसमा गरिएको छ (शर्मा, २०४९ :.११८) । यसरी यी विविध विचारहरू व्यक्त भएको हुनाले श्रेष्ठ प्रगतिशील उपन्यासकार हुन् ।

## ५.५ मनोविश्लेषणात्मक प्रवृत्ति

व्यक्तिका निजी तथा वैयक्तिक समस्याहरूलाई चित्रण गरेर लेखिएको उपन्यास मनोविश्लेषणवादी उपन्यास हो । जसमा व्यक्तिका इच्छा आकाङ्क्षा र जीजिविषालाई उपन्यासमा कथ्य रूपमा आउँछन् । अल्फ्रेड एडलर, फ्रायड, युङजस्ताका मनोविश्लेषणवादी सिद्धान्त यसमा पर्दछन् । यस प्रवृत्तिका उपन्यासमा व्यक्तिका वासना दमित इच्छा, हीनता भाव, स्वपीडन, परपीडन रतिराग र बासनात्मकजस्ता प्रवृत्ति पाइन्छन् । यसमा पात्रका मानसिक स्तरमा उतार-चढाव, यौनकुण्ठा, आवेग, संवेग मानसिक विकृति तथा मानसिक अन्तर्द्वन्द्वको व्याख्या विश्लेषण गरिन्छ ।

भागीरथी श्रेष्ठको **यस्तो एउटा आकाश** उपन्यासमा र **मालती** उपन्यासमा पनि पात्रका मानसिक स्तरमा भएका अन्तरद्वन्द्वलाई प्रस्तुत गरिएको छ । उनको **यस्तो एउटा आकाश** उपन्यास विशेष रूपले मनोविश्लेषणात्मक अध्ययन हो (शर्मा, २०४७, ४१) । यस उपन्यासमा सुमनले सुधालाई विवाह गरेर घरमा छोडी तानसेनमा आरतीसँग वासनात्मक रूपमा नजिक हुनु फ्रायडको यौन मनोविश्लेषण सिद्धान्तसँग सम्बन्धित छ । त्यसैगरी सुमन र आरतीको अवैध सम्बन्धले सुधामा परपीडनवादी प्रवृत्ति देखिएको छ । उनीहरूको यो अवैध सम्बन्ध सुधाले प्रत्यक्ष रूपले देखिसकेपछि उसले सुमनलाई परपीडा दिने उद्देश्यले देवरसँग नाटकीय प्रेम गर्दछे । यसरी उपन्यासमा स्वपीडन र परपीडनको चित्रण गरिएको छ । यस्तो एउटा आकाशमा सुधा पात्रको मनमा भएका कुरालाई कलात्मक रूपले चित्रण गरिएको छ । त्यसैगरी **मालती** उपन्यासमा मालतीका मनमा भएका अन्तरद्वन्द्वको चित्रण छ । साथै उसमा चेतन र अचेतन मनबीच द्वन्द्व देखाइएको छ । यी दुवै उपन्यासमा प्रयोग भएका पात्रहरूमा आ-आफ्नै किसिमका मनोद्वन्द्व पाइन्छन् । त्यसैले श्रेष्ठ मनोविश्लेषणवादी उपन्यासकार हुन् ।

## ५.६ आदर्शवादी प्रवृत्ति

सामाजिक घटनालाई समाजग्राही भएर लेख्नु र नैतिक र आदर्श एवम् आध्यात्मिक चिन्तनमा आधारित भएर लेखिने उपन्यासलाई आदर्शवादी भनिन्छ । आदर्शवाद बौद्धिक चिन्तनको कल्पना पक्ष कलारूप हो (प्रधान, २०४६ .७३) । उपन्यासमा ईश्वरीय चिन्तनमा आधारित हुन्छ ।

भागीरथी श्रेष्ठका दुवै उपन्यासमा केही मात्र आदर्शवादी प्रवृत्ति पाइन्छ । **यस्तो एउटा आकाश** उपन्यासमा सुधा र उसकी सासूले कालीगण्डकीमा गएर नुहाउनु र देवीदेवताको मन्दिरमा गई ईश्वरीय आराधना गर्दछन् । त्यसैगरी हरिबोधनी एकादशीमा व्रत

बस्नु पनि ईश्वरीय आराधना हुन् । त्यस्तै **मालती** उपन्यासमा मालती र माधव मन्दिरमा गई विवाह गर्नु त्यस्तै ऋषिकेशका मन्दिरमा गई दर्शन गरी ईश्वरप्रति भक्तिभाव राख्नुजस्ता घटनामा उपन्यासकारको आदर्शवादी प्रवृत्ति हुन् । उपन्यासमा नैतिक मूल्य-मान्यताको समेत समुचित चित्रण गरिएको छ । **यस्तो एउटा आकाश** मा सुमन र आरतीको अवैध सम्बन्ध आफ्नै आँखाले देखेर पनि सामाजिक मर्यादा भङ्ग हुन्छ भन्ने डरले बाहिरी रूपमा विद्रोह गरेकी छैन । अनुशासित रूपमा विरोध गरेकी छ । यसबाट पनि आदर्शवादी प्रवृत्ति पाइन्छ । त्यसैगरी **मालती** उपन्यासमा माधव र मालतीबीच अन्तरजातीय विवाह गरेर सामाजिक मर्यादा भङ्ग हुने डरले उनीहरू भागेका छन् । उपन्यासमा केही आदर्शवादी दार्शनिक उक्तिको पनि प्रयोग छ । यसरी श्रेष्ठमा आदर्शवादी प्रवृत्ति पाइन्छ ।

## ५.७ कारुणिक प्रवृत्ति

भागीरथी श्रेष्ठका उपन्यासमा कारुणिक भाव पाइन्छ । उनको **मालती** उपन्यासमा मालती र उसको भाइ रामुलाई सौतेनी आमाले दिएको दुःख, अन्याय र अत्याचार कारुणिक पक्ष हुन् । त्यसैगरी यसमा कलकत्ताबाट मालतीलाई समीरजस्ता भारतीय गुण्डाले अपहरण र बलत्कार गरेको घटना पनि कारुणिक छ । उपन्यासमा मालती नैनीतालबाट माइत फर्केपछि कसैको आशा र भरोसा नमानी निराश भएर आत्महत्याको प्रयास पनि कारुणिकता हो । श्रेष्ठको अर्को उपन्यास **यस्तो एउटा आकाश**मा पनि बीच-बीचमा सुधा पात्रमार्फत् कारुणिकता अभिव्यक्ति पाइन्छ । यसरी उपन्यासमा घटनाअनुसार पात्रहरूमा करुणा भाव व्यक्त भएको छ । श्रेष्ठका उपन्यासमा नारी पात्रले भोगेका दुःख, पीडा र वेदनालाई कारुणिक रूपले चित्रण गरिएको छ । ती कारुणिक भावहरू नेपाली नारीका यथार्थ हुन् । यसरी करुणा पक्षलाई सशक्तरूपमा प्रस्तुत गर्नु श्रेष्ठको औपन्यासिक प्रवृत्ति हो ।

## ५.८ परिवेशगत प्रवृत्ति

श्रेष्ठका **मालती** र **यस्तो एउटा आकाश** उपन्यासमा परिवेशको सफल प्रयोग भएको छ । परिवेश भन्नाले स्थान, काल, परिस्थितिलाई जनाउँछ । उनको **मालती** उपन्यासमा स्वदेश र विदेशको परिवेशको चित्रण छ । स्वदेशमा गुल्मी जिल्लाका स्थानीय गाउँ थोर्गा र रिडी मुख्य रूपले आएका छन् । उनले यी ठाउँका उकाली-ओराली चौतारी तथा भीरपाखा आदिको राम्रोसँग चित्रण गरेकी छन् । यसरी प्रसिद्ध कालीगण्डकी नदी पनि उपन्यासमा चित्रण छ । यसैगरी यसमा विदेशका कलकत्ता, पञ्जाब, दिल्ली र नैनीतालजस्ता प्रसिद्ध ठाउँको चित्रण छ । श्रेष्ठको **यस्तो एउटा आकाश** उपन्यासमा पनि स्थानीय गुल्मी जिल्लाको रिडी र पाल्पा जिल्लाको तानसेन बजारको परिवेशलाई उपन्यासमा चित्रण गरिएको छ । यी परिवेशमा विदेशी तथा सहरिया परिवेशलाई भन्दा स्वदेशी ग्रामीण परिवेशलाई महत्त्वका

साथ चित्रण गरिएको छ । उनका उपन्यासमा कालिक परिवेशअन्तर्गत नेपालको पुरानो सामन्ती समाजको चित्रण छ । उनका उपन्यासमा सर्वहारा वर्ग जनता र अभिजात वर्गबीच द्वन्द्व भएको परिवेशको चित्रण पनि छ । उनका दुवै उपन्यासमा नेपालको पञ्चायती व्यवस्था राजनैतिक परिवेशका रूपमा आएको छ । यी दुवै उपन्यास लेख्दा नेपालमा निरङ्कुश शासन थियो ।

यसरी उनका उपन्यासमा उपन्यासकार आफै जन्मेर हुर्केको परिवेशको चित्रण छ । यी परिवेश कुनै काल्पनिक नभई यथार्थ हुन् । उनका उपन्यासमा घटनाअनुसार परिवेशको चित्रण छ । त्यसैगरी पात्र र तिनका भेषभूषाअनुसार समुचित चित्रण छ । नेपालको तत्कालीन राजनीति वा अन्य परिस्थिति अनुसारको परिवेशको चित्रणले उपन्यासलाई थप रोचक बनाएको छ । त्यसकारण श्रेष्ठ उपन्यासअनुसारको सफल परिवेश चित्रण गर्ने उपन्यासकार हुन् ।

## ५.९ सहज, सरल र वर्णनात्मक भाषा शैलीको प्रयोग गर्ने प्रवृत्ति

भागीरथी श्रेष्ठ सहज, सरल भाषाको प्रयोग गर्ने उपन्यासकार हुन् । उनका **मालती** र **यस्तो एउटा आकाश** उपन्यासमा सहज र सरल भाषाको प्रयोग छ । उनका उपन्यास जुनसुकै पाठकले सहजै रूपमा पढ्न सक्छन् । उनले उपन्यासमा गुल्मेली स्थानीय भाषाको प्रयोग गरेकी छन् । उनका उपन्यासमा जनजिब्रोका भाषाको प्रयोग पाइन्छ । पात्रअनुसारका भाषाको प्रयोग उपन्यासमा पाइन्छ । उनले उपन्यासमा आगन्तुक, तत्सम, तद्भव, हिन्दी र अङ्ग्रेजीजस्ता शब्दको प्रयोग गरेकी छन् । त्यसैगरी उनका उपन्यासमा उखान-टुक्का र केही दार्शनिक उक्तिको प्रयोगले उपन्यासलाई थप रोचक बनाएको छ । उनका उपन्यासमा सरल, मिश्र र संयुक्त तीनै किसिमका वाक्यको प्रयोग छ । उनका उपन्यासमा कुनै ठाउँमा कवितात्मक शैलीको प्रयोग पनि पाइन्छ । उनी वृत्ताकारीय र रैखिक दुवै ढाँचाका उपन्यास लेख्ने उपन्यासकार हुन् । उनका उपन्यास मझौला आकारका भएको हुनाले उपन्यासमा वर्णित कथावस्तुको शृङ्खला मिलेको पाइन्छ तर उनको **मालती** उपन्यासमा भने उपन्यासको बीचमा आउने घटना सुरुमै आएको हुनाले कथावस्तु केही खजमजिएको छ । उनका उपन्यासहरू वर्णनात्मक शैलीमा लेखिएका छन् । उनको यस्तो **एउटा आकाश उपन्यास** मा बढी वर्णात्मक शैली सक्रीय आलङ्कारिक र भावपूर्ण छ (भट्टराई, २०४७, १०) । यसरी उनका उपन्यासहरू सामाजिक विषयवस्तुमा आधारित भएको हुनाले उनले उपन्यासमा सहज र सरल भाषाको प्रयोग गरेकी छन् । उनले उपन्यासमा वर्णनात्मक शैलीको प्रयोग गरेकी छन् । त्यसैले उनलाई सहज र सरल भाषा तथा वर्णनात्मक शैलीको प्रयोगकर्ता उपन्यासकार भन्न सकिन्छ ।

## ५.१० तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गर्ने प्रवृत्ति

भागीरथी श्रेष्ठका उपन्यासमा सामाजिक विषयवस्तुलाई वर्णनात्मक शैलीमा लेखिएको छ । उनका **मालती** र **यस्तो एउटा आकाश** दुवै उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । उपन्यास बाहिर पात्रहरूका माध्यममा विचरण गर्दै र सोहीअनुसारको परिवेश पनि व्यक्त गर्ने काम भएकाले उनका उपन्यासमा तृतीय दृष्टिबिन्दुको प्रयोग भएकाले उनका उपन्यासमा तृतीय दृष्टिबिन्दुको प्रयोग भएको छ । समाख्याता भोक्ताहरूका रूपमा नभएर द्रष्ट्राका रूपमा सीमित देखिन्छन् । उनले पात्रका सबै क्रियाकलापहरूको वर्णन गरेकी छन् । उनका उपन्यासमा एउटै पात्रको प्रयोग छैन । उपन्यासमा धेरै पात्रको मानसिक तथा कार्यमूलक स्थितिको वर्णन भएकाले उनका उपन्यासमा तृतीय दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । यसरी श्रेष्ठ उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गर्नु नै उनको औपन्यासिक प्रवृत्ति हो ।

### निष्कर्ष

भागीरथी श्रेष्ठ (२००५-) आधुनिक नेपाली उपन्यासमा यी विभिन्न औपन्यासिक प्रवृत्तिले स्थापित गर्न सकिन्छ । उनले **मालती** र **यस्तो एउटा आकाश** दुवै उपन्यास सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखेकी छन् । उनका उपन्यासमा नेपाली समाजमा घटेका घटनालाई यथार्थ रूपमा जस्ताको तस्तै उतार्ने प्रयास भएको छ । उनले उपन्यासमा समाजमा देखिने निम्न वर्गीय पात्रको बढी प्रयोग गरेकी छन् । ती निम्न वर्गीय पात्रको विषय र अभिजात वर्गको पराजय उपन्यासमा भएको छ । त्यसै उपन्यासमा उनले नारी पात्रलाई बढी महत्त्वका साथ राखेकी छन् । नारीका मानसिक स्तरका पीडा, दुःख र वेदनालाई उपन्यासमा राम्रोसँग चित्रण गरेकी छन् । उनले नारीपात्रलाई स्थापित गरेर तिनको मनोविश्लेषणात्मक तरिका उपन्यासमा विश्लेषण गरिएको छ । उपन्यास नारीका करुणाभावलाई पनि समावेश गरिएको छ । उनका उपन्यास स्थानीय परिवेशमा आधारित छन् । उनले उपन्यासमा सहज र सरल वर्णनात्मक भाषा शैलीको प्रयोग गरेकी छन् । उनले उपन्यासमा तृतीय दृष्टिबिन्दुको प्रयोग गरेकी छन् । यसरी श्रेष्ठलाई नेपाली आधुनिक उपन्यास परम्परामा सामाजिकता, यथार्थवादी, नारीवादी तथा प्रगतिशील प्रवृत्तिकी उपन्यासकार भन्न सकिन्छ ।

## परिच्छेद छ

# उपसंहार

उपन्यास वर्तमान साहित्यको सबैभन्दा सशक्त र लोकप्रिय विधा हो । यो साहित्यका अन्य विधाभन्दा पृथक विधा हो । यसमा सामाजिक चेतना उद्‌बोधन भएको हुन्छ । यो पूर्वीय साहित्यमा भन्दा पाश्चात्य साहित्यमा बढी प्रचलित छ । यसमा जीवन र जगत्‌को व्यापक प्रस्तुति गरिएको हुन्छ । यसमा घटना तथा विषयवस्तुहरूलाई सूक्ष्म तरिकाले विश्लेषण गरिएको हुन्छ । यसमा जीवनको सम्पूर्णताको अध्ययन हुन्छ । निश्चित मूल्य मान्यताका आधारमा रूप र अन्तर्वस्तुको समुचित सन्तुलनबाट जीवनका बहुविधा र स्वरूपहरूको प्रतिविम्बन गर्ने लोकप्रिय विधाका रूपमा उपन्यास विधा स्थापित भएको छ । यसले संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परम्परामा शृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको हुन्छ । उपन्यास व्यापक परिधिमा समाज र स्थानभित्र विस्तारित भएको कला सौन्दर्य चक्र कथात्मक विधा हो । यसमा सामाजिक जीवनमा आएका परम्परागत र सांस्कृतिक पक्षहरू, चिन्तन परम्पराका मापदण्डहरू समीकरण गरिएको हुन्छ ।

उपन्यासको प्राचीन आख्यान परम्परा युरोपबाटै विकास भएको हो । यो विभिन्न कालखण्डमा विभिन्न देशमा विकसित हुँदै आएको छ । नेपालमा प्राचीन कालमा विभिन्न अभिलेख, शिलालेख, वाङ्‌मय हुँदै प्राचीन काल, मध्यकाल र आधुनिक कालसम्म आउँदा यसले आफ्‌नो छुट्टै मौलिक पहिचान राख्न सफल भएको छ । वि.सं. १९९१ मा सरदार रुद्रराज पाण्डेको **रूपमती** उपन्यासबाट आधुनिक नेपाली उपन्यासको थालनी भएको हो । त्यस समयबाट वर्तमानसम्म विभिन्न स्रष्टाले विभिन्न धारा तथा प्रवृत्तिमा रहेर उपन्यास लेख्दै आएका छन् । साथै ती स्रष्टाहरूले नेपाली साहित्यका सन्दर्भमा उपन्यास विधालाई लोकप्रिय बनाएको पाइन्छ ।

लुम्बिनी अञ्चल गुल्मी जिल्लाअन्तर्गत रिडी बजारको एक मध्यमवर्गीय परिवारमा वि.सं. २००५ मा जन्मेकी भागीरथी श्रेष्ठ नेपाली साहित्यको विकास प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी साधक हुन् । रिडी बजारको रिडी हाईस्कुलबाट वि.सं. २०२३ मा एस्.एल्.सी. उत्तीर्ण गरेकी श्रेष्ठले वि.सं. २०३६ मा प्राइभेट परीक्षार्थीका रूपमा सामेल भई उनले त्रिभुवन विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेकी छन् । उनको २१ वर्षको उमेर पाल्पा भैरवस्थानका दुर्गाप्रसाद श्रेष्ठसँग वैवाहिक सम्बन्ध गाँसियो । उनका श्रीमान् पनि शिक्षित र जागिरे भएका कारणले उनी नेपालका विभिन्न ठाउँमा बस्ने घुम्ने मौका पाइन् । साथै उनी पनि जागिरे भएका कारणले उनका जीवनमा आर्थिक सङ्कट त्यति परेन । उनी एक समाजसेवी, सम्पादक र शिक्षक कर्मचारीका रूपले पनि परिचित भएकी छन् ।

भागीरथी श्रेष्ठको जीवनको सबैभन्दा महत्त्वपूर्ण पाटो साहित्यिक व्यक्तित्व नै हो । उनले सर्वप्रथम वि.सं. २०२३ मा रिडी हाईस्कूलको मुखपत्र **रुरु** मा प्रकाशित 'प्रबल इच्छा' भन्ने कथाबाट उनले साहित्यिक क्षेत्रमा प्रवेश गरेकी हुन् । यस पछि उनको अविछिन्न रूपमा साहित्यिक रचना प्रकाशित भएका छन् । उनले आधा दर्जन कथासङ्ग्रहहरू प्रकाशित गरेकी छन् । त्यसैगरी विभिन्न साहित्यिक पत्रिकामा कविता,गीत,निबन्ध र बालकथाहरू लेखेको पाइन्छ । उनले दुईवटा उपन्यासहरू पनि प्रकाशित गरेकी छन् । अहिलेसम्म साहित्यका विभिन्न विधाहरूमा कलम चलाएर उनी खासगरी आख्यान विधाका कथा उपन्यासमा बढी प्रख्यात साहित्यकार हुन् । उनले आफ्ना कथा र उपन्यासमा नेपाली ग्रामीण जनजीवन मुख्य आधार बनाएको पाइन्छ । उनका कथा उपन्यासमा समाजका घटकनाहरू यथार्थ रूपले चित्रण गरिएको छ । त्यसैले उनी सामाजिक यथार्थवादी साहित्यकार हुन् । त्यसकारण श्रेष्ठ आधुनिक नेपाली साहित्यमा सामाजिक यथार्थवादी आख्यानकारका रूपमा परिचित छन् ।

उनी साहित्य व्यक्तित्वका साथै साहित्येतर व्यक्तित्व पनि हुन् । सानै उमेरदेखि लगनशील, अनुशासित दयालु र सहयोगी भावना भएकी नारी हुन् । उनले आफ्नो जीवनमा विभिन्न सामाजिक संस्थासँग आबद्ध भएर समाज सुधारमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । उनी खासगरी नारीका पक्षमा र समाजमा उपेक्षित र पीडित समुदायको हितको लागि काम गर्दछिन् । त्यसैगरी उनी सम्पादक व्यक्तित्व हुन् । उनले विभिन्न पत्रिकामा सम्पादक मण्डलको सदस्य भई काम गरेकी छन् । श्रेष्ठलाई शिक्षक तथा कर्मचारी व्यक्तित्वका रूपमा पनि चिन्न सकिन्छ । उनी शिक्षक भई विभिन्न विद्यालयमा अध्यापन गरेको पाइन्छ । त्यसैगरी उनी सामुदायिक सेवा र गाउँ विकास समितिमा कर्मचारी भई काम गरेको अनुभव छ । त्यसैले उनलाई शिक्षक कर्मचारी व्यक्तित्व पनि भन्न सकिन्छ ।

भागीरथी श्रेष्ठ साहित्येतर व्यक्तिभन्दा साहित्यिक व्यक्तित्वबाट बढी परिचित छन् । साहित्यमा पनि खासगरी आख्यान विधामा सशक्त रूपमा कलम चलाउने साहित्यकार हुन् । उनले आख्यानमा पनि उपन्यास विधामा नवीन शैली र प्रवृत्तिमार्फत् समाजलाई नियाली जीवन भोगाइका जटिल यथार्थहरूलाई प्रस्तुत गरेकी छन् । सबैभन्दा प्रभावशाली साहित्यिक विधा उपन्यासको पनि आफ्नै संरचक घटकहरू छन् । त्यसैगरी उपन्यास साहित्यमा प्रचलित प्रवृत्तिगत विशेषता  पनि छन् । उपन्यास विधामा संरचक घटकअन्तर्गत कथानक-चरित्र, विचार वा सारतत्त्व दृष्टिबिन्दु, भाषाशैलीका आधारमा र अध्ययन एवम् विश्लेषण गर्न सकिन्छ । त्यसैगरी प्रवृत्तिगत आधारमा सामाजिक, यथार्थवादी, प्रगतिशील मनोविश्लेषणात्मक, आञ्चलिकताजस्ता प्रवृत्तिमा आधारित भई विश्लेषण गर्न सकिन्छ ।

भागीरथी श्रेष्ठको पहिलो प्रकाशित औपन्यासिक कृति **मालती** (२०३४) हो । यो उपन्यास २५ परिच्छेदमा १३६ पृष्ठमा संरचित छ । यसमा नेपाली ग्रामीण समाजलाई विषयवस्तुलाई आधार बनाएर लेखिएको छ । यसमा ग्रामीण नेपाली समाजमा भए गरेका हुने घटनालाई जस्ताको तस्तै उतार्ने प्रयास भएको छ । यसमा समाजमा व्याप्त वर्गीय भेदभाव र पुरानो सामन्ती संस्कारको चित्रण पाइन्छ । यसमा गुल्मी जिल्लाको थोर्गा र आसपासको परिवेशलाई उपन्यासको कार्यपीठिका बनाइएको छ । नेपाली समाजको रहनसहन र संस्कारलाई उपन्यासमा चित्रण गरिएका छन् । मालती र रामुजस्ता मातृविहीन बालबालिकालाई पुतलीजस्ता सौतेनी आमाले गरेको अन्याय र अत्याचार यसमा देखिन्छ । माधव र मालतीबीच अन्तरजातीय विवाहले उपन्यासलाई प्रगतिशील बनाएको छ । त्यसैगरी नारायणदत्तजस्तो शोषक सामन्ती प्रवृत्तिको पात्रलाई हरिजस्तो निम्नवर्गीय पात्रले कुटपिट गरेको घटना यसरी उपन्यासमा यस घटनाले शोषक र सामन्तीको पराजय निम्नवर्गीय सर्वहारा वर्गको विजयले पनि उपन्यास प्रगतितर्फ उन्मुख भएको देखिन्छ । उपन्यासमा प्रवासी नेपालीका दुःख पीडालाई चित्रण गरिएको छ । विदेशमा गएर नेपालीले के-कस्तो दुःख पाउँछन् भन्ने कुरा उपन्यासमा छर्लङ्ग देखिन्छ । उपन्यासमा समीरजस्ता भारतीय गुण्डाले मालतीजस्ता सोभ्रा नारीलाई अपरहण र बलात्कार गरेको घटना छ । उपन्यासमा मालतीले आफ्नो जन्मभूमिलाई असाध्यै माया गरेको घटना छ । त्यसैले उसले आफ्ना दुई छोरालाई छाडेर आफ्नो जन्मभूमिमा गएको घटना छ । मालती उपन्यासकी प्रमुख पात्र  हो । उसकै नामबाट उपन्यासको नामकरण गरिएको छ । त्यसैगरी समीर र माधव उपन्यासका सहायक पात्र हुन् । रामु, चमेली, पुलती, हरि, नारायणदत्त, भाष्कर, रवि, रीता, लक्ष्मी, अनिल, सुनिल, अध्यापिका गुण्डाहरू, बाटोमा हिँड्ने बटुवा आदि गौण पात्र छन् । यी पात्रका भूमिका उपन्यासमा आ-आफ्नै छन् । उपन्यासमा वि.सं. २०३४ वरिपरिको सामाजिक सांस्कृतिक र राजनैतिक परिवेश आन्तरिक पर्यावरण वा परिवेशका रूपमा आएको छ । त्यसैगरी गुल्मी जिल्लाको पहाडी ग्रामीण इलाकामा पर्ने थोर्गा, रिडी र त्यहाँका उकाली, ओरालीजस्ता ठाउँ र विदेशका कलकत्ता, नैनीताल, पञ्जाबजस्ता ठाउँ उपन्यासमा बाह्य परिवेशका रूपमा आएका छन् । उपन्यासमा घटनाको शृङ्खलाले गर्दा पाठकमा कौतूहल सिर्जना गराएको छ । त्यसै पात्र-पात्रबीच, समाज र पात्र बीचका द्वन्द्वले उपन्यासलाई थप रोचक बनाएको छ । उपन्यासमा भाषाशैलीका दृष्टिले सरल र सहज भाषाशैलीको प्रयोग छ । उपन्यासमा उखान टुक्का तत्सम शब्द आगन्तुक र तद्भव शब्दको प्रयोग छ । उपन्यासमा वाक्यगठन, शब्द चयनमा केही त्रुटी पाइन्छ । यो उपन्यास वृत्ताकारीय ढाँचामा लेखिए पनि पहिलो परिच्छेद बाहेक अन्य परिच्छेदको घटनाक्रमहरू मिलेको  पाइन्छ । यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग बढी मात्रामा भएको छ ।

श्रेष्ठको **मालती** उपन्यासलाई प्रवृत्तिगत विशेषताले हेर्दा यसमा साहित्यमा प्रचलित विभिन्न किसिमका प्रवृत्तिहरू पाइन्छन् । उपन्यासमा सामाजिक विषयवस्तुका घटनालाई समेटेर लेखिएको हुनाले यो सामाजिक उपन्यास हो । त्यसैगरी यस उपन्यासमा नेपाली समाजका घटना पात्र र परिवेशलाई उपन्यासमा जस्ताको तस्तै उतार्ने प्रयास भएकाले यो यथार्थवादी उपन्यास हो । यसमा निम्नवर्गीय पात्रको बढी मात्रामा प्रयोग गरिएको हुनाले र पुरानो सामन्ती संस्कारलाई चुनौती दिनुका साथै शोषक र सामन्ती वर्गबीचको द्वन्द्वले उपन्यास प्रगतिशील बनेको छ । उपन्यासमा नारी पात्रलाई मुख्य पात्र र उनका समस्या र पीडालाई प्रमुखता साथ उठाइएको हुनाले उपन्यास नारीवादी बनेको छ । त्यसैगरी उपन्यासमा स्थानीय परिवेशलाई समेटिएको हुनाले यसलाई आञ्चलिक उपन्यास पनि भन्न सकिन्छ ।

भागीरथी श्रेष्ठको दोस्रो औपन्यासिक कृति **यस्तो एउटा आकाश** (२०४६) हो । यो उपन्यास १२ परिच्छेद ८७ पृष्ठमा संरचित छ । यसमा पनि **मालती** उपन्यासमा जस्तै नेपाली ग्रामीण विषयवस्तुलाई आधार बनाइएको छ । यसमा ग्रामीण समाजको एउटा सानो परिवेशको घटनालाई समेटिएको छ । यसमा सुधा र सुमनजस्ता विवाहित पति पत्नी बीच भएका क्रियाकलापलाई मुख्य विषयवस्तु बनाइएको छ । यसमा सुमन विवाह गरी परस्त्रीसँग अवैध सम्बन्ध राखेको त्यो घटना सुधाले प्रत्यक्ष रूपमा देख्दछे । त्यसपछि सुधा र सुमनबीच सम्बन्ध टाढिन्छ । पछि आरती भन्ने पात्र जसको सुमनसँग अवैध सम्बन्ध थियो,त्यसको विवाह अर्को व्यक्तिसँग भएपछि सुधा र सुमनबीच पुनः सम्बन्ध स्थापित भएको कथावस्तु उपन्यासमा छ । उपन्यासमा सुधा र सुमन प्रमुख पात्र हुन् । त्यसैगरी आरती, सरस्वती सहायक पात्र हुन् । उपन्यासमा चम्पा, रीता, राधा, राजेश, लक्ष्मी, झरना, सृजन, हरि, मदन, सुधाकी मधु आदि पात्र छन् । उपन्यासमा प्रयोग भएका मुख्य, सहायक, र गौण पात्रको भूमिका आ-आफ्नै किमिसका छन् । उपन्यासमा यी पात्र-पात्रबीचको संवादको प्रयोग भएको छ । उपन्यासमा सरल र सहज वर्णनात्मक भाषाशैलीको प्रयोग भएको छ । मालती उपन्यासमा भन्दा यसमा परिष्कृत र परिमार्जित भाषाशैलीको प्रयोग भएको छ । उपन्यासमा पात्र र पात्राबीच आन्तरिक र बाह्य द्वन्द्वले उपन्यासलाई रोचक बनाएको छ । उपन्यासमा कथावस्तु र पात्रअनुसारको आन्तरिक र बाह्य परिवेश प्रयोग भएको छ । यसमा २०४६ साल वरिपरिको सामाजिक, सांस्कृतिक, राजनैतिक र परिवेश पाइन्छ । त्यसैगरी गुल्मी र पाल्पा जिल्ला ग्रामीण र सहरिया परिवेश बाह्य परिवेशका रूपमा आएका छन् । यसमा नारी मानसिक पीडा, दुःखलाई कुशलतापूर्वक विश्लेषण गरिएका उपन्यास मनोविश्लेषण बनेको छ । यसमा समाजका यथार्थलाई घटनालाई जस्ताको तस्तै उतारिएको छ । उपन्यासमा सुमनजस्ता श्रीमान्ले विवाह गरेर श्रीमतीलाई घरमा छाडेर बाहिर जान्छन् । ती श्रीमान्ले परस्त्रीसंग अवैध सम्बन्ध राख्नेदेखि लिएर अन्य

कुलतमा कसरी जान्छन् भन्ने यथार्थ घटना उपन्यासामा देख्नसकिन्छ । उपन्यासमा घटनाको कार्यकरण शृङ्खला मिलेको हुनाले पाठकलाई कौतूहल जगाएर उपन्यास रोचक बनेको छ । उपन्यासमा बढी मात्रामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

श्रेष्ठको **यस्तो एउटा आकाश** (२०४६) उपन्यासलाई औपन्यासिक प्रवृत्तिगत तरिकाले पनि विश्लेषण गरिएको छ । यो उपन्यासका घटनाहरू सामाजिक विषयवस्तुमा आधारित भएकाले उपन्यास सामाजिक बनेको छ । त्यसैगरी यस उपन्यासमा प्रयोग भएका घटना पात्र र परिवेश सबै नेपाली समाजसँग मिल्ने हुनाले तिनलाई जस्ताको तस्तै उतार्ने प्रयास भएको छ । त्यसैले उपन्यास सामाजिक यथार्थवादी छ । त्यसैगरी उपन्यासमा नारीका पीडा वेदनामा दुःख कष्टलाई जस्ताको तस्तै चित्रण गरिएकोले उपन्यास नारीवादी बनेको छ । उपन्यासमा भएको विषयवस्तुलाई पात्रका मानसिक स्तरमा मनोवैज्ञानिक ढङ्गले व्याख्या विश्लेषण गरिएको हुनाले उपन्यास मनोविश्लेषणात्मक छ । उपन्यासमा स्थानीय परिवेशलाई समुचित ढङ्गले प्रयोग गरिएको हुनाले उपन्यासमा आञ्चलिक परिवेश पाइन्छ ।

**भागीरथी श्रेष्ठको उपन्यासकारिता** शीर्षकको शोधपत्रको बुँदागत निष्कर्ष यसप्रकार रहेको छ

- भागीरथी श्रेष्ठ नेपाली साहित्यमा कथा उपन्यास, कविता, निबन्ध विधामा कलम चलाएकी छन् । उनले साहित्यका यी चारवटा विधामा कलम चलाए पनि उनी आख्यान विधाकी सशक्त साहित्यकार हुन् ।
- श्रेष्ठले आख्यान विधाको उप विधा उपन्यास विधामा सामाजिक यथार्थवादी कित्तामा आफ्नो गर्विलो स्थान निर्माण गर्न सफल भएकी छन् ।
- श्रेष्ठले आफ्ना उपन्यासमार्फत् नेपाली समाजमा भए गरेका घटना र हुने घटनालाई यथार्थ रूपमा चित्रण गरेकी छन् ।
- श्रेष्ठका उपन्यासमा समाजमा विद्यमान अन्याय, अत्याचार शोषण र दमनको अन्त्यको लागि शोषित र पीडित वर्ग नै सचेत भएर आफ्नो हक अधिकार प्राप्त गर्नु पर्दछ भन्ने सन्देश पाइन्छ । त्यसैगरी समाजको पुरानो सामन्ती संस्कारलाई छाडेर नयाँ विचार नयाँ संस्कार थालनी गरी समाज परिवर्तन गर्नुपर्छ भन्ने विचार उनका उपन्यासमा पाइन्छ ।
- श्रेष्ठका उपन्यासमा नारीका दुःख, पीडा, कष्ट र उनीहरूमाथि गरिएको अन्याय, अत्याचार र बलत्कार जस्ता घृणित विषयवस्तुलाई उपन्यासमा चित्रण गरेकी छन् । साथै नारीका मानसिक स्तरमा चल्ने उतार-चढावलाई मनोविश्लेषणात्मक ढङ्गले विश्लेषण गरिएको छ ।

- श्रेष्ठका उपन्यासमा विषयवस्तुलाई फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्तअनुसार चेतन र अचेतन मन तथा परपीडन स्वपीडनलाई समेट्ने गरी पात्र-पात्रबीच द्वन्द्व पाइन्छ ।
- श्रेष्ठले आफ्ना उपन्यासमा स्थानीय परिवेश, सरल सहज भाषा र वर्णनात्मक शैलीको प्रयोग गरेकी छन् ।
- यसरी श्रेष्ठले आफ्ना उपन्यासमा सामाजिक यथार्थका वस्तुलाई आधार बनाएर उनले **मालती** र **यस्तो एउटा आकाश** उपन्यास लेख्नु उनको उपन्यासकारिताको उच्चतम् प्राप्ति र सफलता हो ।

प्रस्तुत शोधपत्र उपन्यासकार भागीरथी श्रेष्ठको उपन्यासकारितामा केन्द्रित छ । भविष्यमा उनका औपन्यासिक कृतिहरूका विविध पक्षलाई केलाएर शोध गर्न चाहने इच्छुक व्यक्तिले निम्नलिखित शीर्षकमा शोध गर्न सक्नेछन् :

(क) भागीरथी श्रेष्ठका उपन्यासमा सामाजिक यथार्थता ।

(ख) पात्र चयनका दृष्टिले भागीरथी श्रेष्ठका उपन्यासहरू ।

(ग) परिवेश विधानका दृष्टिले मालती उपन्यास ।

(घ) **यस्तो एउटा आकाश** उपन्यासको कृतिपरक अध्ययन ।

# सन्दर्भसामग्री सूची

## क) **पुस्तकहरू**


- नेपाल प्रज्ञा प्रतिष्ठान, (२०४०), **नेपाली बृहत् शब्दकोश** काठमाडौं :।
- प्रधान, कृष्णचन्द्रसिंह (२०६१), **नेपाली उपन्यास र उपन्यासकार**, काठमाडौंः साझा प्रकाशन ।
- प्रधान, प्रतापचन्द (२०४०), **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि**, दार्जलिङः दीपा प्रकाशन ।
- बराल, कृष्णहरि र एटम, नेत्र (२०५८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, काठमाडौंः साझा प्रकाशन ।
- बराल, ऋषिराज (२०६३), **उपन्यासको सौन्दर्यशास्त्र,** काठमाडौं : साझा प्रकाशन ।
- राई, इन्द्रबहादुर (२०५८), **नेपाली उपन्यासका आधारहरू**, काठमाडौं : साझा प्रकाशन ।
- शर्मा, पौड्याल, हिरामणि (२०४९), **समालोचनाको बाटो**,
- शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६१), **पूर्वीय र पाश्चात्य साहित्य, सिद्धान्त**, काठमाडौंः विद्यार्थी प्रकाशन ।
- ........... (२०६२), **शोधविधि,** तेस्रो संस्करण, काठमाडौंः साझा प्रकाशन ।
- श्रेष्ठ, भागीरथी (२०३४) **मालती**, भैरहवा, दुर्गाप्रसाद श्रेष्ठ, जुनकिरी ट्रेडिङ्ग सेन्टर ।
- ........... (२०४६), **यस्तो एउटा आकाश**, काठमाडौंः नेपाल प्रज्ञा-प्रतिष्ठान ।
- सुवेदी, राजेन्द्र (२०६१), **समालोचना परम्परा र प्रवृत्ति**, काठमाडौंः साझा प्रकाशन
- ........... (२०६४), **नेपाली उपन्यास, परम्परा र प्रवृत्ति** दोस्रो संस्करण, काठमाडौंः साझा प्रकाशन ।


## **ख) शोधग्रन्थ**


- गौतम, हेमकुमार, (२०५१), **भागीरथी श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्त्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौंः नेपाली केन्द्रीय विभाग ।
- थापा, शान्तिकुमारी, (२०६६), **ऋषिराज बरालको उपन्यासकारिता**, अप्रकाशित स्नाकोत्तर शोधपत्र, काठमाडौंः नेपाली केन्द्रीय विभाग ।

## ग) पत्र-पत्रिका


- प्रधान, परशुराम (२०४७) "केही क्षण केही अनुहार" **अभिव्यक्ति,** (वर्ष २२, पूर्णाङ्क ६५, अङ्क ७), पृ.३३ ।
- पाण्डे, सीता (२०४७) "यस्तो एउटा आकाशभित्र भागीरथी श्रेष्ठ" **अभिव्यक्ति,** (वर्ष २२, पूर्णाङ्कः ६२, शरद अङ्क २०४७), पृ.३१ ।
- ................, (२०४७) "भागीरथी श्रेष्ठ र यस्तो एउटा आकाश" **नवरस**,(वर्ष ८, अङ्क ३८, भाद्र), पृ.८१०
- पौड्याल, नारायणप्रसाद (२०६४) "आधुनिक नेपाली उपन्यासः मोड र प्रवृत्ति" **कुञ्जिनी** (वर्ष १५, अङ्क १२), पृ.१८९ ।
- भट्टराई, घटराज (२०४७) "यस्तो एउटा आकाश नारी मानसिकताको सुन्दर नमूना", **साप्ताहिक विमर्श**, (वर्ष १९, अङ्क ५०), पृष्ठ ५ ।
- भट्टराई, रामचन्द्र (सन् १९७७) "मालती सामाजिक उपन्यास", **समीक्षा,** (वर्ष १८, अङ्क १०) पृ.१० ।
- शर्मा, तारानाथ (२०४७) "नारीहृदयको आकाश", **मधुपर्क,** (वर्ष २३, पूर्णाङ्क१७५, अङ्क ६), पृ. ४१ ।
- श्रेष्ठ, दुर्गाप्रसाद (२०३४) "मालती पुस्तक परिचय" **सुरमा सरोवर साप्ताहिक,** (वर्ष १ अङ्क २७), पृ. १५ ।
- .............,(२०३४) "नयाँकृति मालती", **गोरखापत्र,** (वर्ष १०, अङ्क १८), पृ.१५ ।
- श्रेष्ठ, सानुराज (२०४८) "यस्तो एउटा आकाशलाई नियाल्दा", **महिमा,** (वर्ष ९, अङ्क ४७), पृ. २ ।
- सान्दाइ (२०३९) "सरसरती हेर्दा" **हाम्रो पुरुषार्थ,** (वर्ष ९, अङ्क १२), पृ. ११५ ।